साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ९०, कार्तिक–पुस २०७७

(प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत साहित्यिक पत्रिका)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
भक्त कार्की

**सहायक सम्पादक**
समीर पाख्रिन
बाबुराम लम्साल

**व्यवस्थापक**
गणेशराज रिजाल

**आवरण**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
इमेज प्रिन्टर्स
चावहिल, काठमाडौं

**सहयात्री**
विश्वराज अधिकारी
राममणि दुवाडी
दामोदर पुडासैनी 'किशोर'
गोपाल अश्क
रमेश समर्थन
माधव गौतम
डा.पुष्कर भट्ट
वसन्तराज अज्ञात
गगनदीप सर्व
रश्मि असफल
भवानी तावा
लक्ष्मी श्रेष्ठ
हेमसागर पोखरेल
रबेन्द्र 'रवि'
राममणि पोखरेल
नन्दलाल आचार्य
इन्द्रकुमार श्रेष्ठ
रेणु गुप्ता
सुनिल कुमार
रामनिवास गुप्ता
हरिदेव खरेल
केशव रूपाखेती
मिलन समीर
रमेश कडेल
दिनेश गुप्ता

मूल्य : ७५/-

कार्यालयः स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, प्रदेश-२, नेपाल
फोन नं.: ९८५५०२४९५५, काठमाडौं सम्पर्क : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com

# नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी,ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. निर्दोषकुमार, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौँ १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. प्रदीप प्रधान, रुपन्देही ६३. सीताराम उप्रेती, झापा ६४. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६५. कृष्ण खड्का, धादिङ ६६. मोहन दुवाल, काभ्रे ६७. रश्मी असफल, झापा ६८. समीर पाख्रिन, बारा ६९. प्रभात सापकोटा, काभ्रे ७०. विजय मैनाली, बारा ७१. राधेश्याम शिवाकोटी, बारा ७२. मुना भट्टराई, बारा ७३. बैकुण्ठ नेपाल, बारा ७४. ईश्वरराज लोहनी, धादिङ ७५. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७६. मनदेवी तण्डुकार, ललितपुर ७७. छायादत्त न्यौपाने, पर्वत ७८. दुर्गा रिमाल, काठमाडौँ ७९. भक्तबहादुर नेपाली, ललितपुर, ८०. खिमानन्द पोखरेल, गुल्मी, ८१. रञ्जुश्री पराजुली, काठमाडौँ, ८२. नन्दु उप्रेती, इलाम, ८३. समन श्रेष्ठ, काठमाडौँ,८४.गोपाल बराल काठमाडौ, ८५.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८६.आरएम डंगोल नुवाकोट,८७. रामराज ज्ञवाली पाल्पा

## सम्पादकीय

समयले २०७७ मङ्सिरको पहिलो साता टेकिसक्दा पनि हामी कोभिड १९ कै फन्दामा छौँ । झण्डै एक वर्षदेखि यो महामारीबाट उम्कन सकिरहेका छैनौँ । कहिलेसम्म यस्तो अवस्था रहिरहला ? आँकलन गर्न सकिने स्थिति समेत छैन ।

अघिल्लो वर्ष डिसेम्बरबाट प्रारम्भ भएको प्रकोप यो वर्षको नोभेम्बरमा आइपुग्दा पनि कम हुनुको साटो बढिरहेछ । कहिलेसम्म बढिरहला त ? अथवा अन्त्य कहिले र कसरी होला ? ठोकुवा गर्न सकिने परिवेश छैन । परिस्थिति आत्मसात गरेर बढ्नु नै आजको आवश्यकता हो भन्न र बुझ्न सकिन्छ ।

यसलाई आत्मसात गर्दै वर्तमानलाई कसरी वशमा पार्न सकिन्छ ? त्यसको मूल्याङ्कन गरी बाटाहरू तय गर्नु सबैको कर्तव्य हो । तर हामी त्यता जान सकेका छौँ त ? सोच्नु र मनन गर्नु आवश्यक छ । घना चिन्तनका साथ अगाडि बढ्दा धेरैभन्दा धेरै अप्ठेरा र असहजताबाट पार पाउन सकिनेमा शङ्का छैन ।

हाम्रा सुझबुझकै कारण घर, परिवार, छिमेक, टोल, समाज, गाउँ र देशले सहज गतिमा हिंड्ने आधारशीला तयार हुने हुन् । सबैतिर पृथक वा अलग अस्तित्व खोज्न थालिए त्यो बिलकुल सम्भव छैन । त्यता ध्यान बिस्तार हुनु आवश्यक छ । यसले हामीलाई यथार्थको पाटोबाट हिंडाएर वास्तविक धरातलमा पुऱ्याउन मद्दत गर्न सक्छ ।

सारा विश्वलाई वशमा पार्न सदैव प्रयासरत शक्तिशालीदेखि विकासको बाटोमा छिटोछिटो हिंडिरहेका देशहरू समेत कोभिडले त्रसित र ग्रसित छन् । यो अवस्थामा हाम्रो जस्तो प्रगति पथमा पछि रहेको देश प्रभावित नहुने कुरै भएन । तसर्थ यसबाट बच्न हामीले विशेष सतर्क र चनाखो हुनु आवश्यक छ ।

हाम्रा आकाङ्क्षा र अभिलाषा ठुला छन् तर देशमा स्रोत र साधनको कमी छ । प्रजातन्त्र आएको ७० वर्ष नाघी सक्दा पनि विकास निर्माणले गति लिन सकिरहेका छैनन् । किन ? उत्तर खोजेर सच्याउने र सच्चिने बेला पनि आईसकेको छ । तर हाम्रा मस्तिष्क यता जान सकिरहेका छैनन् ।

हामीमा दोष अर्काको टाउकोमा थुपारेर पन्छिने प्रवृति हावी छ । म हिंडेको बाटो र बोकेको सोचमा पनि कमी कमजोरी छन् कि ? त्यता जानै सकिरहेका छैनौँ । अर्कोमा दोष थुपारेर आफू पन्छिने र उम्कने क्रमले निरन्तरता पाईरहेछ । हाम्रा शासकहरू बदलिए पनि व्यवहारहरू फेरिन सकेको छैनन् ।

प्रवृति र सोचकै कारण हामी अगाडिको साटो पछाडि धकेलिई रहेछौँ । पछाडिको बाटो पश्च गमन हो । तसर्थ सच्चिएर हिंड्ने बाटा र पुग्ने ठाउँ निर्क्योल गर्नु आवश्यक छ । नभए भुलभुलैयाले सधैँ समाहित गरिरन्छ । त्यो जीवनको सकारात्मक र यथार्थ पाटो कहिल्यै पनि हुन सक्दैन ।

निसन्देह कोभिड ठुलो समस्या हो । कसैले इन्कार गर्न सक्दैन । यसले सबैतिर नकारात्मक प्रभाव पारिरहेछ ।

यो सत्यलाई नकार्न सकिँदैन । कुनै क्षेत्रलाई अछुतो छाडेको छैन । सानो ठुलाको भेदभाव नगर्ने यसको ब्याप्ती सबैतिर छरपस्ट छ । यसको कुदृष्टिकै कारण लाखौँले ज्यान गुमाएका छन् । त्यो क्रम निरन्तर चलिरहेछ । करोडौ दु :खको महाजालमा पौडिईरहेछन् । भोक भोकै रहेकाहरूको सङ्ख्या पनि सानो छैन ।

यो महामारीबाट हामी अझ धेरै पीडित छौँ । अभाव र अप्राप्तीमा बाँच्न विवश हामी माझ यो ठुलो दुख बोकेर आएको छ । हजारभन्दा बढी नेपालीहरूको ज्यान गुमी सकेको छ । अझै कतिलाई रूवाउने हो थाहा छैन । अन्त्यको कामना सबैतिरबाट भएपनि यसले सुनिरहेको छैन । त्यसो त हामी पनि कामना भन्दा बढी केही गर्न सक्ने अवस्थामा छैनौँ ।

क्रुरता पूर्वक संसारलाई डसिरहेको यो महामशानलाई परास्त नगरेसम्म हाम्रो मात्र होईन सिङ्गो मानव जातिकै भलाई असम्भव छ । यसका विरूध्द आजसम्म भए गरेका प्रयास कामयावी हुन नसकेको यथार्थ हो । तर पनि मान्छेहहरू निरन्तर अगाडिको बाटो हिँडिरहेका छन् ।

एकवर्ष अघि सुरू भएको यसका विरूध्द नियन्त्रणका प्रयासहरू जारी छन् । विभिन्न कोणबाट काम भईरहेछ । तर पनि आजसम्मका प्रयास सार्थक हुन सकिरहेका छैनन् । हामी सबैको अघि त्यो पक्कै सार्थक परिणाम लिएर आउने छ यसमा कुनै दुविधा वा शङ्का छैन । हामीले सफलता चुमेको दिन त्यो निसन्देह भाग्ने छ ।

अनुसन्धान वा खोजकर्ताका प्रयास जारीरहेका समाचार आईरहेछन् । विशेषज्ञहरूका प्रयत्न सफलताका नजिक पुगेका खबरले भविश्यमा ठोस सफलता पाइने आशाले धेरैलाई उत्साहित तुल्याई रहेछ । तर पनि बजारमा औषधी नआउँदासम्म बाँच्ने चुनौती हाम्रा अगाडि छन् । त्यसबाट मुक्ति पाउन आफ्नो तर्फबाट सजगता अपनाउनु हाम्रो मुख्य जिम्मेवारी हो ।

कुनै पनि समस्याबाट डराउनु वा भाग्नु त्यसको समाधान होईन । डराई वा भगाईले समस्यालाई ज्युँकात्युँ बचाई मात्र राख्छ । तसर्थ परास्त गर्नु वा सदाका निम्ति हटाउनु समाधानतिर अग्रसर बन्नु हो । योसँग डराएर नभै मुकाविला गरेर हामीले पार पाउन सक्छौँ । यतातिर सोचौँ यसैमा हाम्रो कल्याण छ ।

हरेक काममा कर्मबाट भागेर नभै सरिक बनेर सफलता पाउन सकिन्छ । यसको अर्को विकल्प पनि छैन । तर कर्मगर्दा पर्याप्त सुरक्षा सतर्कता अपनाउनु जरूरी छ । त्यसो नगरिए पहिलो क्षती हामीलाई नै हुन्छ । यसर्थ सबैले सचेत रही सुरक्षा सतर्कता अपनाउँदा बाँच्न र बचाउन सुगम हुन्छ ।

वर्तमानमा हाम्रा सोच यतातिर पर्याप्त मात्रामा नपुगेको हो कि भनेर आशङ्का गर्ने ठाउँ विद्यमान देखिन्छन् । यसले दिने लाभ नभै हानी मात्र हो । तसर्थ यतातिर गहिरिएर सोच्नु र अगाडिका बाटा तय गर्नु आवश्यक छ । हामी सबैको ध्यान बेलैमा त्यता जाने हो भने यसलाई सजिलै परास्त गर्न सकिन्छ । यसकारण पर्याप्त सुरक्षा सतर्कता अपनाएर मात्र आआफ्ना कर्ममा लागौँ यसैमा हामी सबैको कल्याण छ ।

# बारागढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खोपवा, बारा



देवदत बछार थारु
अध्यक्ष

# हार्दिक अपिल

२०७७ सालको विजया दशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा सम्पूर्ण गाउँवासीहरूमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ! साथै कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट बच्न बचाउन सचेत भई आफ्नो स्वास्थ्य स्थितिबारे चनाखो हुन, नियमित सफाईमा ध्यान दिन, भीडभाड जमघट हुने विविध कार्यक्रममा सहभागी नहुन, रूघाखोकी ज्वरोको संक्रमण देखिएमा तुरून्त स्वास्थ्य संस्थामा परीक्षण गराउन हुन सम्पूर्ण गाउँवासीमा हार्दिक अपिल गर्दछौं ।

## कोरोना भाइरसबाट बच्ने उपायहरु




ज्वरो आएमा, खोकि लागेमा वा श्वाश फेर्न गाह्रो भएमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने



# रचनाक्रम


- **संवाद/नाटक**
  - निर्मल बर्मा/७
  - खिमानन्द पोखरेल/१४
- **संस्मरण/नियात्रा**
  - डिल्लीराज अर्याल/१७
  - रामप्रसाद अधिकारी/२१
  - रञ्जुश्री पराजुली/२९
  - विनोद नेपाल/३२
- **निबन्ध/व्यङ्ग्य**
  - नन्दलाल आचार्य/३६
  - पुण्य कार्की/४१
  - हरिमोहन झा/४४
- **कथा/लघुकथा**
  - सुनील कुमार/५०
  - सीताराम उप्रेती/५४
  - अरुणकुमार खत्री 'नदी'/५५
- **कविता/गजल/गीत/मुक्तक**
  - प्रेम ओझा/ १३
  - धीरकुमार श्रेष्ठ/३५
  - इन्द्रकुमार श्रेष्ठ/४९
  - मेघराज पौडेल/५६
  - मिलन समीर/५७
  - लक्ष्मी जोशी श्रेष्ठ/५८
  - नारायण लामा 'अविरल यात्री'/५९
  - सञ्जय सुदामा/६०
  - भोला चौलागाईं/६०
  - जंगबहादुर यादव/६१
  - माधवप्रसाद गौतम/६२
  - अर्जुनप्रसाद गुप्ता 'दर्दिला'/६३
  - सगर वीर कडारी/६३
  - रबेन्द्र 'रवि'/६४
  - शम्भु 'श्री'/६४
  - दिनेश गुप्ता /६५
  - दीपेन्द्रसिंह थापा/६५
- **समालोचना/कृति समीक्षा**
  - गोपाल अस्क/६६
  - बाबुराम लम्साल/७२
  - प्रदीप सापकोटा/७४
- **शब्दचित्र**
  - राजेश मानन्धर/८०

# निर्मल बर्मा



निर्मल बर्माको जन्म १९२९ मा शिमलामा भएको थियो । दिल्लीको सेन्ट एस्टिफेन्स कलेजमा इतिहासमा उनले एम.ए. गरेका थिए । केही वर्ष उनले अध्यापनको काम गरेका थिए । उनी १९७९ देखि सात वर्षसम्म चेकोस्लोभाकियामा बसे, त्यहिको जीवनलाई आधार बनाएर हिन्दीमा केही कथा लेखे । त्यहाँका सर्बश्रेष्ठ साहित्यकारहरूका कथाहरू हिन्दीमा अनुवाद गरे । उनी "इण्डियन इन्स्टिच्यूट अफ एडभान्स स्टडिज" शिमलामा अगुवा रहे । मिथक चेतनाको विशेष अध्ययन गरे । इन्टरनेशनल राइटिङ कार्यक्रममा आयोवा बने । निराला सिर्जन भोपाल तथा यस पाल सिर्जनपीठ, शिम्लाको अध्यक्ष पदमा बसेर काम गरे । बर्माले हिन्दी कथा र उपन्यासमा नयाँ भावुकता ल्याउने स्तुत्य कर्म गरे । भारतीय पाठक भन्दछन् । परिन्दे, जलतीझाडी, पिछली गर्मियौ मे, कर्तव्य र काला पानी, बीच बहसमे, सुखा आदि निर्मल बर्माका प्रमुख कहानी संग्रह हुन् ।

वेदिन, लालटिनकी छत, एक चिथडा सुख, रातका रिपोर्टर, अन्तिम अरण्य आदि उनका उपन्यास छन् । संस्मरण, यात्रा बृत्तान्त, निबन्ध, समिक्षा, नाटक आदि विधाहरूमा पनि उनले केहिं कृति लेखे । साहित्य एकादमी साधन र राममनोहर लोहिया पुरस्कारले सम्मानित भए । १९९९ मा उनी ज्ञान पीठ पुरस्कारबाट पनि सम्मानित भए ।

(भारतीय भाषाओँ के पुरस्कृत साहित्य (ज्ञानपिठ) पुरस्कार से सम्मानित कृतिकारौँ से सिर्जन सम्वाद नामक कृतिबाट यसलाई राममणि पो खरेलले नेपालीमा अनुवाद गरेका हुन्......सम्पादक)

**० तपाईका अधिकांश उपन्यास, कथाको मूल विषय एक्लोपन नै किन ? बातचितमा तपाईले भन्नु भयो एक्लोपन मेरो इच्छाएको विषय हो ? के तपाईका पात्र प्रति एक्लोपनको प्रतिविम्व छ त ?**

— पात्रहरूको एक्लोपन मेरा विभिन्न कथामा फरक फरक छ । यिनीहरूको एक्लोपनको बारेमा कुनै सामान्यकृत अवधारणा बनाउन सकिदैन । पात्रहरूको एक्लोपन, लेखकको अन्तरंग जीवनबाट अलग हुन सक्दैन । एक हदसम्म लेखक यी पात्रहरूलाई जित्ने गर्छ ।

तर त्यसपछि पात्रहरू आफै आफ्नो दिशा खोज्दछन् । उनीहरूको कल्पनाले उनीहरूलाई वहलाउदछ । लेखक एक व्यक्ति हो । जबकी पात्र धेरै हुने गर्दछन् । प्रत्येक पात्र आफ्नो जीवन बाँच्दछ । लेखक आफ्ना कल्पना शक्तिको बलमा पात्रहरूको अन्तस्तललाई भेदन गर्दै तिनीहरूको प्रत्यक्षीकरण गर्नमा समर्थ हुन्छ ।

यस कारण नै म अज्ञेयलाई महान कथाकारका रूपमा मान्दिन किनकि उनी आत्मकेन्द्रित थिए । आत्मकेन्द्रित व्यक्ति कवि हुन्छ तर कथाकार हुन सक्तैन ।

एक्लोपन अलग अलग प्रकारका हुन्छन् । त्यसको विभिन्न रूपलाई चिन्न सक्नुपर्दछ । एक्लो त प्रत्येक व्यक्ति हुन्छ । आफ्नो दिनचर्यामा पनि हेरौ त, तपाई ज्यादा समय एक्लै पर्नुहुन्छ । यो भन्नु गलत हो कि, म एक्लोपनलाई नै आधार बनाएर कथा लेख्दछु । म त सामान्य व्यक्तिको जस्तै कथा लेख्दछु । उच्च वर्गको होइन ।

**० तपाईका कैयौ पात्र जस्तो जानी बुझिकन एक्लै जिउँदछन्, यस्तो किन ?**

- यस्तो अवश्य होइन । स्मृति खण्डमा लानु त मेरो एक शैलीको भाग हो । मेरो आफ्नो दृष्टिमा बस्तुलाई हेर्ने जसमा म आफ्नो र दुनियाको बीच सम्बन्ध बसाउन चाहन्छु । कुरा रहयो एक्लोपनको यो भनौ कि, एक दिनका पाहुना कथामा एक्लै टुट्नु पुरूष पात्रको बाध्यता हो । कथामा उस्की पत्नी पनि ऊबाट टाढा बस्न चाहन्न । तर यो एक विवशता हो, जुन पारिवारिक स्थितिमा उ ब्यक्ति बाँचेको छ । त्यस्तो कुनै विकल्प देखिदैन । जब लेखक विकल्पहिनता प्रस्तुत गर्दछ, कलाको सत्य पनि उजागर हुन्छ । मेरा कहानीमा एक्लोपनासँग जुध्दै गरेका पात्रहरू छन्, ती पात्रहरू मुक्तीको कोसिस गर्दै अधि बढछन् । एक्लोपनको चित्रण मात्र मेरो कथाको उद्देश्य भने अवस्य होइन ।

**० हिन्दीमा वर्तमान आलोचनाको बारेमा तपाईको विचार के हो ?**

- मलाई आलोचनात्मक निबन्ध पढन सबभन्दा बढी रूचि लाग्दछ । आलोचनामा कविता र उपन्यासबाट समान रस प्राप्त हुन्छ । आलोचना बौद्धिक रसको स्वाद हो । राम्रो आलोचनाले रस पर्खाइमा स्वाद दिन्छ ।

तर हिन्दीमा राम्रो समालोचनाको अभाव देखिन्छ । कविता र उपन्यास लेखनमा जुन विकास भएको छ, समालोचनामा त्यस स्तरको विकास भएको छैन । काम हुन पर्ने हो ।

**० तपाईको मन परेका लेखक को हुनुहुन्छ ?**

- रचनाकार रेणु मेरो प्रिय लेखक हुन् । रेणुका पात्रहरू सबै आफूमा अलग अलग छन् । उनको विशिष्टताको कारण म उनलाई पढन मन पराउँदछु ।

**० तपाईले आत्मकथा अहिलेसम्म लेख्नु भएन, कुनै योजना छ, लेखने के दुशरी दुनियामा तपाईको जीवनका कुनै प्रभावकारी घटना छैनन ?**

- हो, मैले आज सम्म आत्मकथा लेखिन । वास्तवमा मैले आफूलाई कथामा, यति बढी सम्पृकत गरे कि तिनै तथ्यगत कुराले मेरो आत्मा बृतान्त पूरा गर्दछ । अलग ग्रन्थ लेख्ने आवस्यता देखिन । जुन वस्तु आफ्नो जीवनसँग जोडिदिन्छ, त्यो परोक्ष ढंगले कथामा आएको छ । तब सिदासादतरिकाले

आत्मकथा लेख्ने आकर्षण समाप्त भए जस्तो लाग्यो ।

**० तपाईले विदेशी साहित्यमा पनि प्रसस्त काम गर्नुभयो । पढनु पनि भयो । तपाईको रुची के हो ?**

- उत्तर :धेरै विदेशी लेखकलाई पढियो । जस्तो कि, भर्जिनिया उल्फ, चेखव, लियो टल्सटाय, दोस्तोवयस्कीलाई पढ्न मन लाग्छ ।

**० तपाईको कहानी "बीच वहसमा - यस्तो लागदछ तपाईका पात्र यो भन्न चाहन्छन्, स्पष्ट भन्न सकिरहेका छैनन् । यसले पाठकलाई यदाकदा अलमलमा पार्दछ ।**

- कथा बीच वहसमा, मर्न लागेको बाउ छ । उसको रेखदेख गर्ने छोरो छ । बाबुसँग छोरो पटक पटक रिसाएको छ । तर ऊ उति निर्दयी हुन सक्तैन, कि बाउ माथि क्रोधित बनौँ । यो त मानव मनको कुरा हो । जुन समय म जे भन्न चाहन्छु त्यो झट्ट भन्न सक्तिन, अनुभूति केही हुन्छ, अभिव्यक्ति अर्को घतलाग्दो जो शब्दमा व्यक्त गर्न सकिदैन, तर प्रतिध्वनित भने हुन्छ ।

**० आजकल साहित्य लेख्नेहरुमध्ये कसलाई मन पराउनु हुन्छ ?**

- बिनोद सकलाको "नोकरको कमिज" सुरेन्द्र बर्माको "मुझे चांद चाहिए" मलाई चन्द्रमा चाहियो । कृष्णा सौवतीको "दिलोदानिस" राम्रा किर्ती लाग्दछन । यता अरूधन्ती रायको 'द गाड अफ स्माल थिङ्स' पनि पढेको छु, केरलाको परिवेशमा व्यक्ति कुनै जीवनको घटनाहरूलाई साथ लिएर, उनले ज्यादै शुद्धभावको साथ उनले उपन्यास बुन्न सकेकीछन् । उनी एक विशेष लेखिका हुन् ।

**० तपाईलाई अज्ञेय जस्तै भारतमा विदेशी र विदेशमा भारतीय मानिन्छ, के तपाईमा पनि मिलन कुन्देराको प्रभाव परेको छ ?**

- आफ्नो देश बुझ्न र सम्झन जुन दृष्टिकोण चाहिन्छ, दुर्भाग्य भनौं, हाम्रो देशमा त्यसको अभाव छ । भारतीयतामा जुन सत्य छ, हामी त्यसलाई साम्प्रदायिक बुझ्दछौ । तथा पश्चिमको संस्कृतिलाई गहिराईसाथ स्वीकार्न चाहदैनौ, अझ स्वीकार्दैनौं पनि ।

हरेक संस्कृतिका आफ्ना केही सिमाहरू छन् । भारतीय संस्कृतिका आफ्ना सिमा छन् । युरोपिय संस्कृतिका आफ्ना सिमा छन् ।

हिन्दीसाहित्यको मुढता र जडताको अन्दाज तपाई लगाउन सक्नुहुन्छ । किनकी सब भन्दा सजिलो छ आरोप लगाईदिन । यो त यस्तै हो कि मानिस आवेगमा आए पछि जथाभावि गाली गलोजमा उत्रन्छ ।

**० साहित्यको तुलना र विवेचनाका सन्दर्भमा कुनै बेला कला क्षेत्र, मुर्तिकला, चित्रकला आदि थिए । आज यो सन्दर्भ क्षेत्र संचारका साधन पत्रकारिता, रेडियो, सिनेमा दुरदर्शन आदिको हुन लागेको छ । परिदृष्य यसरी बदलिदो छ । साहित्यको आफ्नो आन्तरिक बनोटमा के कस्तो परिवर्तन आएको छ र आउने सम्भावना देखिन्छ । यसका साथै साहित्य ग्रहण गने समाज या पाठकमा उसको भूमिका के कस्तो बदलिएको छ ?**

- मेरो विचारमा साहित्यका कुनै पनि विधामा चाहे त्यो उपन्यास हो, कथा हो, कविता हो, सबैमा एक प्रकार गहिरो परिवर्तनको अबस्था छ । ठिक त्यसरी नै भएको छ, जस्तो १९ औ शताब्दीमा सिनेमा र फोटोग्राफीको

आविश्कार भएकाले पेन्टिङ् (रंगाउने काम) मा असर गरेको थियो । त्यो असरलाई नकारात्मक स्वरमा तोडनु उचित हुदैन ? अनेक उपन्यासकार पश्चिमा बने र भारतमा पनि फिल्म रेकर्डलाई कथात्मक शैलीमा बडा सुक्ष्म रूपले आत्मसात गरिएको छ । रेणुलाई लिऊँ न । उनको कथा शैलीमा फिल्मको गम्भीर प्रभाव परेको देखिन्छ । यसमा धेरै कम व्यक्तिको ध्यान गएको छ । तिनीहरू कुन तरिकाबाट गर्दैछन् आफ्नो दृष्यलाई ? कुन तरहले साना साना एपिसोडमा अध्ययनमा बाडेर उनीहरूले आफ्ना उपन्यास लेखेका छन् । यी सबको प्रेरणा पनि प्रत्यक्ष रूपले फिल्मबाट नै प्राप्त गरेका थिए । यस्तै नै अनेक अंग्रेजीका उपन्यासमा पनि जसमा आफ्नो प्रारम्भिक उपन्यासले फिल्म प्रभावित भएर लेखिएका थिए । निरालाका कथामा संगीतको प्रभाव त तपाई नै जान्नु हुन्छ । निराला शास्त्रीय संगितका अच्छा ज्ञाता थिए । ज्ञातामात्र होइन, उनको संगीतका स्वर, लय, परिकल्पनामा गहिरो संम्बेदनात्मक सम्बन्ध पनि पाइन्छ । विदेशमा त यसको प्रभाव अरू बढी गहिरो हुदैछ । सिर्फ लय र शैलीका रूपमा होइन । विशेष समुच्चै कथात्मक गठनका रूपमा थियो । वर्तमानमा एक प्रकारको गहिरो परिवर्तन रूसका उपन्यासहरूमा देखापरेको देखिन्छ । यस्तै अरू देशका उपन्यासमा पनि देखिन थालेको छ । ठिक सिमफोनीको कम्पोजिशन कै तर अलग अलग भावमा वाहिएर यी उपन्यास आफ्नो कथा रचनाका विधान तयार गर्दैछन् । मलाई यो स्वभाविक पनि लागेको छ । यसको असर सृजनात्मक नै हुनेछ किनकि कुनै पनि लेखक आफ्नो निर्वासित एकान्तमा मात्र बाँच्न सक्दैन । एक राम्रो विरूवा र फूलको तरह ती प्रत्येकमा उचित वातावरणको प्रभाव छ र आत्मसात पनि गर्नु पर्दछ । तर आफ्नो स्वायत्तता कायम राख्ने गर्दछौं । यो होइन कि फिल्मको त्यस्तो असर परोस त फेरि संगतको अनुकरण गर्न थालियो । त्यो आफ्नो कलात्मक स्वायत्तता र अस्मिता कायम र अक्षुण राख्दै दर्शन, संगीत, नाटय शास्त्र, फिल्मी मिडिया यी सब स्रोतबाट प्रभावित हुदै पछि सम्म रहनेछ ।

हिन्दी भवन (शान्ति निकेतन) समागारमा बोल्ने क्रममा हिजो तपाईले यसो भन्नु भयो कि कुनै पनि सभ्यता या साहित्यको पहिचानका लागि प्रकृति, समय र आत्मा चैतन्य यी तीन मुख्यतः नियामक तत्व हुन् । समयको परिगणना भारतीय सन्दर्भमा वर्तुलाकार छ । जो अहिले उत्तर आधुनिकताको लहर चल्दै छ । यसमा पनि नियामक तत्व त्यही प्रकारले मेल खान्छ ।

प्रकृति, समय र आत्मा ।

यी तिनै तत्व कुनै समय (काल) मा निर्भर गर्दैनन्, किनकि यी तीनै तत्व शास्वत छन् । यति अवश्य हो कि मनुष्यको यी तीनै तत्वसँग आफ्नो नाता हमेशा बदलीरहन्छ । पुर्व आधुनिक काल, मध्य कालिन समाजमा जसलाई हामी भक्तिकाल मान्दछौ । युरोपमा पनि आधुनिक काल भन्दा पहिलाको समय थियो । मध्यकाल मध्यकालीन समाज त्यसमा पनि मानिसको आफ्नो चेतन्यसँगको नाता अति बढी गहिरोसँग जोडिएको थियो । किनकि त्यो आस्थाको स्रोत सुकेको

थिएन । यस कारण कविर, तुल्सी, मीराका पदावधिमा कही पनि आत्मा र परात्मामाका बीचमा भेद देखिएको थिएन । हालाकी भेद त्यस प्रकारको अवस्य छ कि ती आफूलाई समर्पण गर्न चाहन्छन् । अतः तिनीहरूलाई बोलाउदछौ । उनीहरूलाई छाडेर आफ्नो कुनै अस्तित्व स्वीकार्दैनन् । उसलाई खोज्दछन कि ती पिछडिएका या पछि परेका ईश्वर हुन । जो हमेशा नै चैतन्यमा विराजमान थिए र छन् । मिराका लागि कृष्णको वियोग एकतरह विरहकै विरोक थियो एक तरहले विरहको मतलव यो भयो कि जो पहिलादेखि नै मेरै (आफ्नो) साथ थियो ऊ अब छैन । मानिस उसलाई जगाउने वा बोलाउने प्रयत्न गर्दछ तर यो कुरा अब धेरै फरक भयो । आधुनिक कालमा ईश्वरको महत्व नै लोप भयो भने आस्थाको त प्रश्न नै उठ्दैन । यही प्रकारले मध्यकालमा धेरै जसो संस्कृतिहरू भारतीय नै मात्र थिएनन्, धेरैजसो भौतिक संस्कृतिमा पनि मानिस र चैतन्यको सम्बन्ध धेरै शान्त र अहिंसात्मक स्तरमा सन्तुलन कायम गर्दै आयो । त्यस बेला हिंसात्मक र आक्रामकता त्यति थिएन, जति औद्योगिक क्रान्ति पछि जुन गति लिएर अघि बढयो । त्यही तरहले हामी भन्न सक्दछौ कि सातौं शताब्दी भन्दा पहिला ग्रिक सभ्यतामा पनि समयको दृष्टिकोण धेरैजसो उस्तै नै थियो, जस्तो कि भारतीय परम्परा छ । इसाइकरण आएपछि आइस्टाइनले आफ्नो जुन दर्शन राखे त्यसमा पनि समयको जिक्र गरिएको छ ।

जो मैले भने त्यही अबधारणा राखिएको छ । तर मान्नुहोस् यो हमेशा यी तीन नियामक तत्व बाँचिरहेका छन् । तर यी तीनै तत्वको नाता मनुष्य हो । हरेक समय, हरेक समाजमा बराबर एक जस्तो रहेको हुदैन ।

**० मानौ उत्तर आधुनिकताको वारेमा पटक पटक भनिदैछ र तपाईले जुन समन्वयको कुरामा, आफ्नो व्याख्यान दिनु भयो । यिनै कुरालाई ध्यानमा राख्तै भोलिको भविश्यको लागि कुन तरिकाले भारतीय साहित्यकारलाई तपाईले आधुनिकता, उत्तर आधुनिकता बारे जानकारी दिनुहुन्छ ? आफ्नो विगत प्रति कसरी सामन्जस्य राख्नु पर्दछ या आफ्नो धारणा राख्नु पर्दथ्यो भन्नुहुन्छ ?**

– विगतसँग हाम्रो नाता पनि एकै प्रकारको रहदैन, समय संगै नाता पनि बदलिदै जान्छ । त्यसरी नै विगतको समय पनि बदलिदै जान्छ विगतलाई जसरी हामी देख्तै छौ, त्यस्तै कालिदासले देख्तैनन् । तुल्सीदासले देख्तैनन् । फेरि पनि अतीत प्रतिको धारणा, यस प्रकारले परिवर्तन किन हुन्छ त ? किनकि हामी इतहासको एक विन्दुमा उभिएर विगतलाई हेर्ने गछौ, जहाँबाट उसको परिच्छेदमा मध्यकाल, आधुनिक काल र बीसौ शताब्दीसम्म समाजको सपना सामेल छ । यो केही प्रकार उसै गरी जब हामी कुनै मिनारमा चढछौ र तलतिरको परिच्छेद देख्दछौ । प्रथम तलाबाट जे देखिन्छ त्यो दोस्रो तलाबाट हामी केही अरू बढि माथि हुन्छौं । जहाँबाट अलि परसम्मका बोट बिरूवा र घासै मैदान देखिन्छ । जति तपाई माथि बढदै जानुहुन्छ,त्यति नै तपाईको क्षेत्र फराकिलो हुँदै जान्छ । रूख, विरूवा, मात्र देखिने होइन, उनीहरूसँग सम्बन्धित अन्य वस्तु साथै अन्य ढाँचाको सामग्री पनि

देखिन्छन् । केही फरक तरिकाले देखिन थाल्दछ । त्यही समय जुन विन्दुमा उभिएर हामी आफ्नो अनुभव संसारको उच्च शिखरबाट विगत नियाल्छौ । त्यहाँ हाम्रो परिच्छेद ठिक त्यस्तै देखिदैन जस्तो कि हाम्रा पुर्खा छायाँबाट मानिस भन्दा पहिला अनुहार हेर्दथे देख्दथे । यहि कारण हो कि जव अज्ञेय विगतका बारे लेख्छन् । त्यो अतीत मैथेलीशरण गुप्ताको जस्तो हुदैन । मेरो अनुभवले संसारमा यो दृष्टि बन्दछ । बनेको छ, त्यो धेरै कुरामा अलग हुनेछ । विगतप्रति हेर्ने ज्ञाता व्यक्तिको तुलनामा जो मभन्दा तीनसय बर्ष पहिले थियो । प्रविधि जसलाई हामी आधुनिक आधुनिक काल भनौ या अरू केही भनौं ।

किनकि सम्पूर्ण परिवर्तन हाम्रो समयमा हुन्छ । ती हाम्रा परिदृश्यका नै एक हिस्सा बन्दछन्, बनेका छन् । यिनैलाई हामी आफ्नो विगत सम्झेर पटक पटक मूल्यांकन गर्दछौ । प्रत्येक पुस्ताले आफ्नो विगतको पुनः मुल्यांकन गर्दछौं । यस कारण पनि पर्दछ किनकि परिचय वदली रहन्छ ।

**० आजको उपभोक्तावादी सस्कृतिमा साहित्यलाई बचाउन के गर्नु पर्ला ? जवकि साहित्य मर्‍यो भनिन्छ, कुन कदमसम्म उठाउन आवश्यकता छ ? आजको साहित्य तथा साहित्यकार का सामु महत्वपूर्ण उत्तरदायित्व के हो ?**

- साहित्यको आवाजलाई बचाउनु आवश्यकता छ ।

**० यो आवाज भनेको के हो त ?**

- साहित्यको सत्य कविता कथामा र उपन्यास भित्र नै प्रस्फुटित भएर आउदैछ । जबसम्म हामी उसको अत्यधिक निजता आफनोपनको पहिचान गर्न सक्तैनौ, तबसम्म हामीलाई डर लागिरहन्छ कि उपभोक्तावादी संस्कृतिको आक्रमण विनाशकारी भईरहन्छ । जवकि यस्तो हुदैन, सदैव नै साहित्य यस प्रकारको आक्रमण या प्रभावबाट बीचमा आफ्नो अस्मितालाई बचाउन रणनीतिक बाटो खोजिरहन्छ र यही आजको सब भन्दा ठूलो चुनौति पनि हो । तपाई नै भन्नोस् के आज कविता लेखन बन्द भएको छ ? कविता आज पनि त्यति नै सुन्दर छ र सक्षम छ । सक्षम तरिकाले लेखिदैछ । भारतमा पनि र अन्य देशमा पनि यसले उपभोक्तावादी संस्कृर्ति प्रति व्यंग गर्दै आफ्नो शक्तिशाली प्रभाव देखाइरहेको छ । कुनै प्रकारले जब यस प्रकारको प्रभाव समाजमा चारैतिरबाट फैलन्छ, त्यसबारे तीसँग नाता नतोडी यो होइन, ऊ होइन, निराशामा या उदासिन भएर होइन, तर अर्कै साथ एक द्वन्दात्मक नाता बनाउदै पनि साहित्यले आफ्नो स्वरूप अक्षुण्ण राख्न सक्दछ, राखेको छ । हरेक साहित्यकारले आज यस्तो कुरा जान्छन् पनि यसलाई आफ्नो कर्ममा ढाल्छन् र ढालेकाछन् ।

**० साहित्य र राजनीतिलाई कुन धरातलमा तपाई एक समन्वयात्मक विकास सूत्रका रुपमा देख्नुहुन्छ ?**

- साहित्य र राजनीति दुई परस्पर विरोधीसत्ता हुन् भन्ने कुरा म बुझ्दिन । साहित्यका लागि कुनै वस्तु अछुत हुदैन । राजनीतिमा पनि त्यस्तो हुदैन, भएको छैन । साहित्यका लागि कुनै चीज आक्रमक सत्ता या प्रवृत्ति हुदैन । फेरी राजनीति किन हुन्छ त ? प्रगतिवादीहरूसँग मेरो फरक मत यसकारण छ कि, उनीहरू साहित्य र संस्कृतिलाई उनको ठाउँबाट

विस्थापित गरेर राजनीतिलाई त्यस ठाउँमा निर्माता बनाउने शक्ति प्रदान गर्न खोज्दछन् । जवकि, यसमा मेरो भर्ना छ कि प्रत्येक समाजमा हरेक लेखकको यस्तो विश्वास रहेको छ कि राजनीति समाज तथा विश्वको जति पनि प्रभाव छ, त्यस प्रति उ आफूलाई खुलाउन छाड्दुन् । उस्को प्रभाव आफ्नो रचनापटलमा आफै छाडछ, त्यस्तै आफ्ना कीर्तिमा अकित गरिन्छ । आखिर तुल्सीदासको जमानामा पनि अकवर र अरू कति तरहको इतहास चक्र चल्दै थियो । तर कसरी तुल्सीदासले आफूसँग उनको नाता कायम गर्न सके । त्यो कार्यसँग रचनात्मक सम्बन्ध राखियो । किनकि राजनीतिबाट विमुख नभईकन नै उसको प्रभाव समाजमा परेको थियो । उनी प्रति उनको प्रतिक्रिया जुन तरिकाले उनको रामचरित्र जस्ता रचनामा परेको थियो । यो त स्वाभाविक नै मान्नु पर्दछ कि हाम्रो मार्क्सवादी या प्रगतिशील आलोचक भन्छन् कि राजनीति या खास राजनीति मतधारालाई स्वीकारे पछि मात्र हामी समाजको सही विश्लेषण गर्न सक्दछौ । त्यही विश्लेषणलाई नै आधार मानेर त्यही दृष्टिका आधारमा हामीले साहित्यको रचना गर्नु पर्दछ । तर मेरो विचारमा यो दृष्टि एक पक्षीय हुन्छ । यसको मतलब यो हुन्छ कि हामी आफ्नो सम्पूर्ण अनुभव स्रोतलाई छाडेर मात्र राजनीतिसँग जो एक पद्धतीय र भौतिक दृष्टि प्राप्त गर्दछौ । त्यसको आधारमा सम्पूर्ण अनुभव संसारका बीच प्रतिविम्वित गर्न खोज्दछौ । तर यो काम कहिले सम्भव हुन्छ ? यो त सम्भव हुनै सक्दैन । जव म साहित्यलाई छाडेर त्यस्तो राजनीतिक मतधाराको प्रतिनिधि या एजेन्ट वा प्रवक्ता बन्न जाउँ । तर ऊ लेखकको प्रवक्ता हुन सक्तैन। कुनै पनि परिस्थितिमा यदि ऊ प्रवक्ता भइ नै गयो भने पनि आत्म अनुभवको प्रवक्ता हुनेछ । यसकारण मेरो भनाइ छ कि साहित्यलाई राजनीतिबाट आफ्नो सम्बन्ध न तोडिकन सन्तुलित तरिकाले त्यसलाई बुझ्ने र लिने प्रयास गर्नु पर्दछ ।

■

# गीत



• प्रेम ओझा

किन किन आँखाभरि देख्न मन लाग्छ
तिम्रै लागि एउटा गजल लेख्न मन लाग्छ
साकेलामा सौ सै गर्ने हाकपारेमा हा हा
नाच्दा नाच्दै तिम्रो बाटो छेक्न मन लाग्छ
जस्केलामा च्याउँदै गर्दा मूलढोकामा आएँ
तिम्रो मनको मझेरीमा टेक्न मन लाग्छ ।
शिशिरको ठिहिरोमा गुराँस फुलिरा'छ
दुई हातले तिम्रो गाला सेक्न मन लाग्छ ।
दुनियाँको नजरमा बैंस त्यसै पोखिएला
त्यही जवानी काँधमा राखी थेग्न मन लाग्छ ।

*– फिदिम, पाँचथर*

# संयोग



● खिमानन्द पोखरेल

**समय** : वर्षाकाल सडकमा रिक्साको घन्टी बज्दै गरेको आवाज ।

**स्थान** : तराईको कुनै भाग ।

**पहिलो दृश्य**

**सानी** : अहो ! हेरिस्योस् त बाहिर कस्तो अन्धकार पानी पर्ला जस्तो छ हगि । त्यसैले आज हजुरलाई मैले मर्निङ न जानु है भनेर भन्द्या छु नि ।

हैन भन्या कहिले काहीँ त श्रीमतीले भनेको मान्दा पनि हुन्छ होला नि । यसरी हजुरको बल जफती (बाहिर जाने तर्खर गर्दै) हजुरले नमान्ने नै भए पछि होइनहोइन पखिसियोस् न भन्या कमसेकम यो छाता त लिएर गइस्योस् ।

धुन परिवर्तन (दोस्रो दृश्य)

पानी परिरहेको समय ।

**सानी** : (रिक्सावालाले घन्टीको आवाज दिँदै) हेरहेर यस्तो दर्के झरिमा कसरी भिज्न सक्या होला हरे शिव आम्बै ... आम्बै नि कसरी बिरालो रूझे झैँ निथ्रुक्क भिज्न सक्या होला । छाता लिएर गइस्यो भन्दा टेर पुच्छर लाग्या होइन, भनेको मान्या भए यसरी भिज्ने थिएन होला नि (समातेर रिक्सामा बसाल्दै) हरे भगवान् कस्तासँग भिजिस्या भन्या च्व...च्व...च्व... ।

**सुशील** : (अचम्म मान्दै मनमनै) चिनजान नै नभएको यसरी म माथि दया राख्ने यो आइमाई को हो ? अब अचम्मैसँग आफू पनि भिज्ने भई क्या फसाद पर्‍यो बा ।

**सानी** : के सौँच्नु भएको ?

**सुशील** : (बुझ पचाए जस्तो गर्दै) होइनहोइन केही होइन ।

**सानी**: भै गो छोडिदिस्यो यी सब कुरा । दु:ख आखिर मलाई नै हुने हो । चिसोमा भिज्यो भने रूघा खोँकी र ज्वरोसमेत आउँछ भन्ने कुरा हजुरले बुझेकै होला उफ...(ठुलो सास फेर्दै) आखिर चाकडी त गर्नै पर्‍यो के गर्ने ।

**सुशील**: (मनमनै) होइन यो आइमाई कस्लाई चाकडी गर्न पर्‍यो भन्ने कुरा गर्छे । म त छक्क पर्छु बा (तरकारी बजारतिर रिक्सा बढाउँदै) अब चाहिँ मलाई पक्का थाहा भयो कि यो आइमाई चाहिँ तरकारी कन्न आएकी रहिछ भन्ने कुरा ।

**सानी** : (मासु पसलमा प्रवेश गर्दै) हजुरलाई त कुखुराको मासु कस्तो मन पर्छ भन्ने कुरा त मलाई थाहा छ नि । कुखुराको सुप तातै बनाएर खान सकियो भने सर्दी पनि भाग्न सक्छ हैन त ?

**सुशील** : (मनमनै) यो आइमाईले मलाई कुखुराको मासु मन पर्छ भने पछि पक्कै यस्ले मलाई चिनेको हुनु पर्छ नत्र यसरी...फेरि यस्ले नि मैले केही कुरा गर्न खोज्यो भने त झन सुन्दै सुन्न नचाहने बा अर्कोले त बोल्ने नै मौका पाउँदैन आफै मात्र

बोली रहन्छे । यसो कुरा गराईको छाँट काँटले त ठ्याक्कै लोग्ने स्वास्नी व्यवहार झल्किन्छ त । फेरि बाटोमा हिँडिरहेको मान्छेलाई सङ्कोचै नमानी यसरी हातमा समाएर रिक्सामा चढाउने कत्रो हिम्मत गरेकी होली यस्ले केही बुझ्नै सकिएन बा ।

**सानी**ः भैगो...भैगो अब...घर जाऊँ हजुरलाई जाडो भए जस्तो छ हगी ल... ल अब गई नै हालौँ ।

(रिक्सा भैरहवा सिद्धार्थनगर बैंक रोडबाट आउँदै छ यो कहाँ गएर राकिने हो थाहा छैन)

(सुशीलको बगली छाम्दै) छाता लिएर गइस्यो है भन्ने कुरालाई त टेर पुच्छर नै लगाउनु भएनभएन ल यत्रो ठुलो पानी पर्दा त कमसेकम रिक्सा चढेको भए पनि त हुन्थ्यो नि खै के भनौ हजुरलाईअ आखिर बगलीमा यत्रो विधि पैसा त हालेर हिँडिस्या रैछ नि त ज्यानभन्दा ठुलो अरू केही छ त ल भनिस्यो ।

**सुशील**ः (मनमनै) म किनमेल गर्न भनी हिँडेको कुरा यो आइमाईलाई के थाहा ? किनमेल गर्न बजार हिँडेको मान्छेसँग पैसा त हुने नै भए नि । (फेरि अचम्म मान्दै) हँ बगलीबगली हात हालेर पैसा नै निकालिदिने कतै यो आइमाईको चालामाला त ठिक छैन ? अब मलाई बित्यास पर्ने भो कतै यो आइमाईको जालमा त फसिने होइन भनेर । यसो सौँचेर ल्याउँदा त त्यति खराब आइमाई होइन कि जस्तो लाग्छ बाहिरी चालढालले मात्र कहाँ चिन्न सकिन्छ र ? यस्को पारा भने बेयाको पारा जस्तो चाहिँ देखिँदैन । खानदानी आइमाईको जस्तो लवाई छ बेकारको फाल्तु कुरा सौँच्नु भएन । उस्ले लगाएको कपडा कै कुरा गर्दा चट्ट र सुकिला पनि त देखिरहेकै छन् नि त ।

धुन परिवर्तन तेस्रो दृश्य)

**सानी** ः ए दाइ ! रिक्सा रोक्नुस् त (पर्स खोली भाडा दिँदै)

**रिक्सावाला** ः हैन हजुर । गरिब मान्छे यत्रो बाटो लिएर आएँ । पच्चीस रूपैयाले मात्र कहाँ पुग्छ र ? अझ दश रूपैयाँ जति थपिदिनु न हामीले पनि साहुलाई बुझाउनुपर्ने हुन्छ के गर्नु दुःख गरेर जहान परिवारको पेट पाल्नु पर्‍यो गाह्रो छ ।

**सानी** ः (पर्स खोलेर दश रूपैयाँ दिँदै) ल भयो होइन ।

**रिक्सावाला** ः भयो हजुर भयो के गर्नु आफू परियो गरिब खुसी छु ।

(दुबै जना घरभित्र प्रवेश गर्दै) घरमा देखिएको वातावरण शून्य ।

**सानी** ः लुगा तुरून्त फेर्स्योस् त म तातो पानी तताई राख्छु भन्दै भान्छा तर्फ जाँदै ।

**सुशील** ः (झटपट लुगा फेर्दै) अब बल्ल थाहा भो मेरो सौँचाई चाहिँ गलत रहेछ । यो आइमाईको भनाइअनुसार त अँ...यस्को लोग्ने पनि मर्निङ वाकमा गएको तर नफर्केको बुझियो ।

**सानी** ः (कफी पिउँदै र लुगा फेर्दै) हैन भन्या लुगा फेर्न लाग्दा पनि कति यतै हेरिरहेको यसो आँखा अन्त डुलाउँदा पनि हुन्छ नि कति हेर्न नपाए जस्तो गरी क्वारक्वार्ति म तर्फ नै हेरिस्या होला । मान्छे रूपको लोभी हुनु हुन्न त्यसैले त हामी निसन्तान भएको नि हैन त ?

धुन परिवर्तन (चौथो दृश्य)

**सुशील** ः (कुरा अर्को तर्फ मोड्दै) मेरा कपडाहरू सम्पूर्ण भिजेको हुँदा उहाँको अनुमति पाएर हजुरको कपडा लगाएँ कस्तो न्यानो मलाई त कस्तो अचम्म लाग्यो यो लुगा मेरै नापमा सिलाएको जस्तो गरी ठ्याक्कै मिल्यो भनेर नि ।

**सरोज** ः अँ साँच्ची म अघि कस्तो

गरी तर्सिएँ भने ।

**सानी** : किन ?

**सुशील** : एउटै अनुहार मिल्न गए पछि तर्सिनु परेन त

(शुशील र सरोज बिचको संवाद)

**सरोज** : तपाईहरू कति भाइ बैना नि ?

**सुशील** : हामी...ए हामी... हामी त तीन भाइ बैना मात्र । मेरो त मसँगै जन्मेको एउटा जुम्ल्याहा भाइ थियो रे तर अहिले भने मलाई थाहा छैन । मेरी आमाको दुध नपुगेर छिमेकी आमाले दुध ख्वाउनुहुथ्यो रे तर...तर ।

**सरोज** : तर के ?

**सुशील** : (रून्चे स्वरमा) ठुलो लडाई भए छ रे त्यो लडाईको हुलबाट तिनीहरू अलग्गिएछन् थाहा नै भएन त्यो हुलमा मेरो भाइ पनि त परे होला नि केही थाहा छैन । कहाँ पुगे कहाँ कसैलाई अत्तोपत्तो नै भएनछ । बा, आमा र भाइको पिरले बेलाबेलामा झस्किरहनुहुन्छ । तपाईलाई यौटा कुरा सोधौँ हैन त ?

**सरोज** : हुन्छ राम्रोसँग हुन्छ नि बरू चाहिँ कुरा छिट्टै सुन्न पाए हुन्थ्यो कि ?

(अनुहार एउटै मिलेको हुँदा शङ्कास्पद तरिकाले बोल्दै)

**सुशील** : कतै... तपाई मेरो भाइ...?

**सरोज** : बाआमा पनि हुनुहुन्छ भन्दा त मलाई पनि बाआमाको सम्झना आयो ।

**सुशील** : हामी पनि त उतै भारतको गोरखपुरदेखि आएको नि ।

(अनुमानको खाका दिमागमा कोर्दै)

**सानी** : मलाई त कतै पक्कै पनि तपाईहरू...।

(केही उत्सुकतापूर्ण स्वरमा) एउटा कुरा भन्छु मान्ने ?

शुशील : मान्ने किन न मान्ने तिमीले भनेको कुरा कहिले पो काटेको छु मैले लौ भन त

**सानी** : अँ...त्यसो भए हामी खाना खाएर बाआमा भएको ठाउँ जाने हुँदैन त ल ।

(धुन परिवर्तन पाँचौँ तथा अन्तिम दृश्य)

**बाबु** : ए बुढी बुढी हेर त आज के काम लिएर छोराबुहारी यतै आउँदै छन् । हेरहेर त हातमा झोला लिएको जस्तो पनि देख्छु । बुढो मान्छे आँखाको भ्रम हो कि अलि ठम्याउन पो सकिन कि कसो हो ? मलाई त त्यस्तै लाग्यो ।

(नजिक आइपुगेको अनुहारलाई ठम्याउने प्रयास गर्दै)

**ऋमा** : चिने जस्तै गरी एक तमासाले मुखमा हेर्दै ।

**सरोज** : म सरोज हुँ सरोज, हरि कृष्णको जेठो छोरा ।

**आमा** : (टाउको सुम्सुम्याउँदै) यो त पक्का मेरो छोरा पो रहेछ भन्दै (रून्चे स्वरमा) "यहाँसम्म कसरी आइपुग्न भ्याइस बाबु" भन्दै रून थाल्छिन् । (सबैका आँखाबाट हर्षाशु बर्षिन थाल्छन् ।)

**सरोज** : भाइबुहारीले झन्डै मलाई आफ्नो लोग्ने ठान्न पुगेकी । म त घरको लागि अत्यावश्यक सरसमान किन्न बाहिर बजार आएको मान्छे कस्तो संयोगले बाआमासँग भेट भयो । म भने भाग्यमानी रहेछु ज्यादै खुशी लाग्यो । त्यसैले अब म मेरा बाआमालाई म बसेको ठाउँमा लिएर जान्छु । मैले यो कुरा बाआमाको अगाडि राखेँ ।

ल अहिले नै जाऔँ त म बसेको ठाउँ हेर्न हुँदैन त बाआमा ?

**बाबु आमा** : (एकै स्वरमा) लल हुन्छ छोरा हुन्छ । तिमीले भनेअनुसार आजै अहिल्यै जाने भएन त ।

(पर्दा बन्द हुन्छ)

# जेठको पानी र कालु गाई



● डिल्लीराज अर्याल

महिना जेठकै थियो, गाई गोरू माडी फाँटतिरै चराउन लैजाने वेला थियो त्यो । कतै मकै त कतै काट्न बाँकी गहुँ भए पनि धेरैजसो खेतहरू खाली खाली थिए । बरू कतै कतै ब्याडमा धान उम्रिसकेका र कतै उम्रँदै थिए ।

त्यसो त हाम्रो बसाइ नै लेकतिर भएकाले गाईगोरू धेरैजसो गाउँतिरै चराइन्थे तर खेतीपाती बेसीमा पनि भएकाले केही समय बेसी झर्नु र बस्तुभाउलाई झराल्नु पनि अनिवार्य हुन्थ्यो । प्रायः धान काटेपछि खाली भएका वेलादेखि दाइँ नसकिउञ्जेल र वैशाख जेठतिर खोलाका किनारमा र खेतका आली आलीमा दुबो पलाउन थालेपछि रोपाइँ नसकिँदासम्म चराउन, जोत्न बेसीतिर झराल्ने गरिन्थ्यो ।

वैशाख जेठमा अलिअलि दुवो पलाएपछि बेसीमा चराउनुको अलग्गै महत्व छ । त्यो दुबोमा अलग्गै विशेषता हुन्छ । त्यसमा चर्न थालेको १४/१५ दिनमै बस्तुभाउको शरीरमा सकारात्मक परिवर्तन देखा पर्न थालिहाल्छ । तिनीहरू चिल्ला हुँदै जान्छन्, पुराना रौंको ठाउँमा नयाँ रौं पलाएर राम्रा हुन थाल्छन् । गाउँको अरू घाँसभन्दा त्यसमा कुन त्यस्तो शक्ति छ कुन्नि ! त्यो दुबोमा चरेका गाई गोरू लेकतिरका खर घाँसले डम्म अघाउन हालेका भन्दा तन्दुरूस्त हुन्छन् । एकातिर त्यो लाभ, अर्कोतिर खेत जोत्ने र ब्याड राख्ने तयारीका लागि गोरू झार्नु अनिवार्य हुनाले गाई पनि चराउन झरालिन्थे ।

हडाहामा हाम्रो ब्याड राख्ने तयारी भैरहेको थियो । गोरू गह्वामा जोतिरहेका थिए र गाई अलि पर चर्दै थिए । घाम अलि चर्को भएकाले म चौखुट्टेको ठाँटीमा बसेर यताउता हेरिरहेको थिएँ ।

त्यतिवेला हाम्रा गोठमा दुईटा मात्र गाई थिए, चनमती र कालु । म दिनभर तिनलाई चराउने र साँझ गोरू फुकाएपछि गाउँ लिएर आउने गर्थे । गोरू ब्याड राख्ने कामका लागि खेतमा झराल्नै पर्थ्यो । त्यसैले गाई पनि झरालिन्थे । गाई दिनभर चर्थे र गोरू दिनभर जोतिन्थे । कहिलेकाहिँ काम खाली हुँदा वा अलि छिटो मेलो सकिएको अवस्थामा गोरू पनि चर्न पाउँथे । एकै जनाले ल्याउन, लैजान सकिन्थ्यो र फाँटमा गाउँमा जस्तै गरी हेरिरहनु पनि पर्दैनथ्यो ।

ठाँटीबाटै मैले अलि पर हडाहाको माथिल्लो भागतिर गाई गोरूको ठूलो हुल देखें । ती गाईगोरू बर्भालीका थिए । म ती गाईगोरू र तिनका गोसाइँसँग परिचित थिएँ । प्रायः गाई चराउने सिलसिलामा भेट हुने र घरायसी सम्बन्ध पनि भएकाले फाँटमा गाईगोरू झराल्दा हामी दुवैतिरकाले सधैजसो सँगै

गाईगोरू चराउने र गफगाफ गर्ने पनि गर्थ्यौं ।

हाम्रा गाई चर्दै त्यतै गएका हुनाले म पनि ठाँटीबाट झरेर त्यतै लागें । त्यसदिनको गर्मी अरू दिनको भन्दा अलि फरक थियो । घाम पानीका लागि छाता त मसँग प्रायः हुन्नथ्यो र थिएन पनि । खालि खुट्टा हिड्ने अभ्यास भए झैं घाम पानीमा काम गर्ने अभ्यास पनि थियो । त्यसैले गफका सुरमा ठाँटीमा बसे पनि घाममा गाई चराउन हिड्नु सामान्य कुरा थियो ।

गाई चर्दै त्यतै गएकाले म पनि त्यतै गएँ । भेटघाट, अभिवादन पछि गफगाफ चल्न थाल्यो । गफैगफमा त्यो हुलमा चर्दै गरेको बाच्छोको चर्चा चल्यो । त्यो वाच्छो सानो थियो र सायद दूध छोडेको पनि थिएन कि । गफैगफमा किनबेचको कुरा चल्यो । मूल्य पनि निश्चित भयो र किन्ने निधो पनि भयो । करीब एक डेढ वर्षको त्यो बाच्छो २१ रूपियाँमा किन्ने निधो गर्दा मेरा मनमा कथाको 'सोम शर्माकै' मानसिकता बनेको थियो । 'यो बाच्छोलाई मोटाउन हाल्छु, ठूलो बनाउँछु अनि....।'

मेरो आमदानी जहिले पनि गोजीमै हुन्थ्यो । किन्ने निधो भएपछि पैसा त बुझाउनै पर्थ्यो । त्यसैले गोजी छामें र पैसा निकालेर गनें । जम्माजम्मी १२ रूपियाँ रहेछ । अरू समस्या त थिएन । पैसा दिन भने पुग्ने भएन । म अलि अन्कनाएँ र भनें पैसा त पुग्ने गरी रहेनछ । ९ रूपियाँ नपुग्ने भयो । सँगै गोरू चराउने उहाँकै अर्का साथी सायद धोबादीका रेग्मी थरका थिए । उनले भने 'आखिर किनबेच गर्ने नै हो भने बाँकी पैसा भोलि ल्याइदिए त भयो नि ।' ।

कुरा मिल्यो । बाँकी पैसा भोलि दिए हुने भयो भन्ने कुराले मेरो मन प्रसन्न त भयो तर मनमा शङ्का भने रहिरह्यो ।'भोलि त्यो रूपियाँ कहाँबाट कसरी ल्याएर बुझाउने?' त्यतिवेला नौ रूपियाँ पनि कम हुन्नथ्यो तैपनि भएको पैसा बुझाएँ र घाँटीमा दाम्लो लाएर उताको बगालबाट बाच्छोलाई छुट्याएँ । मौसम अलि फरक थियो । अघिल्लो दिन माडी फाँटका पारिपाखा अलिअलि असिनापानी परेको थियो । आज पनि आकाशमा बादल जम्मा हुँदै थियो । गड्याङगुडुङ गरेर अलिकति गर्जियो पनि । मैले पटसरेबाट गाई धपाएर जोतिँदै गरेको खेततिर लगें । बुबा काममा व्यस्त हुनुहुन्थ्यो । मतिर हेर्ने आवश्यकता र फुर्सद पनि थिएन । मैले पानी पर्ला जस्तो लागेकाले गाई घरतिर लैजाने सोच बनाएको थिएँ, भनें 'पानी पर्ला जस्तो भयो, म घरतिर जान्छु है' ।

बुबालाई कामकै आत्तुरी थियो । मतिर हेर्दै नहेरी भन्नुभयो 'हुन्छ, जाने भए गाई लिएर जा । पानी पर्ला जस्तो भयो, यता पनि अबेला होला जस्तो छ । गोरू मैले ल्याउँला 'ओढा नभएको मान्छे गए जितिन्छ ।

मैले खोजेकै त्यही थियो । मनमा बाच्छो किनेको उत्साह, पैसा जुटाउने सोच । 'हिड्न पाए!' भन्ने लागेकै थियो । अनुमति पाएपछि गाई धपाएर हिडिहालें ।

दुईटा गाई अघि अघि हिडिरहेका थिए। बाच्छो पछिपछि हिड्दै थियो । सावाँकोटे हुँदै अम्ल्याहानको पुलमा आइपुग्दासम्म फाँटको तेर्सो बाटो करीब करीब अरूलाई भेटाएरै हिड्यो । अनि खोलो तरेर सुपारे आँपबाट उकालो लागेपछि भने त्यसको गति अलि मत्थरियो । बाच्छो धेरै कमजोर रहेछ । मैले त्यति कमजोर होला भन्ने अनुमान गरेको, गर्न सकेको थिइन ।

अशक्तताको पनि त किसिम हुन्छ नि । कति अशक्त ? कस्तो अशक्त ? अनि म ती कुरा नजानिकनै ' दगुराए दगुर्छ' भन्ने मानसिकता बोकेको किशोरावस्थाको ठिटो । मैले

फाँटमै पनि गाईलाई भेटाउन अलिअलि दगुराएकै थिएँ, त्यत्तिमै ऊ थाकिसकेको रहेछ । उकालो लागेपछि झन् पछि पर्दै जान थाल्यो । ठूला पनि दगुराएर नदगुर्ने उकालोमा त्यो सानो, अझ कमजोर बाच्छो ! के दगुर्थ्यो ? दगुरेन । शरीरमा शक्ति भए पो दगुर्थ्यो र ! तर मलाई त्यस्तो कुरा के थाहा ? म त भेटाएरै हिडाउने कोशिसमै रहें ।

एक्कासि पारीपारी आकाश धमिलियो । पोखराथोकतिर पानी परेको आभाष भयो । ढकालहरूको डहर काटिसकेको थिएँ । केही बेरमै देउराली पुगिने थियो तर राहुदीतिर लाग्ने बाटो बाँडिने चौपारीतिर आइनपुग्दै ठुल्ठुला थोपासित पानी पर्न थाल्यो । पानीको भयले म त्यसै त्रसित थिएँ । त्यसमाथि बाच्छोको गतिले झन् आत्तिएँ । त्यो त हिडेर घरसम्म पनि नपुग्ने पो हो कि जस्तो अवस्थामा पो रहेछ ।

सानै भए पनि मलाई स्कुले हावाले छुन थालिसकेको थियो । सेगु बोक्न मनले नमान्ने, छाता सबैलाई नपुग्ने । त्यसैले फाँटतिर झर्दा प्रायः ओढ्ने कुरो लैजाने गरेको थिइन । पानी परे भिज्ने वा रूखको, कसैको घरको ओत लाग्ने बाहेक अर्को उपाय थिएन । उकालो बाटोमा गाई दगुराउन सकिने पनि हुन्नथ्यो तैपनि कोशिस गरें, भएन । एक त खडेरीका डिंगा, अर्को उकालो । त्यसमा पनि गाई मात्र भए त केही सम्भव हुन्थ्यो, त्यो कम उमेरको, कमजोर बाच्छोसमेत ! दगुर्ने दगुराउने उपाय नै भएन ।

पानी दर्किँदै गयो र लुछुप्पै पारेर भिजायो । भिज्दै, गाईलाई पिटपाट पार्दै र बाच्छालाई त घरिघरि धकेल्दै पनि देउरालीसम्म काटें । पानी बढ्दै गयो र पानीसितै मेरो मनको छटपटी पनि । देउराली माथिको मान्छे हिड्ने बारीको बाटो र गाईगोरू हिडाल्ने बाटो अलग्गियो । गाई त्यतै सोझिए । अडिने, अड्याउने मेसै पाइन । न त सोच आयो, आयो त साठी घरेको र ज्योतिषीको बारीको बीचको सबैभन्दा अप्ठेरो खोल्सो, दोन्द्रो आयो ।

पानी दर्कँदै थियो । साँघुरो बाटो, दुवैतिर अग्ला ढिक, माथिदेखिकै भल सोहोरिएर आउने ठाउँ । त्यो पानीको दर्को ! अनि के चाहियो र ? माथिबाट ठूलै भल आउँदै रहेछ । त्यो भलबाट न तर्किने उपाय थियो न भय । सधैको बाटो, देखिराखेको भल, केटाकेटी बुद्धि, डराउने कुरै थिएन । त्यस्तो भलको उपद्रोमा परेको भए पो थाहा हुन्थ्यो ! थाहा भएको भए पो डर पनि लाग्थ्यो र ! डर लागेन, सरासर अघि बढें । गाई अगाडि अगाडि थिए ।

साठीघरेको घरमास्तिरको डहरमा निस्कने वेलामा एउटा अलि अग्लो ढिक उक्लनु पर्थ्यो । ढिक उक्लन पर्ने ठाउँ त तल पनि थिए तर अलि साना, होंचा । त्यो अलि अग्लो भएकाले त्यसै पनि अप्ठेरो थियो । सामान्य अवस्थामा पनि र बलियालाई पनि । बडो मुश्किलले तल माथि गर्नुपर्ने ठाउँ, अवस्था थियो त्यहाँ । त्यसमा पनि भल चलेको वेला, तर मैले कुनै त्यस्तो खतराको सम्भावना देखिन । देखेको भए रोक्ने कुरो पनि आउँथ्यो ! देख्दा पनि देखिन र रोक्दा पनि रोकिन । केही सोच्न पनि थालिन । घर पुग्न पाए भन्नेमै केन्द्रित भएँ म । रोकिएको भए, गाई चर्ने, अडिने ठाउँ त थियो नि पन्थी बुबाको डहरतिर ।

त्यो अप्ठेरो ढिक, त्यो भल तैपनि चनमती त उक्लेर गइहाल्यो । कालु उक्लँदै थियो । अगाडिका खुट्टा माथि राखेर फड्किन के लागेको थियो खुट्टा चिप्लियो र भलले हुत्याइदियो । हुत्याएको मात्र होइन, माटोको लेदोसितको बाक्लो भल हुलुल्ल गर्दै त्यसै माथिबाट गयो । गाई एकदम पुरियो, ढाकियो ।

त्यो देखेपछि बल्ल म आत्तिएँ । उपाय नास्तिको अवस्थामा पुगेजस्तो भयो । मेरा आँखा आँसुले भरिँदै थिए तर त्यति वेला मसँग अलिकति पनि समय थिएन । न त्यहाँ सहयोग गर्ने कोही साथी नै । जे गरे पनि आफै गर्नुपर्थ्यो तैपनि कसोकसो आँट आयो । होशले हो वा त्यसै, त्यो आत्तुरीमै भलकै बीच अलिअलि देखिएको त्यसको एउटा कान समातेर त्यसलाई बलसितै तल्तिर तानें ।

परिणाम जानेर, सोचेर होइन तर परिणाम राम्रै आयो । भलले साथ दिएकाले हो कि ! गाईले पनि बल लगाएछ । ऊ उछिट्टिए जस्तै भएर अलि तलै पुगेर जुरूक्क उठ्यो । त्यसले मलाई पनि उछिट्ट्यायो । म झन् तल पुगें तर म पनि कसोकसो उभिन सफल भएँ, नत्र भलले मलाई पनि त सोहोर्ने सम्भावना हुन्थ्यो । जसोतसो जोगिएको गाई मलाई उछिनेर तलतिरै दगुर्यो । कताकता घाउ समेत लागेछ क्यार पानीमा रगत बगेको रातै देखिएको थियो । अनेक कोशिस गर्दा पनि मैले त्यसलाई रोक्न र फर्काएर मास्तिर ल्याउन सकिन । मान्दै मानेन । सँगैको बाच्छो पनि त्यतै लाग्यो । म परैँ फसादमा ।

पानी परेकै छ । भल रोकिएको छैन । बाटोको त्यो अवस्था छ । एउटा गाई मास्तिर गइसक्यो । अब सँगी नआएकोले त्यो फर्केर तल्तिर आए पनि खतरा हुने भयो, कसैको बारीतिर गयो भने पनि । सरासर त पक्कै जान्न, गए पनि त्यो एक्लै घरतिर, अरू तल्तिरै हुने भए । म तिनलाई फर्काउन तलतिर नगई नहुने । दुईदुई वटा त त्यतै लागेका छन् । तिनलाई फर्काउन कठिन छ । फर्काएर पनि त्यो बाढीमा त्यहाँबाट मास्तिर लैजान झन् कठिन छ । मन त्यसै छटपटाएको छ ।

गाई दगुरेर तल पन्थी बुबाको डहरतिर पुग्दा बल्ल भेट्टाएँ । बल्ल बल्ल उछिनेर म अगाडि गएँ तर रोक्न मुश्किल भैरहेको थियो मलाई । सानो बाच्छो भने धेरै दगुर्न नसक्ने भएकाले रोकियो । तत्काल एउटा उपाय सोचें र म उभिएँ । म उभिए पछि गाई पनि यस्सो उभिएर आङ टक्टक्यायो । ऊ अझ पनि थर्थराएकै थियो । डरले मतिर हेर्दै पनि थियो । मैले दब्दबेका दुईतीनवटा हाँगा लाछेर दिएँ । त्यो खाएपछि तिनकै सुरमा तलतिरै गएँ ।

सुबेदी विष्णुको डहर आयो । मैले ती दुवैलाई त्यतै सोझ्याएँ । गाईलाई डहरमै छोडेर बाच्छोलाई पछि लिन आउने गरी त्यहीँ गोठमा लगेर बाँधिदिएँ र गाईलाई बारीकै बाटो धपाएर माथि डहरमा ल्याइपुऱ्याएँ । त्यहाँ आइपुग्दा चनमती सँगी नभेटाएर कराउँदै फेरि तलतिरै फर्कन लागेको थियो । कस्सो फर्केनछ ! फर्केको भए ! म अलि ढुक्क भएँ । अलिकति सास आयो । गाईलाई त्यहीँ अडिन दिएर थकाई मार्न टुसुक्क पर्खालमा बसें ।

बिस्तारै पानी बिसायो । मैले गाईलाई धपाउन थालें । कालुका चौखुरीका खुर भाँचिएका रहेछन् । त्यहाँबाट रगत बग्दै रहेछ । कता कता डर पनि लाग्दै थियो, तैपनि सुस्त सुस्त हिडाएर गोठसम्म पुऱ्याएँ र बाँधें । मन भने त्यही बाच्छोमै थियो । जसलाई आजै किनेको थिएँ । पैसा दिन बाँकी पनि थियो ।

गाई बाँधेर घरतिर पसें र भिजेका कपडा काढेर कपडा फेरें । मलाई त फेरि देउराली पुग्नु थियो । आजै किनेको बाच्छो बाटैमा छोडिएको थियो । त्यसलाई घर ल्याइपुऱ्याउने छटपटी थियो । बाटामै छोड्नु परेको पीर थियो । भोलिसम्म पर्खने धैर्य पनि भएन । अनि घरबाट दगुरैं । पर डहरमा पुगेर भाइ पुरूषोत्तमलाई बोलाएँ र सँगी लिएर बाच्छो लिन फेरि झरें देउरालीतिर ।

■

# सुवास सर ! आजलाई बाँचियो



● रामप्रसाद अधिकारी

पुसको अन्तिम साता तेस्रो त्रैमासिक परीक्षा सकिएर फुर्सतिलो भएको स्कुल त्यसमाथि सरकारले भर्खरै घोषणा गरेको भिजिट नेपाल ट्वान्टी अनि के चाहियो ? फिरन्ते हामीलाई । त्यसैले साथीहरू जुर्मुरिए यात्राको लागि । यसपटक एक थरि उपल्लो मुस्ताङ लोमान्थाङ जाने भन्थे । अर्को टोली नयाँपुल, घोरेपानी घान्द्रुकको एक सर्किट पूरा गरौं, भन्थे । अन्ततः घोरेपानी घान्द्रुक समूहको जित भयो सबै त्यतै लाग्यौँ । भिजिट नेपाल ट्वान्टीको आन्तरिक पर्यटक बनेर ।

हिजो बेलैमा घोरेपानी पुगियो । भाले ओडारमा प्रशस्त हिउँ खेलियो । अझ बास बसेको "शिखर होटल एन्ड लज" को विपरीतमा रहेको सामुदायिक स्वास्थ केन्द्रमा थुप्रिएको हिउँलाई छरपस्ट पारियो स्नो–म्यान (हिममानव) बनाएर हिउँको हुर्मत लिइयो ।

घोरेपानी पुग्ने अनि पुनहिल नजाने ! यो त हुनै सक्तैन । साथमा महिला मित्रहरू लिने अनि बेलैमा कोठाबाट निस्किने चेष्टा गर्ने ! आजको दिनसम्म यो पनि हुन सकेको छैन सामान्यतया हुन नि सक्तैन । होस् पनि कसरी ? वहाँहरूका कतिपय आफ्नै अनिवार्य आवश्यकता र कतिपय शृङ्गारिक बिलम्ब हुन्छन् । अतः पुनहिल जाने भनेर चार बजेदेखि नै चिल्लिबिल्ली थालियो । कतिलाई बिउँझाउनुपर्‍यो सबै निद्राले भुस भएका नि थिएनन् धेरैलाई यात्राको उन्मादले निद्रा पनि परेनछ ।

पुनहिल भनेको सूर्योदयसँग खुल्ने हिमाल हेर्ने ठाउँ हो । त्यसैले त्यहाँ समय भिड्काएर जानुको औचित्य थिएन । सखारै हाम्रो यात्राआरम्भ भयो । यो सदा हिउँ पर्ने ठाउँ हो तर यति विधि लछप्पै हिउँ धेरै वर्षमा परेको हो रे भन्थे बटुवाहरू । जुनको उज्यालोमा लाइट बाल्ने आवश्यकता परेन । डाँडापाखा सबै सेताम्मे थिए । उज्यालोको परावर्तन त दृश्य हो चाहे त्यो सूर्यको होस् वा जुनकिरीको । हिमाल अँध्यारैमा पनि मुस्कुराइरहेको थियो । भुपीले "मेरो देश" कवितामा भने झैँ । रातको चिसोले जमेको हिउँ अनि उकालो बाटो हाम्रो लागि यात्रा कठिन भएन । हामी बेलाभन्दा अघि नै माथि हाजिर भयौँ । चैतको हुरी बिर्साउने हावा त्यसमाथि हिउँमा बयलिएको त्यसको अनुभूति अकल्पनीय थियो ।

धर्तीको सानो स्वर्ग थियो त्यहाँ । ज्ञात अज्ञात अनेक चुचुराहरू हार मिलेर बसेका । मुटु कमाउने हिमाली सिरेटोमात्र थिएन त्यहाँ मुटु कमाउने बतास नै चलेको थियो । सयौँ विदेशी पाहुना हजारौँ स्वदेशी यात्रु । सबैका मोबाइल

र क्यामरा चल्दै थिए क्लिकक्लिक । हेरी नभ्याउनुको दृश्य छ हेर्ने त कता हेर्ने ? हिमाल हेरेर मख्ख पर्ने कि ? सूर्य हेरेर ? नीलगिरि हेरेर आनन्द लिने कि धवलागिरि ? बफे पार्टी जस्तो दृश्य पस्किएको छ । दृश्यलाई आँखामा पस्किनुस् जति मनपर्छ र जुन मनपर्छ अनि मनग्गे उपभोग गर्नुस् हृदयलाई जुन स्वादिलो लाग्छ ।

दुवै आँखाले एक ठाउँमा मात्र हेर्दा त मानिसमा यति धेरै लोभानी र पापानी छ । दुई आँखाले दुईतिर देखिने भए के हुन्थ्यो होला ? कहिले काहीँ लाग्छ फरक काम गर्न नसकिने भए माझ निधारमा एउटा आँखा दिएको भए भइहाल्थ्यो नि किन यो दुईदुईवटाको घाँडो भिराइ दिएको होला ?

वातावरणमा रम्दारम्दै घामको पहिलो किरण अन्नपूर्णामा पर्‍यो । मन प्रफुल्ल भयो । लगत्तै किरण अर्को चुचुरोमा फैलियो । फेरि अर्कोमा अनि अर्कोमा हेर्दा हेर्दै सबै चुचुराहरू खुले घाम झलमल सर्वत्र लाग्यो तर उफ् चुचुरो हेरिरहँदा सूर्य उदाउँदै गरेको दृश्य सबै पो छुटेछ । दुई आँखा दुईतिर सारेर हेर्न सक्ने बनाइ दिएको भए बनाउनेको बाको के जान्थ्यो ? दुबै आनन्द लिन मिल्थ्यो होला नि । त्यतिकै थकथक लागिरह्यो ।

हजारौँ मान्छेको पदको घर्षण अनि सूर्यको न्यानो रापले निदाएका हिउँहरू पनि बिउँझिएछन् । भएन के अब । पाइला सार्नै पो मिल्दैन । यसो खुट्टा अघि सार्‍यो प्लित्त चिप्लिन्छ । अनि कसरी ओर्लनु तल ? एक त ओरालो त्यसमाथि चिप्लो । यात्रुले सरलताले लिए यो जस्तो रमाइलो र सहज यात्रा कुनै हुँदैन । लुसुक्क बस्यो बाटोअनुसार हिप घुमायो एकैचोटि सललल... तलै पुग्ने । हामी त पढेको मान्छे त्यो पनि पास हुन पढेको मान्छे पढेको कुरो व्यवहारमा ढाल्न सिकाएको भए पो जान्नु । मौकामा हिरा फोर्नु कुमौकामा कौडी नछोड्नु भनेको मौकाको सदुपयोग गर्नु भनेको हो नि ।

यसरी चिप्लिँदा कसले के सोच्ला भन्ने कुरा मनमा नसोच्ने र पाको उमेरको मान्छे भनेर अरू हाँस्छन् कि भन्ने सङ्कोच नलिदिएको भए हुन्थ्यो तर सोचले पूर्णता र यात्राको रोमाञ्चकता नलिई दिँदा सबैले नदेखिएको खुड्किलो टेक्न खोजे ।

त्यस्तै खुड्किलो टेक्न खोज्दा गीता भ्यागुतो पछारिएझैँ पछारिइन् । उनी सम्हालिन नपाउँदै उता उषा लडिन भ्यात्त । छेउमा बस्नेले गीत सुसेले "भैँसी लड्यो हाई माया भीरबाट हेर..." एकछिन पाखा पर्वत थर्काउँदै हाँसो गुन्जियो । अब उठ्न सक्नुपर्‍यो नि त्यो चिप्लोमा । हात टेक्यो हातै प्लित्त । घुँडा टेक्यो घुँडै प्लित्त । त्यतिबेला त्यहाँ जे टेक्यो चिप्लो थियो जे छोयो चिसै थियो । मैले उठाउनुभन्दा चिप्ल्याउनु निको मानेँ अनि फोटो खिच्दै भनेँ "जाऊ बुढी जाऊ ।" हे ! हे ! हे ! हे ! गर्दा गर्दै बुढी तलै पुगिन् । केही तल एउटा घुम्तीमा पुगेपछि उनी सोझै तल झर्न लागेकी थिइन्, कुनै बटुवा मित्रले उनलाई रोकिदिए । उनी धन्न भीरबाट झरिएन भनेर खुसी भइन् तर जीवनभरि साथ दिन्छु भनी सँगै हिँडेकाले हातसमेत नसमाई दिएकोमा क्रुद्ध पनि थिइन् । उनलाई लागेछ यहाँबाट झरे हातखुट्टा भाँचिन्छ कि घाउ चोट लाग्छ परन्तु त्यहाँ थियो भर्खरै पर्न थामिएको फुसफुसे हिउँ । अनि थियो हाम्रो लागि आनन्द । उनी एउटा सङ्कटबाट बल्लबल्ल उठिन् र अर्को निमेष फेरि गोडाको सन्तुलन बिगारेर पछारिइन् धडाम् । त्यसपछि त उनको पनि चिप्लिनुको विकल्प नै रहेन । थालिन् त्यही हिउँमा चिप्लिन ।

अब चिप्लिनुको अर्को कारण पनि थियो, आफ्नै टोलीका धेरै साथीहरू र अन्य बटुवाहरू पनि चिप्लिरहेका थिए ।

प्रतिमाको त के कुरा गर्ने चिन्नुजान्नु केही पर्दैनथ्यो उनलाई यसो छेउको साथी हेर्‍यो अनि "लौ लौ एउटा फोटो खिचिदिनुस्" भन्दै हातमा मोबाइल हालिदियो र नाच्न थाल्यो ।

कतै हिउँको डल्लोले हिर्काउँदै, कतै हिउँ छिरोल्दै, कतै हिउँमा पुरिँदै कतै चिसोमा सुरिँदै हामीले गर्नु नगर्नु गर्‍यौँ खेल्नु नखेल्नु खेल्यौँ । अझ सुक सरको (सुकबहादुर तामाङ) कस्तो मन नभरिएको हिउँ चिप्लीमा, झरिसकेको बाटो पनि दस मिनेट लगाएर उनी माथि उक्लिन्थे अनि सुलुलुलु तीस सेकेन्डमा तल झर्थे अनि फेरि उक्लिन्थे अनि फेरि तल झर्थे । उनको आनन्द बेग्लै थियो ।

हामी नौ बजेतिर घोरेपानी शिखर लजमा आइपुग्यौँ जहाँ तातो चिया र मिठो खाजा हामीलाई कुरिरहेको थियो ।

उही ख्याल उही साँच्ची हामी एउटा जटिल समस्यामा थियौँ । हिजो तिखेढुङ्गाबाट उल्लेरीको उकालो लाग्दा बलिस्ट हातपाउ भएकी बीस बाईस वर्षकी एउटी विदेशी नानी हाइपोथर्मियाले भनौँ कि अल्टिच्युटले झन्डै मरिन्न । त्यो त भाग्य बलियो थियो । हाम्रा अनुभवी ट्र्याकरहरू थिए र लाख प्रयास गरेर तिनलाई जीवनदान दिए । तिनको त्यस्तो हालत भयो भने हाम्रो टोली त खै के हुने हो ? यो खाजा बुत्याएर उल्लेरी झरी मोटर समातेर घर फर्किने कि सबैले गाह्रो भनेको वनठाँटी, देउराली-टाढापानी हुँदै घान्द्रुक निस्किने ? आज होइन अहिले निर्णय गर्नुपर्ने थियो र बाटो लाग्नुपर्ने थियो ।

पाँचसात वर्षअघि यस्तै लहडमा एकै दिन नयाँपुल घोरेपानीको यात्रा गर्न खोज्दा मिस निशा बन्जाडेलाई झन्डै गुमाउनु परेको घटना भोगेका छन् यिनले । यो यात्रा थालियो भने त झनै कठिन स्थिति छ न मोटर पुग्ने, न घोडा खच्चर कुद्ने, न बोक्न सक्ने न जुद्न सक्ने विकल्पहीन बाटो जहाँ सकिन फर्कन्छु भन्ने अवकास पनि थिएन । यस्तो बाटोमा यो महिला टोली ! ? साथीहरूको मुहारमा विषाद थियो ।

भन्न त सुवास अधिकारी भन्छन्, "रामदाइले लेख्नुहुन्छ तर लास्टमा हिरो आफैँ बन्नुहुन्छ" पर्छ पनि उनले भने जस्तै । यतिबेला ऋषि र सुवासले पनि रामदाइले "लौ सकिन्न" भनिदिए हुन्थ्यो भन्ने भित्री चाहाना बोकेको अनुभूति हुन्छ मलाई । केटीहरूले पनि जे त पर्ला नफर्किने सल्लाह मिलाइदिए हुन्थ्यो भने जस्तो मलाई भान हुन्छ । फर्किने मन त मेरो पनि थिएन । यी महिला टोली फर्किने भए नाकको चालले म आफैँ फर्किनुपर्छ । उपल्लो मुस्ताङ लोमान्थाङ जाने ऋषि, सुवास, सुजन र सुशान्तको टोली यिनकै लागि भनेर रोमान्चहीन यात्रामा आएका छन् । उनीहरूलाई निराश बनाउने कुरो पनि भएन आफू पाको मान्छेले । महिला समूहबाहेक यो यात्रा सुक र मेरो लागि पहिलो थियो । त्यसैले फर्किहालौँ भन्ने मन त मेरो पो कहाँ थियो र ? महिलाहरू जति जेजे भने पनि ढुङ्गा बोल्ला मान्छे बोलेनन् । यात्रा सफल भए रोमान्चक हुन्छ, सबैले मजा मान्ने भए । गाह्रो भए तपाइँहरूले सोच्नुपर्थ्यो नि हामीलाई के थाहा ? न आएको ठाउँको कुरा ? भन्ने दाउँ यिनको होला भने जस्तो लाग्छ अनुहार हेर्दा ।

एक घन्टाको माथापच्चीपछि यात्रा आरम्भ भयो फर्किने कुरो कसैले गरेनन् । चिप्ले कीराका ताँतीजस्ता यात्रीहरू आ-आफ्ना सामलतुमल पिठ्युँमा भिरेर बाटो लाग्यौँ । म त यस्ता यात्रामा तिथि बार

गते मात्रै होइन पूर्वपश्चिम दिशामा पनि कन्फ्युज हुन्छु । घोरेपानीबाट उत्तर पूर्व जस्तो लाग्छ अलि तेर्सोतेर्सो उकालो बाटो थियो । जता हेऱ्यो सेताम्मे हिउँ मात्रै देखिन्थ्यो । के बिदी ओइरिएको यसपालि यो हिउँ ? मैले भनेको होइन यहाँका स्थानीयहरू भन्थे । आफू पहिलो चोटि पुगिँदै छ के थाहा ? यस अघि कत्ति पो हिउँ परेको थियो यहाँ ?

लालीगुराँसको वन नहुँदो हो त हिमाल आरोहण नै गरेजस्तो थियो बाटो । हिउँमा उकालो उक्लिँदा त्यति चिप्लिने डर नहुने उही अलिअलि स्याँस्याँ हुने हो । हामी कमिलाजस्तो लस्कर लाग्दै अघि बढ्यौँ । ठाउँठाउँमा हिउँमा लडीबुडी गऱ्यौँ र मजा मान्यौँ ।

देउरालीको उकालो सजिलै भयो । बरू थाप्ले डाँडोमा पुग्दा उषालाई खोकी लाग्यो । सास फेर्न निकै गाह्रो भयो । ओ हो ! उनको खोकी र सास फेराई के कुरा गर्ने ? छिनमै ह्याऱ्याक ह्याऱ्याक सासै जाला जस्तो । गाह्रै भयो त उनलाई । उपचार र थकाइमा दसपन्ध्र मिनेट खर्चियौँ । उकालो सकियो अब गाह्रो हुन्न भन्ने लागेको थियो । उकालो निखिसकेको रहेनछ ।

माघे सङ्क्रान्ति आउने बेला भएको छ । घरका तरूल र तिलौरी सम्झनामा छ । अझ थाप्ले डाँडामा एक जना दाइले यति लामो सेतो सिमलतरूल लिएर खान बसेका रहेछन् । त्यसैत्यसै मुख रसायो आँखा लोभियो । "खोइ ! लेऊ लेऊ खाऊँ" भन्नु भएन पहिले निहुँ त झिक्नुपऱ्यो भन्ने विचारले सोधेँ, "के हो दाइ ? यो सिमल तरूल हो !"

उनले अप्ठ्यारो मान्दै उत्तर दिए, "रेडिस ।"

त्यो त उनको बिहानको खाजा रै'छ, उसिनेको मुला । फेरि केहीबेर ठाडो उकालो हिँड्नुपऱ्यो । दिनको एक डेढ बजेतिर चिसो ओडारजस्तो दुईचारवटा होटेल भएको देउराली आइपुगियो । घाँटी समाउने भात, लेउ गन्हाउने सब्जी, ढुसी गन्हाउने अचार अनि काँचो हलुवावेद निल्न खोजे जस्तो पसलेको व्यवहार । दाइ तातो पानी दिनुस् न भन्यो जगमा घिनलाग्दो औंला चोपेर तातै छ भन्छन् । आफू भर्खर पानी पिएर जग राख्दै छु । त्यही पानीले घाँटी ठिहिऱ्याएको छ दाँत कट्कटिँदै छ । धन्न पसले र पसल तैपनि हामी त्यो बाध्यताको गाँस टिपेर हिँड्यौँ । आजको गन्तव्य टाढापानी पुग्न ।

यहाँबाट टाढापानी पुग्न २ घन्टा लाग्छ रे । २ बजे हिँडिएको छ । ४ बजे त पुगिहालिन्छ नभए पाँचै बज्ला । बाटो ओरालो छ । टाढापानी पुग्नेबेलामा अलिकति उकालो पर्छ रे । केही छैन । यत्रो उकालो ओरालो त चढियो झरियो भने जाबो छोटो उकालो ! सबैले हिम्मत गरे । अघि बढ्ने नै निर्णय भयो ।

देउरालीको भूगोल नि गजबकै रहेछ । मध्यान्नको २ बजेको थियो । यहाँ भने डाँडापारि घाम अस्ताएर २ बजेको झम्के साँझ भन्ने बेला भएको थियो । बाटो साँघुरो छ । हामी सर्प सलबलाए जसरी सलबलिँदै लस्करी ताँती अघि बढ्यौँ । आज बाटोको असजिलोले गर्दा टीका, मसित कतै छुट्नु भएको थियो । नभए हिजोको यात्रामा यो जन्मेन्त्रो, यो चुत्रो, यो हाडे काफल, त्यो हाडे ओखर, त्यो पैयुँ, त्यो उत्तिस स-साना लेकाली झार वनबुटादेखि ठुल्ठुला वृक्षको परिचय गराउँदै हिँड्नुभएको थियो । म्याग्दीकी छोरीलाई नचिन्ने यहाँको कुन वनबुटा होलान् ? अनि म्याग्दीकी छोरीले नचिन्ने यहाँको कुन वनबुटा होलान् ?

वहाँसँग हिँड्दा यात्राको थकाइ

मेटिने अर्को कारण पनि थियो । कसरी घरमा जेठी श्रीमती हुँदाहुँदै सञ्चारमा काम गरिरहेकी पहाडी परीलाई फोनमा धुरूक्क पारे, कसरी बसिराखेको ठाउँमा जात्राबाट ल्याएको जिलेबी कोच्याएर मोहनी लाए अनि मुजुरी (मयुरी) बनाएर ढाँटीढाँटी कसरी सिपाही कार्कीले बिहे गरे भन्ने रमाइलो प्रेम कथा हिजो सुनाउँदै बाटो छोट्याउनुभएको थियो । आज त ती सबै एकादेशका कथा भएका थिए । ऋषि चौधरी गाँसबासको खोजीमा टिमको अग्रपङ्क्तिमा हुनुहुन्थ्यो । यात्रामा जहिले पनि वहाँसित मेरो भेट कि त मध्यान्नको खानामा कि त साँझको बासमा मात्रै हुने गर्छ । तराईको चौधरी भए पनि पहाडे जीवन र व्यवहारसित परिचित रूझेभिजेको मान्छे । भरोसा गर्न सकिने दरिलो गाइड ।

सुवास कहिले बिचतिर देखिन्थे कहिले पछितिर भेटिन्थे । मेरो हाल पनि उस्तै थियो । सबैको मस्तक गलेको थियो । सुकलाई भने टिकटक बनाउँदै र बनाइदिँदै फुर्सद थिएन । मौका मिले उनी आफैँ लाइभ भिडियो बनाउँथे र देखाउँथे कतै दुरदेशमा भएकी आफ्नी सपनाकी परीलाई । रमाइलो थियो उनको यात्रा । एउटा हात लहरोमा पहरोमा अर्को हात मोबाइलमा । सुजन र सुशान्तबिचतिर बयलिँदै थिए बाटो गाह्रोसित कट्तै थियो ।

यात्राको अन्तिम टोली हामी एउटा घुम्ती काटेर दृश्यमा प्रकट हुँदा हाम्रो अघिल्लो टोली त्यहीँ ठाडो ओरालोको शिरमा रूवाबासी चिल्लीबिल्ली गरेर बसिरहेका रै’छन् । के भयो ? कोही केही बोल्दैनन् । डुब्ने बेलाको सूर्यजस्तो सबैको आँखा रोएर राताराता भएका थिए । निकै ठुलो अप्रिय घटना पो घटेछ कि मनमुटु चिसो भयो । पहिले त कुरै बुझ्न मुस्किल पऱ्यो । एकछिन सुस्ताए पछि सबैले हेरेतिर नजर डुलाएँ । ठाउँठाउँमा उत्तिसको ठुटो गाडेर डोरी लगाइएको रहेछ । घोरेपानीबाट आउँदा ठाडो ओरालो घान्द्रुकपटिबाट आउँदा यो ठाडो उकालो पर्ने ठाउँ रहेछ । तर यस ठाउँमा भने यो ठुलो उकालोको नामले कुख्यात रहेछ । जहाँ सर्पजस्तै जेलिएका यही डोरीको सहायताले झर्नुपर्ने थियो । तल ठाडो भीर छ त्यसको फेदमा जमौँ कि नजमौँ भनी बग्दै गरेको छड्कु खोलो छ । यो भीरबाट यतिबेला खसियो भने पनि रमाइलै हुन्छ मरिन्न किनकि मानिसको पदचापले नभेटेको यो हिउँ फुस्स परेको छ र पनि दलदले हिलो जस्तो छ भासिने तर यो तथ्यलाई बुझिदिनुपऱ्यो नि सहयात्रीले । उनीहरू त खसेपछि “राम नाम सत् है” नै हुन्छ भन्ने तानाबानामा परेका छन्, उति नभए हात खुट्टा भाँच्चिनु त सियोर नै छ, ठान्छन् । डरले भुतुक्क भएका छन् ।

अन्नपूर्णा पदयात्राभित्र पर्ने यो ठुलो उकालोमा यात्रा सहज होस् भनेर खुड्किलो बनाइएको छ जसको यतिबेला यहाँ आकार थियो स्टेप थिएन । सारा खुड्किलाहरू घोडा खच्चरका लिदीले लिपिएका अनि मानिसका पदचापले बज्रजस्तो कठोर भएर जमेका थिए । जसले बाटोलाई भयावह र यात्रालाई कठिन बनाएको थियो । यात्रुको अवस्था अघिबाटै ह्यान्डिल स्लिप भएको गाडीको ब्रेक फेल भए जस्तै थियो । हामी आफूले भनेको ठाउँमा टेकेर अडिन सकिरहेका थिएनौँ । धेरैको मनमा भय दियो हिँड्नु भनेको दुर्घटना निम्त्याउनु हो ।

यहाँ चिल्लीबिल्ली हुनु रूवाबासी पर्नुको प्रमुख कारण अर्कै थियो । त्यो हो, टीका कार्कीको आँसु । यहाँका सारा भीरपाखाबाट परिचित अहिलेसम्म उफ !

नगरेकी यी पर्वत कन्या पनि डोरी समाएर अरूले उक्लेको र ओर्लिएको देखेर डराइ छन् र दुई थोपा आँसु तुपुक्क चुहाउन पुगिछन् । अनि अरूलाई के चाहियो ? तर्प्युँतर्प्युँ बाटोमा हिँड्न नसकेर कहर काटिरहेकालाई यो आँसुले के सन्देश दियो होला ? आम्मै ! आम्मै ! टीका म्याम त बाटो देखेर रूनुभयो हाम्रो त के ? सबका मनमा पक्कै नि यही भाव उब्जिएको होला ?

त्यो दुई थोपा आँसुले डरलाई कसरी मौलाइदियो भने यी महिला टोली त पाइलै नउचाल्ने भए । पुनहिलबाट झर्दा पाइला चाल्न तर्सिएर भँगेरो भएका रमा, सुस्मिताको के कुरा गर्नु ? उषाको के हाल भयो होला ? बरू उमेर पकाएकाहरू भीरपाखा समाउन खोज्थे । यी तन्नेरी भनिएकाहरू त सिल्पटै निस्किए । चिप्लीय न भन्दा पनि हुन्न, यहाँ टेक न भन्दा पनि हुन्न, तिम्रो झोला म बोकी दिन्छु देऊ न त भन्यो, त्यो पनि हुन्न । कस्तो अकरको भीर परेको छ भने यसो छेउ छिचोलेर नयाँ बाटो चिनौं भन्दा दायाँ ठाडो डाँडा अनि बायाँ ठाडो भीर छ । तल बगेको खोलै देखिन्छ । कतै अडिने टेकिने ठाउँ भए त्यो पनि हिउँले पुरेको छ । लहरो छ कि पहरो केही देखिँदैन । सकिँदैन फर्कौं भनूँ भने अब फर्किने बाटो झन् कठिन छ । समय र सुविधाको लेखा गर्ने हो भने अघि बढ्नु र फर्किनुमा अघि बढ्नु छिटो होला । भैगो आज यतै बसौं भोलि जाउँला भनौं भने अनकन्टारको वन छ । सेताम्मे हिउँबाहेक केही देखिन्न । खोलो त दुई तिहाई जमेको छ एक तिहाई बगौं कि जमौं भन्ने दोधारमा परेको ठाउँ छ ।

ए बाबा हो ! के गर्ने त है ? लिनेले सहयोग गरे न दिनेको सहयोग पुग्छ ? यहाँ त वियोग मात्रै छ । उषाको मुख हेर्छु पट्ट फुटेर रगत चुहिने हो कि भने जस्तो रातो न रातो छ । निमोनियाँले ग्रस्त बच्चा जस्तो छाती पनि घ्यारघ्यार गर्न थालेको छ । अब यहाँ छातीको इन्फेक्सन भयो भने के गर्ने थाहा छैन । गीताको हालत के छ हेर्न पाएको छैन । तिखेढुङ्गामा मनग्गे खाना खाएकी उनले फेरि अहिलेसम्म खाना मुखमा हालेकी छैनन् म भन्दिन पेटमा भने राखेकी छैनन् । रमालाई त मैले टिपर नै भनेको छु । खाना टन्न खाने हो अनि भट्टाभट तीनचोटि आन्द्रै फर्केला जसरी फाल्ने हो त्यसपछि चङ्गा । अर्कीको त नामै जिरी उनले त झन कति पो पिरी । धर्म छोड्नु हुन्न है सुमिता चालिसेलाई भने आफूमाथि भनौं कि हामी माथि कति विश्वास देखिन्थ्यो भने उनको आँखामा यात्राको मजा र कौतुहलता थियो । न रामका लेना न श्यामको देना आफ्नै धुन छ आफ्नै आनन्द छ भन्ने लागेको थियो । मैले सोचे जस्तो त्यो पनि होइन रहेछ । उनी पनि टीकासँगै टप्किएर स्थिर भएकी रहिछन्, जे त पर्ला भनेर ।

अझ यात्रा त्यतिबेला झन् बोझिलो भइदियो जतिबेला गौंडो गौंडोमा उभिएर सुजन आचार्य-सुशान्त चालिसे हात दिँदै "म्याडम यता आउनुस्", "मिस यता आउनुस्" भन्थे अनि मिस, म्याडमहरू म चिप्लिएँ भने यसले थाम्छ कि थाम्दैन भनी तिनका हात, पाखुरा, नलीखुट्टा हेर्न थाल्थे । तान्न मानिस छेउमा पुगेको छ तानिनेले हातै नदिने भए पछि यात्रा कसरी सहज हुन्छ ? उसले मलाई तान्ला र पार लगाउला भन्ने भरोसै नगरिदिए पछि यात्रा कसरी सम्भव हुन्छ ? अब परेन फसाद ?

ऋषि चौधरी लड्दैपड्दै हिउँमा नयाँ बाटो चिर्दै तल झर्दै हुनुहुन्थ्यो, सुवास पछाडिबाट भेँडाबाख्रा खेदाएझैं साथी

लघार्दै थिए । सुजन र सुशान्तबिचमा बसेर आउनेजाने सबैलाई बाटो कटाउँदै थिए । आँट्नेहरू गीता, लक्ष्मी सुमिता आदि तल झरिसकेका थिए, नआँट्नेहरू कता हो कता बाटैमा रूमलिएर कुहिराको काग भएका थिए ।

"मर्ता क्या न कर्ता" म पनि सुरिएँ र अघि बढेँ । अब हेरेर अलपत्र पर्नु भएन । समस्या यिनलाई हिउँमा बसेर चिप्लिनुमा परेको छ । त्यसैले आफू हिउँमा बसेँ र बोलाएँ, "आऊ त मेरो पिठ्युँमा टाँसीय, मसित चिप्लीय ।" यसो गर्दा पनि तिनलाई भरोसा छैन । मेरै ढाडको अडेस लागेर बसेका छन् अनि मेरै कानको आडमा कराउँछन् राम ! ! राम ! ! राम ! ! राम ! ! भएका रामको भरोसा छैन । नभएका राम कताबाट आउने हो ? बल्ल बल्ल चिप्लियो हातका पोका पन्तुरो मिल्काएका छन् । खोला तऱ्यो लौरो बिर्स्यो भन्ने उखान त छ यहाँ त यात्रा नतर्दै लौरो भीरपहराबाट मिल्काएका छन् । अब अनकन्टारको भीरमा त्यति तल खोलामा झरेर त्यो लौरो कसले टिपेर ल्याउने ? नल्याउँ भने भरे फिर्ता गर्ने सर्तमा मागेर ल्याएको अर्काको लौरो कसरी छोडेर जाने ? अझ हिँड्न कति बाँकी छ ? अहिले नै अर्को लौरो खोज्न कता जाने ? यसो मुन्टो घुमाएर पछाडि हेर्छु त ढाडमा अर्काका झोला ब्याग छेउमा कोही मिसम्याडमलाई घिसार्दै डोरीमा छुन्डिएर सुक अहिले पनि भिडियो बनाउँदै थिए "आजु यात्राको तेर्सो (तेस्रो) दिन हामी राती बास खोज्न वनठाँटीतिर झार्दै छु ।" हाँसो पनि उठ्यो क्या रिल्याक्स जीवन क्या आनन्दको मान्छे ।

झमक्कै साँझ पऱ्यो । केटाहरू दिनभरि खट्नु खटे । आफ्नालाई बाटो बनाइबनाइ ओराले । त्यो बाटोबाट हिँड्ने अरू बटुवाहरूलाई उकाल्ने र ओराल्ने काम पनि खुबै गरे । केटीहरूले केटाहरूले नतिरेको कुन जुनीको ऋण सदाए कुन्नि ? केटाहरूले पनि ऊ जुनीमा नतिरी थातिराखेको ऋण खुबै कटाए ।

साँच्चै भनौँ त हिउँबिनाको यात्रा थियो भने यो उक्लिन पर्दा एक घन्टा पक्कै लाग्थ्यो हामीलाई । ओर्लिन पन्ध्र मिनेट भन्दा बढी लाग्ने ठाउँ थिएन । तर हिउँले यात्रा भएकोले आजको दिन यसैले खर्लप्प खाइदियो । न पानी पिएर हिउँको गोला भकुन्डो निकाल्ने ओडारलाई नियालेर हेर्न पाइयो न पग्लेको मैनबत्तीको लहर परेजस्तो जमेको छड्कु झरनालाई मनग्गे हेर्न पाइयो । पाखापहरा रसाएर चुहिएका पानी चुहिएकै ठाउँमा जमेको मनोहारी दृश्यहरू कता पुगे कता ? झमक्कै साँझ पऱ्यो, बरू यसैबेला टोलीमा कसले फुस्कायो "निगालोको जङ्गलमा भालु हुन्छ । लुसुक्क पछाडिबाट आउँछ र एउटालाई टिपेर लैजान्छ ।" मलाई लाग्छ यो उपद्रो पनि तिनै टिकुली मायाको हो । तर यो झम्के साँझमा यो अफवाहले पनि राम्रै काम गऱ्यो ।

फेरि चल्यो टोलीमा खैलाबैला, हाहा र स्युस्यु । अब किन कोही पछि बस्ने आँट गर्थे ? यस्तो आँट अघि गरिदिएको भए ? यस्तो हन्डर खानुपर्थ्यो ? अब त कोही खुट्टा टेकेर उभिन भने पनि उभिन तैयार छैनन् । जस्तोसुकै ठाउँ होस् बसेका छन् ...क घसारेका छन् । सल छुटे नि छुटोस् लौरो टुटे नि टुटोस् । बेपर्वाह एक सुर सबैको आँखा पारी पाखातिर घर देखिन्छ कि भन्नेमा छ ।

एक त यो चिसोमा चार्ज अडिन्न त्यसमा पनि दिनभरि फोटो र फोन, टिकटक र भिडियो गर्दागर्दै सबैका मोबाइलका ब्याट्री डाउन भैसके । साथमा गतिलो बत्ती छैन । यतै कतै ढुङ्गाको चेप ओडारतिर बसौँ भन्यो न ओडो न दाउरा

! बत्तीको ब नदेखिने ठाउँमा घरको घ देखिने कुरै भएन । यसो कतै लेकाली कुकुर कराइ दिए पनि त गाउँ आउन आँट्यो भन्ने हुन्थ्यो । वनको चरामुसाको आवाज सुन्न दुर्लभ त्यो ठाउँमा केको सुनिनु कुकुर भुकेको आवाज ? भए पनि चिसोको भयले कता नाक ... जोडेर ऊ पनि गुँडुल्किएको होला । हामीलाई सूचना दिन किन भुकी बस्थ्यो ?

झमक्क साँझ मात्रै होइन पुसको बेला रात रातै भएर छिप्पिसकेको थियो । दिनभरि रूख बुटा ओडारमा बास बसेका निसाचर चमेराहरू निस्किएर उडेको स्वाइँस्वाइँ आवाज चकमन्न हुँदा सुनिन्छ । नत्र उही आम्मै ! बाबै ! र साउतीका स्वर । छड्कु झरनाको खोला त आफैँ कहाली लाग्दो बनेको ठाउँमा अर्को पहरो थर्काउने खोलाको आवाज सुनियो । त्रास अझ उन्मत्त भयो । बास पाइएन र खोला तर्नुपर्ने भयो भने कति मर्स्याङ्दी सलल हुने हुन् ? सबैका बोली बन्द छन् । कोही बोली नै हाले भने फुसफुस बात मार्छन् । चर्को स्वरमा बोले शब्दभेदी भालुले त्यसैलाई घिसार्ला भन्ने डर होला ।

धन्न परमात्मा ! छड्कु झर्ना खोला र मरिङखोलाको दोभान पुग्दा काटेको नेटोले ज्यानमा ऊर्जा थप्यो । त्यही कोप्चे ओडारमा लुकेर बसेको रहेछ वनठाँटीको "हङरी आइ" आजको हाम्रो बास । ऋषि चौधरीले बासको व्यवस्था मिलाउनुभयो । एक्लै भक्कानिएर लक्ष्मी पौडेल घर सम्झीसम्झी कति रोइन होला बासको छेवैमा पुगेर सुवासलाई अँगालो मार्दै बलिन्द्र धारा आँसु चुहाएर उनले भनिन् "सुवास सर आजलाई बाँचियो ।" उनलाई टिकुलीको भालुले अझै छोडेको रहेनछ ।

*— सिमरा, बारा*


शुभकामना

**२०७७ सालको बडादशैं, शुभ-दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त मजदुर, कर्मचारी, उपभोक्ता एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !**

JAGDAMBA STEEL
देशको मेरुदण्ड

**जगदम्बा स्टिल लिमिटेड, परिवार**

**सिमरा, बारा**

# कालधारा, म र बागबजार



• रञ्जुश्री पराजुली

काठमाडौं महानगरपालिकाको वडा नं १६ क्षेत्र नं ३ को एउटा टोलको नाम हो 'काल्धारा' । काठमाडौंको आदिवासी भनेर म नेवार जातिलाई भन्न रूचाउँछु । तिनै नेवार जातिको आधिपत्य भएको असन, इन्द्रचोक, नरदेवी आदि जस्तै पकनाजोल पनि एक हो । त्यही पकनाजोल भित्र पर्दछ यो काल्धारा भन्ने टोल । राणाकालीन भारदार कालु पाण्डेले त्यसबेलाका बासिन्दाको पानीको आवाश्यकता पूरा गर्न त्यो ठाउँमा पानीको मुहान पहिल्याएर लहरै तीनवटा ढुङ्गेधाराको निर्माण गरेका हुन् । ती भारदारका वंशज यद्यपि काल्धारामा बसोबास गरिरहेका छन् ।

ती तीनमध्ये बिचको धारामा ठुलो र दायाँबाँया दुईमा त्यसभन्दा केही सानो आकारको पानीको धारा अहोरात्र झरिरहन्थ्यो । उक्त ढुङ्गे धाराको पानीले त्यहाँका बासिन्दालाई साँझ बिहानको आवश्यकता मात्र पूरा गर्ने होइन । त्यसभन्दा बाहेक मरे परेको बेला र चाडपर्वमा पनि अहोरात्र पानीको सुविधा दिइरहेको थियो । मेरो जन्म त्यही काल्धारा टोलमा भएको हो । मेरो प्रथम स्नान पनि सम्भवत त्यही काल्धाराको पानीले भएको हुनुपर्छ । काम गर्ने मान्छे पानी थाप्न (लिन) गाग्री बोकेर काल्धारा गएका बेला हामी केटाकेटी तामाको घल्चा बोकेर चोखो पानी भर्न हामीसँगै जान्थ्यौं । हाम्रो घर र काल्धाराको दुरी घर आँगन जत्तिकै थियो । चोखो पानी बोकेर काम गर्ने मान्छेसँगै घर फर्किँदा हामीले उनीहरूलाई छुन हुँदैनथ्यो । चोखो पानी अर्थात् भगवान् पूजा गर्ने जल, हविष्यक र ब्रतको बेलामा पिउने पानी अरूले छोएको प्रयोग गर्न वर्जित थियो । सम्भवत त्यो त्यसबेलाको सस्कार थियो । आजभोलि त्यस्तो प्रचलनको (हराइसक्यो) मृत्यु भइसक्यो । काल्धाराबाट हाम्रो घर जाने बिचमा एउटा बाक्लो बुट्यान थियो । सिस्नुको घारी थियो । घरमा पाइखाना नहुनेहरूको दीर्घ सङ्खा निवारण स्थल थियो । त्यसैले आफ्नो आँगनै जस्तो भए पनि त्यो ठाँउमा हामी एक्लै दुक्लै जान डराउँदथ्यौं र जादैनथ्यौं । काल्धाराको टाउको भनेर पनि भनिथ्यो ठाँउलाई । काल्धाराको टाउकोसम्म त्यसबेला मोटरबाटो थियो । तर हाम्रो घरसम्म अर्थात् सानो दुरी चाहिँ हिँड्न पर्थ्यो । काल्धाराको टाउकोबाट चिच्याएर बोलाएको हाम्रो घरसम्म सुनिथ्यो । हाम्रो घर अगाडि कर्णज्वज अधिकारी काकाको घर थियो । उहाँको घरमा गाई पालेको थियो । उहाँको आमा जो मेरो सम्झनामा झिनो रूपमा जीवन्त हुनुहुन्छ । उहाँले गाईको हेरचाह गर्नुहुन्थ्यो । सबैको घरमा

करेसाबारी थियो । काउली मूला, साग, भोगटे, ज्यामिर आदि आफ्नै करेसाबारीमा हुन्थ्यो । हाम्रो घरमा अचार खाने काब्रो र कोइरालाको रूख पनि थियो ।

हाम्रो घर अगाडि अर्जेल बाजेको घर थियो । उहाँको बारीमा पनि फलफूल तरकारी यथेष्ट हुन्थ्यो । हाम्रो घर तल धोबी घर र धोबीको लुगा सुकाउने हरियो चौर थियो । त्यो ठाँउलाई अहिले पनि धोबीचौर भनिन्छ । हाम्रो घर पछाडि हरिनाथ खनाल बाजेको र त्यो भन्दा नि पछाडि वरिष्ट समालोचक परराष्ट्रविद् यदुनाथ खनालको घर थियो । उत्तर पट्टी हामी काल्धाराबासी केटाकेटी खेलीबडी हुर्केको ठुलो पिपलको रूख भएको चौर थियो । अहिले ती क्षणहरू सम्झँदा रमाइलो लाग्छ । आज त्यहीं समयमा फर्केको अनुभूति हुन्छ । काल्धारा शब्द मेरा प्रिय शब्दहरू मध्येको एक हो । अहिले पनि कसैले त्यो शब्द बोलेको सुनेमा मेरा कान ठाडा हुन्छन् । आजभोलि मलाई मेरो जन्म स्थलले चिन्दैन तर पनि म यदाकदा त्यो ठाउँ घुम्न जान्छु र पुराना सम्झनालाई ताजा बनाउँछ । कसैले चिने पनि चिनून आफू नयाँ बस्ती बनोट र पुरानो बस्ती बनोटको तुलना गर्दछु । केही कुरामा परिवर्तन आएकोमा खुशी लाग्छ । तर अग्ला घर, वातावरणीय प्रदूषण, सस्ता सहरमा टुरिस्टहरूको घुइँचो । महँगी आदि देख्दा दुःख लाग्छ । मेरो जन्म घर १५/३०५ नं आज त्यहाँ छैन । त्यसको ठाँउमा बहुतल्ले होटेल र लज निर्माण भएको छ । तर जेहोस् काल्धारा ठाँउ भने अमर छ । पानी दिने कधाल्धाराको अस्तित्व सङ्कटमा छ । केही वर्षपछि तीनवटा सङ्ख्यामा रहेको काल्धारा माथि बहुतल्ले भवननिर्माण हुनेछन् । तर त्यो ठाँउ चाहिँ "काल्धारा" को नामले चिरञ्जीवी हुनेछ भन्ने विश्वास मेरो छ ।

काल्धारापछिको मसँग घनिष्ट सम्बन्ध भएको ठाँउ बागबजार हो । यो शब्दले मेरो जीवनवृतसँग गहिरो सम्बन्ध राखेको छ । म सायद चौध पन्ध्र वर्ष जतिकी थिएँ होला त्यो समयदेखि त्रिभुवन विश्वविद्यालयको शिक्षण सेवा निवृत्त नहुन्जेलसम्म बागबजार मसँगसँगै तन्किएको छ । त्यसबेला मेरी फुपू जो पटना विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा एम.ए उच्च शिक्षा हासिल गरेकी नारी थिइन् । जुन बेला भर्खरभर्खर मात्र नारी शिक्षाको चेतनाको लहर प्रस्फुटित भएको बेला थियो । उनीहरूको साथी समूह लीला के.सी, प्रभाव बस्नेत आदि भएर बिहान सञ्चालन हुने नारी प्रौढ स्कुलको स्थापना गरे । घरमा हामी कजन दिदीबहिनी चार जना थियौं । साथै टोल छिमेकमा पनि केहीलाई फुपूले त्यो स्कुलमा भर्ना गरिदिनुभयो । उहाँको लागि हजुरबाबाले स्कुल टाढा भएकोले लेडिज साइकल किनिदिनुभयो । सुरू गरेको पहिलो दिन उहाँले चढ्नुभएको साइकल समाएर कसैलाई पुऱ्याइदियो । तर फर्कने बेला उहाँले आफै त्यो साइकल न त चढ्न आँट गर्नुभयो, न त डोऱ्याएर घर लाने । स्कुल थियो हाल रहेको पद्यकन्या स्कुल डिल्लीबजार । मैले आँट गरेर "म डोहऱ्याएर घर पुऱ्याउँछु" भनेँ । "सक्छेस" भन्नुभयो । मैले ढुक्कसँग सक्छु भने । म बाल्यकाल देखि नै अलि सुरो स्वभावको, जेजस्तो कुरामा पनि "सक्छु" गर्छु भन्ने खालकी केटी थिएँ । फुपूले बिस्तारै डोहऱ्याएर लग भनेपछि म साथीहरूसँग बाटो लागे । सबभन्दा पहिले त मलाई डिल्लीबजारको ओरालोमा नै हम्मे पऱ्यो । मभन्दा पहिले साइकल गुड्ने जस्तो भयो । त्यही पनि धैर्य गर्दै नियन्त्रित हुँदै ओरालेर विजय प्राप्तिको अनुभव गरेर पसिना पुच्दै थिएँ । बागबजारमा केटाहरूले "शक्ति छ र आँट छ भने

चढेर पो लग्नुपर्छ । हामीलाई फुस्रो ध्वाँस देखाएर हुन्छ" भन्ने डाइलग हाने । मत नतमस्तक भएर डोहऱ्याउँदै बल्लबल्ल घर पुगेँ । सबैले "ओहो डिल्लीबजारदेखि तैले डोहऱ्याएर ल्याएको" भन्दा मेरो नाक घिरौला जस्तो भयो ।

एस.एल.सी पास भएपछि बागबजारसँग चार वर्ष गहिरो सम्बन्ध रह्यो । म प्रथम वर्ष आई. ए. को पहिलो दिन कलेज गएको टुकुचा खोलासँगै रहेको घरमा हो । त्यही नै पद्मकन्या कलेज थियो । त्यसपछि अहिलेको शङ्करदेव क्याम्पस भएको ठाँउमा सऱ्यो । तर गन्तव्यको बाटो त बागबजार नै थियो । दायाँबायाँ फाट्टफुट्ट पुराना डिजाइनका घरहर थिए । बाटोमा एकाद ट्राफिक चल्दथ्यो । पेटीमा घाम ताप्ने र शीतल ताप्नेहरू बस्दथे । दिनै पिच्छे समूह आउजाउ गर्नाले स्थानीयहरूले हामीहरूलाई चिनिसकेका थिए । त्यसमा पनि प्राचार्य अङ्कुरबाबा जोशीको तत्वावधानमा शान्तिको प्रतीक पहेंलो रङ्को खदरको धोती लगाएर हामी कलेज जान थाल्यौ । पहिलो दिन काल्धारादेखि बागबजारसम्मको दुरी खदरको सारी (धोती) लगाएर हिंड्दा नली खुट्टामा बाक्लो खदर रगेटिएर रगतपच्छे घाउ नै बन्यो । त्यसपछि बानी पऱ्यो । पद्मकन्या कलेजबाट बी.ए. पास गरेपछि त्रिभुवन विश्वविद्यालयबाट नेपाली भाषा र साहित्यमा एम.ए. मा (स्नातकोत्तर) पास भएपछि फेरि मलाई बागबजारले स्वागत गऱ्यो । अर्थात् म आफू पढेको कलेजमा नै प्राध्यापक भएर प्राध्यापन पेशामा संलग्न भएँ । प्राध्यापन पेशा सुरू गरेको केही समय पश्चात् बागबजार कहिले टायर बालेको धुँवामा रङ्गवङ्गीन थाल्यो । कहिले ईटा हुत्याहुती हुन थाल्यो । हामी जाने आउने क्रममा जिन्दावाद र मुर्दावादको नारा घन्कन थाल्यो । क्याम्पस प्राध्यापन गराउने भनेर घरबाट हिंडेका हामी कहिले बागबजारको चोकमा कहिले कलेजको ढोकामा पुतला जलाएको दृश्य देख्न पुग्दथ्यौँ । बाटो हिंड्दै गर्दा हामीलाई प्राध्यापक भनेर चिनिसकेका स्थानीयबासी पसेलेहरू 'अहिले क्याम्पस नजानुस् मिस, त्यता हुलहाल भैरहेको छ' भन्दै हामीलाई सर्तक तुल्याउँथे । एकछिन अगाडि शान्त वातावरण पलभरमै गृहयुद्धमा परिणत हुन्थ्यो । टोलबासी हामीलाई देखेर सटर खोलेर 'भित्र आउनुस्' भनेर शरण दिन्थे । मैले चौतीस वर्ष पद्मकन्या क्यामपसमा प्राध्यापन गरे । हजारौं छात्राहरूलाई विद्यादान गरेँ । विश्वको जुनसुकै स्थानमा पुगे पनि कुनै न कुनै छात्रा भेटिन्छन् । आफू चिन्न सकिँदैन । क्लासभित्र पस्दा सयौँ छात्राहरू पाठ सुन्न आतुर भएका हुन्थे । तिनले हामीलाई चिन्दथे । तर हामीलाई ती सबै चिन्न कठिन हुन्थ्यो । तिनै आफूले पढाएका नानीहरूले म्याडम हजुरले मलाई क्याम्पसमा फलानो तहमा पढाउनुभएको थियो भनेर आफ्नो परिचय दिंदै आउँदा मन हर्षले गदगद हुँदो रहेछ । लाखौं करोडौंको कमाइभन्दा त्यो कमाइ अमूल्य लाग्दो रहेछ ।

काल्धारादेखि बागबजारको बाटो हिंडेर आज म जे बने त्यसमा म गौरव गर्दछु । यही बाटो हिंडेर मैले आफ्नो परिचय बनाउन सफल भएँ । काल्धारा र बागबजारतिर अहिले घुम्दै पुगेको बेला त्यहाँका कणकणले मेरो पदचाप चिनेर स्वागत अभिवादन गरेको जस्तो लाग्छ । आज म जे छु त्यो मेरा काल्धारादेखि बागबजारसम्मको गतव्यले बनाएको हो । यसमा गौरव गर्दछु ।

हाल : अमेरिका

# ट्याक्सीमा दिङ्ला



• विनोद नेपाल

खाँदबारी पुगेको भोलिपल्ट कात्तिक २० गते बिहान सूर्योदय अगावै हामी हतारहतार होटेलको छतमा उक्लियौं । अघिल्लै साँझ त्यहाँबाट मकालु हिमाल देखिने जानकारी पाएका हामीलाई त्यसप्रति विशेष उत्सुकता थियो । हामी ब्युँझँदै गरेको खाँदबारी बजारसँगै वरपरका दृश्य एवं सूर्योदय र मकालुलगायतका हिमाल हेर्ने आतुर थियौं ।

मौसमले साथ दियो । बिहानी घामका किरण पर्दै जाँदा टलक्क टल्केको मकालु हिमाल र त्यो शृङ्खला साँच्चिकै मनमोहक देखियो ।

सबै कुरा बिर्सेर उन्मुक्त भई घुम्नुको मजा बेग्लै हुन्छ । घुम्ने नै उद्देश्य हुने भएकाले जतिखेर पनि हिँडिरहुँ जस्तो हुन्छ मलाई यस्तो यात्रामा । बसेको समय खेर गए जस्तो लाग्छ । कतिपय कुरा यस्ता हुन्छन् जुन सामान्य लागे पनि महत्वका बन्छन्, भित्रैसम्म छुन्छन्, अन्तर हृदयमै स्पर्श गर्छन् । यस्ता कुरा कहाँनेर, कतिखेर भेटिन्छन् थाहा हुँदैन । यसैले केही छुट्यो कि, उम्कियो भने जस्तो लाग्छ बस्दा । हमेसा नयाँ कुरा देख्न, थाहा पाउन सके हुन्थ्यो भन्ने लाग्छ, यात्रामा निद्रा ढिलो लाग्छ र छिटो खुल्छ अर्थात् थोरै मात्र सुताइले पुग्छ ।

हिँडेपछि मानिसहरू भेटिन्छन् । अनेकथरि जिज्ञासा बाढी बनेर आउँछन् । कुराकानी गर्न मन लाग्छ । उनीहरूसँग भएका कुराकानी, होटल, पसल वा चौतारीमा, बसबिसौनीमा मानिसहरूका गतिविधि र उनीहरूबिचका संवाद र हाउभाउ नै पनि कहिले काँहीं गहकिला, मर्मस्पर्शी हुन्छन् । यसैले म त्यस्ता कुराप्रति चासो राखिरहेको हुन्छु र घुमफिरका लागि निस्केपछि वा काम विशेषले कतै पुग्दा पनि काम सकेपछि बसिरहन मन लाग्दैन ।

आज भोजपुर पुग्ने योजना छ । तर हिजै आठ बजेपछि मात्रै मनकामनातर्फ ओर्लने कार्यक्रम बनेकाले अझै केही समय यहाँ भुल्नु छ । अब कता लाग्ने ? केही समय यतै घुम्न पाए हुन्थ्यो भन्ने लागिरहेको थियो ।

यत्तिकैमा अनिश भाइ अभिवादन गर्दै आइपुगेपछि हामीलाई सजिलो भयो । भाइको अगुवाईमा हामी अर्थात् सुमित्रा, दिनेशजी, शैलेन्द्रजी र म प्रातः भ्रमणकै रूपमा खाँदबारी बजारका बाँकी स्थानको अवलोकनमा लाग्यौं । घुमफिरको क्रममा अनिश भाइले रहेपहेका धेरै कुराको जानकारी गराए । अनि घुम्दै फिर्दै होटलमा पुग्यौं ।

हिसाबकिताब सकेपछि नौ बज्नै लाग्दा हामी ओरालो लाग्यौं । झन्डै आधा घन्टाको यात्रापछि १२ किलोमिटर तल अरूण नदी किनारमा अवस्थित मनकामना पुग्यौं । हरिबोधिनी

एकादशीमा भव्य मेला लाग्ने यहाँ एकादशी मेलाको तयारी हुँदै थियो । अस्थायी छाप्राहरू बन्दै थिए ।

अघिल्लो दिन नै यस स्थानको भ्रमण गरेका हामी त्यहाँ अलमल नगरी सतीढुङ्गा हुँदै अरूण नदीको किनारैकिनार झोलुङ्गे पुल भए नेर पुग्यौं जहाँबाट हामीलाई भोजपुर जिल्ला प्रवेश गर्नुथियो ।

पुल तरी सतीघाट पुगेसँगै भोजपुर जिल्लामा पाइला पऱ्यो ।

पङ्क्तिकार पुगेको मुलुकको यो ६८औं जिल्ला हो ।

भोजपुर बजार पुग्ने क्रममा पहिले दिङ्ला पुग्ने हाम्रो योजना छ । अब यहाँबाट स्थानीय यातायातको साधनको रूपमा चल्ने जिप चढ्नु छ ।

पुल पारी एकातिर खाली जिप उभिएको छ । यता सानो पसल छ खिचिरमिचिर र चिया खाजाको । त्यहाँ केही मान्छेहरू छन् आफ्नै धुनमा ।

हामी त्यतै अघि बढ्छौं ।

'गाडीको मान्छे को हुनुहोला ? कतिखेर जाने होला कुन्नि' भन्ने हाम्रो प्रश्नमा एक युवक आएर 'मान्छे पुगेपछि जाने' जवाफ दिए ।

'कति जना भए पुग्ने हो त ?' भन्दा जवाफ आयो- '१० जना' ।

भएन फसाद ! हामी चार जना मात्र छौं, १० जना पुग्ने कहिले ?

यत्तिकैमा एक जना अर्को टुप्लुकिए । अब भयौं पाँच जना ।

यतातिर जिपलाई 'ट्याक्सी' भनिँदोरहेछ ।

महिन्द्रा कम्पनी निर्मित 'बोलेरो' चल्ने यस क्षेत्रमा 'ट्याक्सी' मा आवश्यक सङ्ख्यामा यात्रु नपुगे जुटेकाले मात्रै पूरा भाडा तिर्न तयार हुनुपर्ने, अन्यथा गाडी अगाडि नबढाउने चलन रहेछ । समयको कुरै भएन । अब हामी पुल तर्फ हेर्दै यात्रुको प्रतीक्षामा रह्यौं ।

झन्डै ४५ मिनेटको प्रतीक्षा पश्चात् आवश्यक यात्रु पुगे । अरूण किनारदेखि दिङ्लाको दुरी करिब १२ कि.मी. अनि भाडा चाहिँ असाध्य चर्को, प्रति यात्रु रू. २५०।- रहेछ । तिर्नुको विकल्प थिएन । हुन त गाडीलाई मर्का पर्दो हो अप्ठ्यारो बाटोमा तर सिन्डिकेट रहेछ यहाँ पनि धेरै गाडी गुडाउन नपाउने । यसैले भाडा अस्वाभाविक चर्को भएको हो । हामीले 'अग्रिम' अर्थात् गुड्नु अघि नै भाडा भुक्तानी गरिसकेका थियौं ।

१० बजिसक्दा 'ट्याक्सी' दिङ्लाको लागि प्रस्थान गऱ्यो । 'सजिलो हुन्छ' भन्दै अघिल्लो सिटमा बस्ने भएका सुमित्रा र म त्यतिखेर छक्क पऱ्यौं जतिखेर चालकले आफ्नो छेउमा समेत थप एक यात्रु राखी १० जनाको ठाउँमा ११ जना पुऱ्याए । यसरी चालकसमेत कुल १२ जनालाई बोकेर ट्याक्सी अघि बढ्यो ।

अरूण किनारको केही समथर भाग गुडेपछि उकालो सुरू भयो ।

अरूण सेरोफेरो यसै पनि सुन्दर छ । उकालोमा प्रशस्त हरियाली थियो । परपरसम्म हरियाली नै देखिन्थ्यो । फाटफुट घरहरू भए पनि कच्ची सडक छेउ बाक्लो बस्ती भने देखिएन ।

करिब ४५ मिनेट ठाडो उकालो गुडेपछि ११ बजे दिङ्ला पुगियो ।

दिङ्ला पुग्नासाथै हामीले हाम्रा सम्पर्क व्यक्ति त्यहाँ कार्यरत भाइ आनन्द भट्टराईलाई खोज्यौं । उनलाई त्यहाँका भ्रमण योग्य स्थानहरू देखाइदिन आग्रह गऱ्यौं ।

व्यस्तताकै बिच पनि भाइ हाम्रा लागि समय दिन तयार भए । भाइले हाम्रो चाहनाअनुसार नै योजना बनए ।

त्यस स्थानका प्रमुख आकर्षण आबाल ब्रम्हचारी षडानन्द सम्बन्धित सम्पदाहरू हुन् । दिङ्ला र सेरोफेरो समाजसुधारक योगमायासँग समेत सम्बन्धित छन् ।

षडानन्दको विषयमा विद्यालय तहमा

अध्ययन गर्दा पाठ्यपुस्तकमा नै केही अध्ययन गरिएको थियो । त्यस स्थानमा शिक्षाको क्षेत्रमा उनले पुऱ्याएको योगदानको सबैतिर चर्चा हुने गर्छ । उनी समाज सुधारकको रूपमा पनि प्रख्यात छन् ।

हामी सर्वप्रथम 'दिङ्लाका ज्योति' भनिने उनै श्री १०८ आबाल ब्रम्हचारी षडानन्द अधिकारी (जन्म १९०२ मार्ग–मृत्यु १९७३ ज्येष्ठ), सम्बन्धित श्री सीताराम षडेश्वर मन्दिरमा पुग्यौं । यस परिसरभित्र षडानन्द गुरूकुल वेदविद्याश्रम, (पुनःस्थापित २०७२), वि.सं. १९३२ मा स्थापित षडानन्द–सीताराम गुठीको कार्यालय, शिवालय, नेपाल रेडक्रस सोसाइटी उपशाखा, अपाङ्ग अधिकार सरोकार मञ्च आदि रहेछन् । यसैको पछाडिको भागमा अहिले क्याम्पस पनि सञ्चालनमा रहेछ । शिवलिङ्गहरू, शिलालेख आदि संरक्षणको लागि केही काम भएको रहेछ ।

सो मन्दिर परिसरको प्रवेशद्वार नजिकै 'अशोक' भनिने हामीले जानेको भन्दा फरक दुर्लभ ऐतिहासिक वृक्ष रहेछ । कहिल्यै पात नझर्ने अर्थात् सदावहार रहने र यो वृक्ष आबाल ब्रम्हचारी षडानन्द स्वयंले रोपेको विश्वास गरिँदोरहेछ ।

पहिले रूद्राक्षको ठुलो बगैंचा भए पनि हाल केही मात्र पुराना वृक्ष रहेछन् यस परिसर छेउछाउ । आसपासमा पनि थुप्रै रूद्राक्ष लगाइएको रहेछ । स्मरणीय छ, नेपालमै रूद्राक्षको बिरूवा भित्र्याउने व्यक्ति षडानन्द नै मानिन्छन् । उनैले सर्वप्रथम दिङ्लामा रूद्राक्ष रोपेका र हुर्काएका थिए रे । यसैको परिणाम हाल आएर भोजपुर र सङ्खुवासभा जिल्लाका विभिन्न स्थानमा रूद्राक्षको व्यावसायिक खेती भइरहेको छ । यसबाट त्यस भेगका कृषकले मनग्गे आम्दानी गरिरहेका छन् ।

श्री सीताराम षडेश्वर मन्दिरको सामुन्ने ढिस्कोमा रहेको उद्यानमा षडानन्दको अर्धकदको सालिक रहेछ । सो स्थानमा रहेको शिलालेखमा षडानन्दका प्रमुख सामाजिक तथा धार्मिक कार्यहरूका बारेमा 'श्री नर्मदेश्वर महादेवको स्थापना वि.सं. १९३२, श्री सीतारामको स्थापना तथा विद्यार्थीहरूको पठनपाठनको शुभारम्भ वि.सं. १९३२, संस्कृत पाठशाला तथा छात्रावास भवननिर्माण वि.सं.१९५५, षडेश्वर महादेवको स्थापना वि.सं. १९६०, नित्य पूजा, धर्म कार्य तथा विद्यालय सञ्चालनका लागि गुठीको सङ्कलन भई शिलापत्र स्थापना विस १९६६, शतबीज तथा रामनवमी पर्वहरूमा धार्मिक मेलाको आरम्भ एवं विभिन्न धार्मिक सामाजिक कार्यहरूमा महत्वपूर्ण योगदान । तपस्या र योग साधनाअन्तर्गत वागमती नदीको किनारमा तपस्या गरेको, २४ पटक गायत्री पुरश्चरण तथा अष्टसिद्धि योगाभ्यास, ब्रह्मज्ञान प्राप्ति र स्वेच्छा मरण' भनि उल्लेख गरिएको रहेछ ।

वि.सं. १९३२ मा स्थापित षडानन्द माध्यमिक विद्यालय हालसम्म पनि सञ्चालनमा छ । यहाँ हाल झन्डै ५ सय विद्यार्थी अध्ययनरत रहेछन् । सो विद्यालयसँग जोडिएकै परिसरमा अरूण माध्यमिक विद्यालय पनि सञ्चालनमा रहेछ ।

षडानन्द नगरपालिकाको कार्यालय पनि दिङ्लामै छ । साँगुरो ठाउँमा रहेको यो बजारका अधिकांश घरहरू टिनका छाना भएका पुराना भए पनि क्रमशः पक्की घरले विस्थापित भइरहेका छन् । बजार विस्तार हुँदै छ ।

माथि डाँडामा अवस्थित कैलाश मन्दिरबाट परपरका डाँडाकाँडासँगै खाँदबारी बजार देखियो । हामीले ठाउँठाउँमा झुरूप्प देखिएका बस्ती र गाउँठाउँका बारेमा जानकारी लियौं ।

शैक्षिक दृष्टिकोणले ऐतिहासिक एवं महत्वपूर्ण यस स्थानको अवलोकनपश्चात् हामी खाना खाईवरी भोजपुर सदरमुकाम तर्फ जाने निर्णयमा पुग्यौं । आनन्द भाइ हामीसँगै भोजपुर तर्फ जाने 'ट्याक्सी' लाग्ने ठाउँसम्म पुगे र हामीबाट बिदा भए ।

दिङ्ला र षडानन्दले प्रारम्भ गरेको गुरूकूललगायतका सम्बन्धमा, आबाल ब्रह्मचारी षडानन्द अधिकारीले झन्डै डेढसय वर्ष अघि स्थापना गरेको षडानन्द नगरपालिका स्थित षडानन्द-सीताराम गुठी बेस्याहारा भएको समाचार केही समय अघि सञ्चार माध्यममा आएको थियो । सो समाचारमा त्यहाँका भौतिक संरचना र सयौं रोपनी जग्गा अतिक्रमणमा परेको मात्र उल्लेख थिएन मठमन्दिर र गुरूकुल पाठशालासमेत अलपत्र रहेको पनि उल्लेख थियो । यतिमात्र होइन, यो स्थान लामो द्वन्द्वको चपेटामा परेको तथा दशक लामो द्वन्द्वका समयमा प्रभावित गुठी शान्ति स्थापना भएको एक दशक बितिसक्दा पनि व्यवस्थित हुन नसकेको प्रति चिन्ता व्यक्त गरिएको थियो ।

वि.सं. १९३२ मा षडानन्दले स्थापना गरेको संस्कृत पाठशाला सञ्चालनका लागि गुठीको व्यवस्था गरिएकोमा द्वन्द्वकालमा तत्कालीन विद्रोही माओवादीले गुठीको जग्गा कब्जा गरी बिक्री गरेको र ती व्यक्तिको सम्पत्तिमा परिणत भएको बताइन्छ । झन्डै एक हजार ८ सय रोपनी जग्गा रहेकोमा अतिक्रमणले सांगुरिएको, सोही स्थानमा दिङ्लाबजार विस्तार भइरहेको पनि दाबी गरिँदै आएको छ । नगरपालिकाले जग्गालाई व्यवस्थित गर्न खोजेको भए पनि त्यसमा सफल हुन नसकेको तथा द्वन्द्वकालमा माओवादीको हस्तक्षेपपछि गुरूकुल शिक्षाको पढाइ बन्द भएको समेत उल्लेख भएको समाचार सत्य रहेको भ्रमणका क्रममा भेटिएका स्थानीयसँग कुराकानी गर्दा बुझियो । रँाकिएको गुरूकुल शिक्षा २०७२ सालदेखि पुनः प्रारम्भ भएको यात्राको क्रममा बुझियो ।

स्मरणीय छ, एक सय ७५ वर्ष अघि जन्मेका आबाल ब्रह्मचारी षडानन्दले दिङ्लामा देशकै पहिलो संस्कृत पाठशाला खोली शिक्षा प्रारम्भ गर्नुका साथै सती जस्तो कुप्रथा र जातीय भेदभाव विरूद्धसमेत आवाज उठाएको मानिन्छ । यसैले दिङ्ला चेतनाको भूमि र ऐतिहासिक महत्वको स्थानसमेत हो । यस स्थानलाई सम्पदाकै रूपमा संरक्षण गरी सुरक्षित तथा व्यवस्थित गर्नु र यसको व्यापक प्रचारप्रसार गर्नु आवश्यक छ । आवागमन सहज गराउँदै यस स्थानमा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई समेत आकर्षित गर्न सकिएमा समाज सुधारकको सम्मान हुनुका साथै स्थानीय जनताको आर्थिक स्थितिमा सुधार ल्याउन समेत सहयोग पुग्नेछ ।

*- पाल्पा*

# गजल



• धीरकुमार श्रेष्ठ

भोग्नेहरूलाई थाहा हुन्छ चोटका कुरा
भोटरहरूलाई थाहा हुन्छ भोटका कुरा
हुनेखानेका त चौबीसै घन्टा दसैँ हुन्छ
हुँदा खानेलाई थाहा हुन्छ नोटका कुरा
आँलो ठड्याउनु त पानी पिएजस्तै हो
पाउनेहरूलाई थाहा हुन्छ खोटका कुरा
उपरीमाथि थुपरी हुनेका कुरै नगरौँ
नाङ्गालाई थाहा हुन्छ कोटका कुरा
अरू बेलाको एउटा सामान्य अङ्क
लुडो खेल्दा थाहा हुन्छ पोटका कुरा

*– सप्तरी*

# जीवनशैली



● नन्दलाल आचार्य

म अबुझ संसारमा छँदा रेडियो नेपालको एक कार्यक्रमकी सञ्चालिका सरिता लामिछाने कार्यक्रमको अन्त्यमा सधैँ भन्ने गर्थिन्- 'व्यस्त बन्नुस्, स्वस्थ रहनुस्' । उनको कर्णप्रिय स्वर सुन्न लालायित हुन्थेँ तर त्यो भनेको के हो, त्यसबेला ठम्याउनै सक्तिनथेँ ।

नबुझे पनि अन्तिम वाणी सुन्न चित्त व्यग्र हुन्थ्यो । त्यसपछि कार्यक्रम नै समाप्त हुने भएकाले कार्यक्रमको प्रारम्भदेखि नै छुट्टिनुपर्छ भन्ने भय हुन्थ्यो । उनी चेतनामूलक कार्यक्रम चलाउँथिन् । चेतनामूलक भनेपछि मलाई खुब मन पर्थ्यो । अहिले त हामी चेतनाहीनताले गाँजेको समयसँग हातेमालो गर्दै छौँ । उत्तिखेर त चेतनाको खाँचो टड्कारो रूपमा देखिने नै भयो ।

सधैँ शिक्षा, शिक्षण विधि/प्रविधि, अभिभावक शिक्षा र साहित्यका विविध पाटाहरूमा घोत्लँदा घोत्लँदै अचेल भने दीर्घरोगको पञ्जामा फँसियो । कस्तो जीवनशैली अपनाउँदा दीर्घरोगबाट मुक्ति मिल्ला भनेर खोजी गर्न थालियो । कम्तिमा हात मात्र चल्न सके कमाइ गरेर खान सकिन्थ्यो भन्ने विचार जन्मियो । आफूलाई आपत् पर्दा मात्र 'व्यस्त रहनुस्, स्वस्थ रहनुस् !' भन्नुको तात्पर्य बुझ्दै गएँ ।

एकपटक मिर्चैया, सिरहाको कुनै बोर्डिङ स्कुलमा पढाउने पुराना शिक्षक मित्र रमेश साह म कहाँ आए । मैले सकसले शब्द उच्चारण गरेको देख्दा उनी छक्क परे । मेरो शारीरिक दीनहीन अवस्था देख्दा मन दुखाए । म लौरो टेकेर बाङ्गो उभिएको देखेर आँखामा आँसु टिलपिल बनाए ।

उनले हत्त न पत्त भने, "आफ्नो-आफ्नो कर्मको फल सबैले भोग्नैपर्छ ! म पनि निस्क्रिय जीवनपद्धति अँगालेको फल भोग्दै छु । यत्तिखेर धेर मोटाएर रोगको मालिक बनेको छु । तपाईं पनि भोग्नुस् ।" यसो भन्दै उनले अर्कातिर मुन्टो फर्काएर आँसु पुछे ।

म छक्क परेँ । र, मुखबाट आवाज निक्लेछ, "हैन के भन्नु भएको सर ! सधैँ बोर्डिङ स्कुलको पेलानमा रहेर जीवन चलाएकै हो । पाँच तलामाथि ओहोरदोहोर गर्दागर्दै श्वास फेर्न पनि पाइन्थ्यो । सामुदायिक स्कुलमा प्रवेश पाएदेखि श्वास फेरिँदै थियो । भ्वाक्कै लडियो ।

चारचौरास पुगेर जम्ला हात गरेँ । ओखतीमूलोमा सर्वस्व गुमाउँदै गएँ । दुर्भाग्य ! भनेजस्तो सुधार भएको छैन । भए पनि कछुवा गतिमै हुँदै छ । अझ कहिलेकाँही प्रेसर बढेर सगरमाथा नै छुन खोज्छ । यत्ति नै पो हो कि जीवनजस्तो बनाउँछ ।"

मेरो बोली टुङ्गिन नपाउँदै उनले कटु वाक्य निकाली हाले, "त्यही त भनेको ! सरकारी मास्टर बनेर कुरो बिग्रियो । सरकारी ओहदा नपाउँदा जो पनि भ्रष्टमुक्त हुन्छ । सरकारी रथ हाँक्न थाल्यो भने ऐसआराममा भुल्छ । सात पुस्तालाई धन बटुल्न व्यस्त हुन्छ । अन्ततः भ्रष्टचारमा मुछिन्छ । हो, तपाई पनि त्यही बाटामा हिँड्नुभयो । पुरानो व्यस्त जीवनशैली छाड्नुभयो । नयाँ खुकुलो जीवनशैलीको मालिक हुनुभयो । प्रतिफल सामु छ, पक्षाघातले नराम्ररी थलिनुभयो । अनि, दशतिर भौँतारिएर उपचारको खोजीमा डाक्टर/वैद्यहरू जाँच्दै हिँडिरहनुभएको छ ।"

जीवनको तितो सत्य सुन्नुपर्दा मन क्षणिक अशान्त भयो । पीडितलाई अझ पीडा थप्न किन आउनुपरेको हो कुन्नि ? भन्ने लाग्यो । यद्यपि उनका तर्कहरू स्वीकार्नै पऱ्यो, किनभने ती सबै सही कुरा थिए । म अलिक सुविधाभोगी भएकै थिएँ । पहिले योग, ध्यान र प्राणायामका लागि समय दिन्थेँ । पढ्न र लेख्न पनि उत्तिकै व्यस्त थिएँ । स्कुल, कलेज पढाउँदा उत्तिकै चनाखो रहनुपर्थ्यो । पत्रपत्रिकाहरूमा रचनाहरू लेख्नुका अतिरिक्त 'मूलबाटो' साहित्यिक पत्रिका र 'शिक्षा-दीक्षा' शैक्षिक मासिक पत्रिका सम्पादनसमेत गर्थें । बिहानदेखि नै दौडधुप सुरू हुन्थ्यो, राति नौ बजेसम्म सोही क्रम चलिरहन्थ्यो । अहिले सरकारी मास्टर बनेपछि सबै काम छुटे । जीवनले तितो स्वाद लिनुपरिरहेछ ।

यता आएपछि खाली एउटा स्कुलमा चार घन्टी पढायो, खाना पकायो, खायो, बिस्तरामा पल्टियो र समय बितायो । उकालो चढ्नु पनि थिएन, ओराली झरूँला भन्ने त्रास पनि थिएन । त्यही आनन्दमा शरीर रोगाएछ । अलिकति तनाव पर्नासाथ हावाको झोक्काले रूख गर्ल्याम्मगुर्ल्लुम ढलेझैँ ढल्न पुगेँ । उठ्न जमर्को गर्दागर्दै वर्ष दिन बिते । न उठ्न नै सकिएको छ न ढलेको ढल्यै गर्न पाइएको छ । न यताको न उताको पो भइएको छ ।

उनै रमेशले राजीव दीक्षितका स्वास्थ्यसम्बन्धी प्रवचन सुन्न भनेँ । स्वामी रामदेवले सिकाउने पतञ्जली योग, प्राणायाम गर्न सल्लाह दिए । अर्जुन गौतमले आफैँ कसरत गर्ने विधिविधान फोनबाटै सम्झाए । र, बेलाबखत सोधपुछ गरी हालखबर बुझ्दै गए ।

अर्का मित्र ध्यान निर्दोष उर्फ रामकुमार चौधरीले भने दार्शनिक ओशोद्वारा प्रतिपादित बिहानको डाइनामिक ध्यान, बेलुकाको कुन्डिलिनी ध्यान र अरू बेला अक्रिय ध्यान गर्न सल्लाह दिए । यी सबै कुरा इन्टरनेट युटुबमा पाइँदा रहेछन् । खोजीमेली गरी म पनि तिनमै डुब्दै गएँ, गइरहेको छु । र, सम्झिरहेको छु- सास रहेसम्म ठिक हुने आश राखेर भविष्यमा पनि सक्रिय जीवन बनाइरहने छु ।

त्यसैले यसपटक मैले एउटा जीवनशैली सुनाउने धृष्टता गरेको छु । यसलाई मनन गरी अपनाउन सके मजस्तो दीर्घरोगी बन्नुपर्दैन भन्ने लागेको छ । मलाई लाग्छ- यी कुराले प्रभाव पार्नेछ । सक्रिय जीवन जिउने प्रेरणा दिनेछ ।

तीन हजार वर्षपूर्व महर्षि वाग्भट्टद्वारा रचित 'अष्टाङ्ग हृदयं' पुस्तकमा स्वस्थ रहने उपाय बताइएको रहेछ । 'अष्टाङ्ग हृदयं' ग्रन्थलगायत अन्य आयुर्वेद ग्रन्थमा भनिएको छ- पित्त, वायु र कफको असन्तुलनले मान्छेलाई रोग लाग्छ । यी त्रिदोषलाई

सन्तुलनमा राख्न सके कहिल्यै रोगी हुनुपर्दैन । निद्राले पित्तलाई सन्तुलनमा ल्याउँछ । त्यसैले पर्याप्त समय सुत्नुपर्छ । मालिसले वायु कम हुन्छ । त्यसैले मसाज, कसरत, ध्यान, योग, प्राणायाममा समय खर्चनुपर्छ । र, उल्टीले कफ शान्त हुन्छ ।

यसैबाट प्रभावित मैले अपनाएको र अपनाउन रूचाएको जीवनशैली यस्तो छ– रातमा सुत्नु अघि दाँत सफा गर्छु । बिहान उठ्नासाथ चिया पिएजस्तो गरेर मनतातो पानी टन्न पिउँछु । खाना खानुभन्दा आधा घन्टा अघि र खाना खाएको डेढ घन्टा पछि मात्र पानी पिउँछु । खानासँगै वा खाना खानासाथ तरल पदार्थ पिउनै परे तरकारी/दालको रस पिउँछु । अरू कुरा भने बिहान घरमै बनाएको मौसमी फलको रस, दिउँसो दही वा लस्सी (हृदयरोगी नहुँदा) र रातमा मनतातो गाईको दुध पिउने गर्छु ।

फ्रिजको पानी कहिल्यै पिउँदिनँ । पङ्खाको हावामा धेरैबेर बस्दिनँ । दिउँसो चिसो पानी पिउनै परे बरू माटाको भाँडोमा राखिएको चिसो पानी पिउँछु । बिहान सूर्योदय भएको ३ घन्टाभित्र खाना खाइसक्छु । आफ्नो रूचिको नभए पनि पोसिलो खाना पेटभर खान्छु । दिउँसो हल्का नास्ता गर्छु । र, २०–४० मिनेट मात्र आराम गर्छु ।

सम्भव भएसम्म रातको खाना सूर्यास्तपूर्व नै खान्छु । खाना खानासाथ कम्तिमा पनि ५०० कदम सुस्तरी हिँड्छु । खाना बनाउन भरसक फ्रिज, माइक्रोवेव, ग्याँस चुलो, प्रेसर कुकर तथा एल्मुनियमका भाँडाको उपयोग गर्दिनँ । सम्भव भएसम्म दाउरा चुलोकै प्रयोग गर्छु । खाना पकाउँदा हावा आवतजावत हुने ठाउँमा भाँडाको मुख नछोपी पकाउँछु । रिफाइन तेलको प्रयोग कहिल्यै गर्दिनँ । आफ्नै बारीमा उब्जने सरसौं, तोरी, तील, आलस आदिको तेल प्रयोगमा ल्याउँछु ।

खानामा आयोडिन नुनको सट्टामा सिधे नुनको प्रयोग गर्छु । चिनीको साटो सख्खर वा धागोवाला मिश्री उपयोगमा ल्याउँछु । भैँसीको दुध र त्यसका परिकारले कफ, पित, बाथ बढाउँछ भनेर सन्तुलनमा राख्न गाईको दुध र त्यसबाट निर्मित परिकार मात्र थोरै मात्रामा सेवन गर्छु ।

कुनै प्रकारका नशालु पदार्थको सेवन गर्दिनँ । चिया, कफी, मासु, मैदा र बेकरीका खानेकुरा सेवन गर्नबाट टाढै रहन्छु । साह्रै मन लागे खबटावाला माछालाई उसिनेर थोरै नुन छर्की खान्छु । भुटेको, तारेको खाना जिब्रोका लागि स्वादिलो हुन्छ तर शरीरका लागि हानिकारक हुन्छ । त्यसैले यी परिकारबाट टाढै रहन्छु । सधैँ पूर्व दिशातर्फ शिर बनाएर सुत्छु । सुत्नु अघि सकारात्मक विचारसहित मनोविनोद गर्छु । यसले मेरो अवचेतनमनलाई मलजल प्राप्त हुन्छ । र, मैले बोले गरेको कार्य सर्वस्वीकार्य हुँदै गएको छ ।

बोत्रावाला दाल, तरकारी आदिको उपयोग गर्छु । बिहान–बेलुका प्रत्येक दिन २ थोपा गाईको घिउ नाकमा हाल्छु । यसो गर्दा एलर्जी हट्छ, श्रवनशक्ति बढ्छ । मानसिक शान्ति मिल्छ र मेमोरी पावर पनि बढ्छ । चिल्लो हालेको खाना खान मनाही गरेका हृदयरोगीलाई पनि गाईको घिउले फाइदा पुऱ्याउँछ । नाकमा घिउ हाल्दा रूघाखोकी, सर्दी हट्छ, रातमा मस्त निद्रा लाग्छ ।

संसारका सफल व्यक्तिले

अपनाउने गरेका तल वर्णित ६ वटा ' मोर्निङ ह्याबिट' लाई मैले पनि आफ्नो जीवनको आदत बनाउने प्रयत्न गरेको छु । ती हुन्-

१. साइलेन्स अर्थात् शान्त- बिहान ४ बजेको सेरोफेरो (जसलाई अमृतबेला पनि भनिन्छ) मा उठेर मनलाई शान्त बनाउँछु । चराचुरूङ्गी चिरबिराएको र नदीनाला बगेको आवाज सुन्छु । विशेषतः अक्रिय ध्यानमा मग्न हुन्छु । यसले मनलाई शान्त बनाउँछ, अपूर्व आनन्द दिलाउँछ ।

२. एफर्मेसन्स अर्थात् सकारात्मक बातचित- शरीर र मन शान्त भएपछि स्वयम्मा सकारात्मक बातचित गर्छु अर्थात् सारा नकारात्मक कुराहरू बिर्सी सकारात्मक पाटाहरू मात्र सम्झन्छु । एक्लै मनोवादमा मस्त र मग्न हुन्छु । सकारात्मक कुरा दोहो-याइ रहँदा त्यसलाई अवचेतन मनले पनि सत्य मान्न थाल्दो रहेछ । र, परिणाम पनि सकारात्मक हुँदै जाँदो रहेछ ।

३. भिजुलाइज अर्थात् दृष्याङ्कन- आफूले गर्न चाहेका वा आफूले हुन चाहेका कुराहरू साकार भएको कल्पना गर्छु । सपना देख्दैमा पनि कतिपय नकार पाटाहरू सकारमा बदलिँदै गएको र मनमा उत्साह थपिएको अनुभव गरेको छु ।

४. एक्सरसाइज अर्थात् कसरत/योग/ध्यान/प्राणायाम- म खाली पेटमा बिहान-बेलुका डेढ-डेढ घन्टा जति समय यसमा बिताउँछु । राजविराज आयुर्वेद अस्पतालका प्रमुख डा. शिवशङ्कर यादव, राइजिङ स्टार प्यारागन स्कुल, राजविराजका शिक्षक तथा सञ्चालकद्वय सुनील चौधरी र श्यामप्रित मण्डल अनि युवा पत्रकार श्यामसुन्दर यादवलगायतका महानुभावहरूको सल्लाह, सुझाव र दबाबमा अनुलोमविलोम, भस्त्रिका र कपालभाति प्राणायामलाई विशेष जोड दिँदै आएको छु । यसले नशारोगीलाई विशेष लाभ पु-याउँछ रे । मनको बेचैनी भगाउँछ रे । अनि, सकारात्मक सोच र समझ जन्माउँछ रे ।

५. रिडिङ अर्थात् अध्ययन- त्यसपछिको दैनिक कर्म अध्ययन हो । मनलाई बोझ थप्ने हैन, बोझ कम गर्ने प्रेरणादायी जीवनी, कथा, उपन्यास आदित्यादि अध्ययनमा समय बिताउँछु । एकाबिहानै अखबारका कुरा पढेर र सुनेर सारा दिन खराब गर्दिनँ । ती कुरा दिउँसो मात्रै पढ्छु ।

६. स्कारबिङ अर्थात् लेखन- मसँग सधैँ डाइरी र डटपेन हुन्छ नै । आफ्नो दैनिकी डायरी बुँदागत रूपमा लेख्छु । आफ्नो मनमा उब्जिएका भावनाहरू लिपिबद्ध गर्छु । तितो-मिठो अनुभवले कटुसत्य अभिव्यक्त गर्छ । पछि पढ्दा र सम्झँदा मनै आल्लादित हुन्छ । मेरा पुराना केही अनुभूतिहरू यस्ता छन्-

हरेक बच्चामा विलक्षण दक्षता हुन्छ । सबैका सपना प्यारा हुन्छन् । बच्चाहरूलाई सपना देख्नबाट बञ्चित पारे समाजको अपराधी भइन्छ । विद्यार्थीलाई अन्वेषण कार्यमा लगाउनु शिक्षकको धर्म हो । यद्यपि बाटामा आएका व्यवधानलाई हटाउन मार्ग देखाई बिनाअवरोध खोजयात्रामा निस्कन पनि सहयोग गर्ने काम शिक्षककै हो । बच्चाको सङ्गत पाए मलाई संसारको सबै खुशी भेटेको अनुभव हुन्छ । विद्यार्थीकै भाका र लयमा शिक्षकले आफूलाई ढाल्नुपर्छ । अर्थात् आफैँ बच्चा बनेमा मात्र बालमनोलोकमा विचरण गर्न पाइन्छ ।

अभिभावकले आफ्ना बच्चालाई

खेलौना नदिए क्षणभर रून्छन् तर असल संस्कार नदिए जीवनभर रून्छन् । आजका बच्चाको भविष्य कस्तो बनाउने त्यो हामी अग्रजकै हातमा छ । हाम्रा हरेक क्रियाकलापको असली अनुकरणकर्ता हाम्रै बच्चा हो । भोलिको दिन सुनौलो पार्ने हो र वास्तविक नयाँ नेपालको निर्माण गर्ने हो भने घरपरिवारमा अभिभावक, विद्यालयमा शिक्षक र समाजमा अग्रजहरू संस्कार युक्त हुनु आजको आवश्यकता हो । किताब त ज्ञान सिकाउने एक माध्यम न हो, ज्ञान त जताततै छरिएको छ, शिक्षकले आफ्ना विद्यार्थीलाई त्यो ज्ञान बटुल्ने कला सिकाइदिनुपर्छ ।

मान्छे हर्दम होस्मा हुनुपर्छ । हरेक काम होस्ले गर्दा धर्म आर्जन हुन्छ । होस् गुमाएर गरिएको कर्मले पाप कमाइन्छ । भरसक मान्छेले अरूको खुशी लेख्ने डटपेन बन्नुपर्छ । नभए पनि अरूको दुःख मेट्ने इरेजर भने अवश्य हुनुपर्छ । समस्या भोग्न सक्नेले मात्र सफलताको स्वाद पाउँछ । विद्यार्थीले एउटै लक्ष्य, त्यसकै ज्ञान, त्यसमै मेहनत र त्यही प्राप्त गर्न दृढ सङ्कल्पित रहे कहिल्यै असफलता भोग्नुपर्दैन । कसैले पनि सकारात्मक सपना देख्न चुक्नुहुन्न ।

दृढ सङ्कल्पले नै आधा सफलता हात पर्छ । अध्ययनको जरो तितो हुन्छ तर फल चाहिँ मिठो हुन्छ । निडर व्यक्तिले समस्यालाई स्वागत गर्छ । मान्छेको अनुहारमा नाच्ने मुस्कान जीवनको उपहार हो । त्यसलाई कायम राख्नेले समाजलाई नै उज्यालो बनाउँछ । त्यसलाई आँसुले पखाल्ने र क्रोधले मेट्ने काम गर्ने व्यक्ति आफू पनि अँध्यारोमा जाकिन्छ र अरूलाई पनि कराल खोपिल्टोमा जाक्छ । मुस्कानको घर मान्छेको अनुहार नै हो ।

असल कर्मद्वारा आफ्नो भाग्य पनि आफैँ लेख्नुपर्छ, अरूलाई लेख्न दिनुहुन्न । निराश हुनु भनेको आफ्नो कर्ममा आफैंले अविश्वास गर्नु हो । विश्वासले मात्रै सफलताको स्वाद दिलाउँछ । हाम्रो बोलीले नै धेरै जसो समस्या जन्माउने र समाधान गर्ने गर्दछ । भाँती पुऱ्याएर बोल्दा नमिठो कुराले पनि मिठो स्वाद दिन्छ । राम्रै कुरा पनि रूखो तबरले बोल्दा समस्या पैदा हुन्छ अर्थात् नम्रतापूर्वक भनिएको कटु कुरो पनि गुलियो मानिन्छ तर राम्रो कुरा कटु पाराले भन्दा सन्देहजनक हुन्छ । सन्देहमा विश्वासको बास हुन्न । बिनाविश्वास जगत् चल्दैन ।

बदला लिएर हैन आफूलाई बदलेर समस्याको समाधान हुन्छ । झैंझगडाले सम्बन्ध टुटाउनुको साटो सम्बन्ध बढाएर झगडालुलाई जुटाउनु ठुलो कुरा हो । अरूको कमजोरीलाई हँसीमजाकमा बदल्नुहुन्न किनभने सबैसँग कमजोरी रहन्छ र अरूसँग पनि हँसिमजाक गर्ने सामर्थ्य हुन्छ । जीवनलाई आफ्नै लय र सूरमा हिँड्न दिनुपर्छ । प्रतियोगिताजस्तो अरूलाई उछिन्न खोज्नु बुद्धिमानी होइन । नकारात्मक विचारले सकारात्मक जीवन बनाउँदैन । फलामले फलामलाई काटेजस्तो पनि क्रोधले क्रोधलाई काबुमा ल्याउँदैन । बरू विनाश मात्रै जन्माउँछ ।

म उपर्युक्त वर्णित कामकुरालाई आफ्नो दैनिक जीवनको सूत्र बनाउन प्रयत्नशील छु । यी कुराहरूलाई सबै सरोकारवालाले शतप्रतिशत आफ्नो जीवन-शैली बनाउने हो भने 'व्यस्त बन्न र स्वस्थ रहन !' कसैको भर पर्नु नपर्ला भन्दा अतिशयोक्ति गरेको नठहर्ला ।

*हाल : गोलबजार, सिरहा*

# जीवनको तयारी गर्दागर्दै मृत्यु



● पुण्य कार्की

अन्ततः हामी सबै बाँच्ने तयारी गर्दागर्दै मर्दारहेछौँ । फेरि हाम्रो तयारी कहिल्यै पूरा हुँदो रहेनछ । तयारीका अनेकौँ क्रम उपक्रमहरूको फपेहरिस्तमा जाँदो रहेछ मानव मन । तयारी तयारीमै व्यस्त हुँदाहुँदै जाने घडी आउँदो रहेछ, त्यसको अलिकति पनि ज्ञान भए मान्छे अर्कै किसिमले बाँच्यो होला । आशन्न मृत्युको थोरै भएपनि बोध भए आनन्दको पललाई तन्श्रण भोग्थ्यो होला । आजै भोग्ने सुखलाई भोलिको निम्ति याति राख्दैनथ्यो होला । आजै लिनुपर्ने आनन्दलाई भविष्यको निम्ति साँची बस्तैनथ्यो होला ।

हामी दुःख जति आज भोग्न तयार छौँ । सुख र आनन्द भविष्यलाई चाहिन्छ भनी साँचेर राख्छौँ । साँचेको खुशी ओठमा पोत्न नपाई मृत्युशैयामा लम्पसार बन्छौँ । एक जना साथी थिए मेरा, त्यो बेला उनी र म एउटै पाठशालामा पढाउँथ्यौँ । हामी रहेको त्यस ठाउँमा दामीदामी काठ पाइन्थ्यो । उनी झापादेखि जागिर खान उदयपुर आएका थिए । त्यहाँ रहुन्जेल उनले काठका अनेकौँ मालताल निर्माण गराएँ । महङ्गा महङ्गा पलङसेट निर्माण गरे । सोकोस बनाए । आलमारी बनाए । कुर्सी टेबुल बनाए । हेर्दै लोभ लाग्दा ती सामग्री त्यहाँ रहुन्जेल एकदिन पनि उपभोग गरेनन् । थोत्रे खाटमा सुत्थे आफु दामी पलङ फोल्ड गरेर राखेका हुन्थे ।

"पलङ चाहिँ फोल्ड गरेर कुनामा थन्क्याउनुहुन्छ, अनि थोत्रे खाटमा सुत्नु हुन्छ, यो के चाला हो तपाईको ? ओछयाउनुस्न, सुत्नुहोस् नयाँ पलङमा" म सुझाव गर्थे । उनी भन्थे - "तपाईलाई थाहा नै छैन मित्र ! यो पलङ यस्तो नाथे थोत्रे डेरामा राख्न बनाएको हुँ र ? निकट भविष्यकै झापामा पक्की घर ठडिने छ । त्यही घरको शानदार कोठामा यसलाई बिछ्याउनेछ । अनि पो आनन्दले सुत्ने हो । अहिले अर्काको घरमा पलङमाथि के सुतिराख्नु ?"

त्यो घडी उनको सुनौलो योजना मलाई पनि मनासिबै लागेको थियो । उनले पटकपटक गरी थुप्रै काठे मालताल झापा ओसारे । हुँदाहुँदा पलङ बनाउँदा निस्केको काठको धुलोसमेत बोरामा प्याक गरी झापा पुऱ्याए । हलोको अनौ, हरिसदेखि ठेकी मदानी कति हो कति चिज झापा पुऱ्याए । उनको बाँच्ने तयारी देख्ता मजस्तो फुंगदने फकिर चरित्रको

मान्छेलाई अनौठो लाग्थ्यो ।

एकदिन पढाउँदा पढाउँदै पेट दुख्न थाल्यो । जँचाउन काठमाडौँ गए । तर पेटमा कहिले कहिले क्यान्सर भइसकेको रहेछ । तुरुन्तै शल्यक्रिया गरियो । तर उनी बाँच्न सकेनन् । उनले भोलिको सुखको लागि जोडेका पलङ दराज सबका सब चिज उनका लागि व्यर्थ बने । काम त दियो होलो, स्वास्नी छोराछोरी र परिवारजनको निम्ति । तर उनकै लागि त्यसको कुनै काम भएन । सम्भिन्छु, ओहो ! उनमा जिजीविषाको कति ठुलो परिताप सघन थियो । जे जेमा पनि लोभ गर्नुपर्ने, जे चिज पनि साँच्नुपर्ने, जे चिज पनि घरमै उदाउनुपर्ने, कुनै दिन उनले शान्तिका साथ सास फेरेनन् । कुनै दिन उनले सन्तोषको अनुभूति सँगालेनन् । अहोरात्र तृष्णाको तडपनमा केही जोडिरहेका हुन्थे । केही थुपारिरहेका हुन्थे । यी सबै कुराको पछि बाँच्ने वासनाको लालसा यति तीव्र थियो । जसको तयारीमा उनी चौबीस घन्टा अन्फनाइरहेका हुन्थे । तर नियतिले उनैलाई लामो समय बाँच्न थिएन । कति विरोध भासपूर्ण छ मृत्युको नियम ।

अर्का एक मित्रले हालसालै जस्तो एक राम्रो घर बनाए । पहिले टिनको छाप्रे घरमा बस्थ्यो सामान्य अवस्थाका ती मित्र । राजनीतिको सघन उपस्थितिले सम्मानको उचाई टेक्दै गए । उनलाई लाग्यो - अब यो छाप्रो घरले मेरो इज्जत धान्न सक्दैन । मेरो नामलाई अब यस घरले शोभा दिन सक्दैन । फलस्वरूप गतिलै घर बनाए । महङ्गा फर्निचर र डेकोरेसनले सुसज्जित गरे । त्यस घरमा सरेको केही समयमा नै मोटरसाइकल दुर्घटनामा संसारबाट बिदा लिए । उनी पनि सुखपूर्ण जीवनको तयारीकै क्रममा थिए । तयारी नै गर्दा गर्दै अनायास देह छोडेर हिड्नुपर्‍यो ।

एक जना मसित औधी मिल्ने किराती साथी थिए । उनलाई धन कमाउनुको कुनै ठुलो इच्छा थिएन । उनीभित्र एउटै आकाङ्क्षा जब्बरसित गाडिएर रहेको थियो, डबल डिग्री, ट्रिबल डिग्री हासिल गर्ने, देशको इनेगिने विद्वान् बन्ने । किरात जातिमा एक गन्तीको बुद्धिजीवी बन्ने उनको चाहना थियो । चाहनाबमोजिम नै उनले डबल विषयमा मास्टर्स डिग्री लिइसकेका थिए । कानुनमा बि.एल. पनि गर्दै थिए । क्याम्पसमा पढाउन थालेर आफ्नो विद्वताको आभा पनि फैल्याउन थालेका थिए । एक दिन घाममा सुकाएका लुगा टिप्न छतमा चढेछन् । लुगा उठाउन प्रयोग गरेको फलामको छडले छत माथि टाँगिएको ४४० भोल्टको विद्युत्को नाङ्गो तारलाई छोएछ । अइया पनि भन्न नपाई ठाउँको ठाउँ करेन्ट लागेर मरे । उनी डिग्री माथि डिग्री लिने ध्याउन्नमा थिए । ती लिएका सर्टिफिकेट सब व्यर्थ बने । मृत्युले गाँजेपछि धन, पद, पैसा, प्रमाणपत्रजस्ता सबैसबै चिजलाई खरानीतुल्य बनाउँदो रहेछ ।

एक जना मानिस विदेशमा कुरूस्त कमाएर गाउँ फर्क्यो । हिजो केही थिएन । तर आज खेत जोड्यो । घर बनायो । हुन पनि आठदश वर्ष विदेश बस्यो । त्यहाँ मरिकुच्चे पसिना बगाए । प्रतिफल स्वरूप राम्रै घरजम बसायो । बालबच्चा परिवारसित धेरै वर्ष बिछोडिएर कमाएको थियो । उसलाई भने - अब देशमै बस । आफ्नो जीवनलाई पुग्ने कमायौँ । जहान

छोराछारीसित धेरै साल बिछोड भयो। परिवार बालबच्चालाई अब तिम्रो खाँचो छ। बालबच्चासित ढुक्कले बस।

सुरूमा त उसले हुन्छ जान्न, तपाईले भन्नुभएको कुरा ठिक हो भन्थ्यो। तर केही समयपछि भेट्ता विदेश जाने चक्करमा कुदिराखेको पाएँ। सोधेँ- तिमीलाई अझै धनले पुगेन ? किन फेरि विदेशकै चक्करमा पागल भएका छौ ?

उसले भन्यो- मलाई त पुग्यो। यी दुई आमा छोराको लागि अझै केही जोडिदिनु पर्‍यो। ऊ फेरि विदेश उड्यो। तर छ महिनापछि बाक्सामा लास बनेर फिर्ता भयो। ऊसित पछिल्लो समय भएको संवाद सम्झें। खुट्का लागिरह्यो। उसले आफ्नो मृत्यु देखेको भए, किन मरिहत्ते गरेर जान्थ्यो होला र ? आफ्नो लागि सम्पत्ति कमाएर आफ्नो तयारी पूरा गरेको तर बालबच्चाको भविष्य तयारी गरिदिन ऊ त्यता लागेको थियो। आफ्नो लागि मात्र होइन, अरूको जीवनको सुव्यवस्थाको लागि, अरूको जीवनको तयारीको लागि मान्छे अनाहक मृत्यु मर्दोरहेछ।

तत्काल तत्क्षणको जीवनप्रति बेवास्ता गर्छौं हामी। भोलिको खुशीमा रमाउन भोलिको आनन्दमा डुब्ने कल्पनामा आजलाई अनाहक बलिदान गर्छौं। वर्तमान क्षणको यो बलिदान निकै चर्को मूल्यमा व्यय गर्नुपर्दो रहेछ। तत्क्षणको जीवन तत्क्षण नै भरपुर आनन्दमा जिउन कन्जुस छौं। भोलिको थोक आनन्द भोग्ने अभिलाषामा आजको क्षणमा भोग्नुपर्ने खुसी कटौती गरेर अगाडि बढ्दा रहेछौं।

आजलाई आजकै दिन मस्ती उमङ्गमा जिउनु पर्नेमा त्यसलाई भोलिको लागि साँच्छौ, पर्सिको लागि थाती राख्छौ, भविष्यको लागि सञ्चित गर्छौं। तर सञ्चित खुशी भोग्न नपाई पछाडि लुकेरबाट लुकेर कालले कटारी धसिरहेछ मानव पिठ्यूँमा। त्यो काल कटारीको आजकै क्षण चेतना भयो।

*– गाईघाट, उदयपुर*


# हार्दिक अनुरोध

- वनको संरक्षण गरौं।
- खाली पर्ति जमीनमा वृक्षा रोपण गरौं।
- वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं।
- प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं।
- जथाभावी रूपमा रूख नकाटौं ।
- मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं।
- आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ।

**गढीमाई साझेदारी वन व्यवस्थापन समिति परिवार**
**बारा**

# रामायण



● हरिमोहन झा

खट्टर काका रामनवमीको फलाहारका निम्ति किसमिस किन्दै थिए ।

मैले भनेँ - खट्टर काका, आज राति ठुलो चउरमा रामलीला छ । जानुहुन्छ ?

खट्टर काकाले सोधे- कुनचाहिँ लीला हुन्छ ?

मैले भनेँ - सीता वनवास ।

खट्टर काकाले भने - उसो भए जान्नँ ।

म- किन नि खट्टर काका ? मर्यादा पुरूषोत्तमले त एकसेएक आदर्श देखाएर जानुभएको हो नि !

खट्टर काकाले भने - अँ, त्यो देखाएरै गएका हुन् । अबलालाई कसरी दुःख दिनुपर्छ ? सती साध्वीलाई कसरी घरबाट निकाल्नुपर्छ ? कुनै स्त्रीको नाक काट्न लगाऊ । कुनै स्त्रीमाथि वाण चलाऊ । यसो बुझ्दै जाँदा नारीलाई रूवाउने कामबाटै उनको वीरता आरम्भ हुन्छ र त्यसैबाट समाप्त पनि ।

म- खट्टर काका, भगवान्‌ले मानिसको अवतार लिएर यी सारा लीलाहरू गर्नुभएको हो ।

खट्टर काकाले भने - के निर्दयिताविना लीला गर्न सकिन्नथ्यो र ? तर यथार्थमा दोष उनको पनि होइन । उनले पहिले नै विश्वामित्रजस्ता गुरू फेला पारे जसले विद्यारम्भ नै ताडकावधबाट गराए । नत्र के रामले जीवनको पहिलो प्रहार नारीमाथि हुन्थ्यो ? तर विश्वामित्रको त मस्तिष्क नै उल्टो थियो । उनले आफ्नो नामको अमित्र शब्दलाई मित्र प्रमाणित गर्न व्याकरणको नियमै फेरिदिए, राजर्षिबाट ब्रह्मर्षि बन्नका लागि वर्णव्यवस्थाको नियम उल्टाइदिए, वशिष्ठसित प्रतिस्पर्धा गर्दा नीति र मर्यादालाई रसातलमा पुऱ्याइदिए । अनि रामलाई के शिक्षा दिऊन् ? स्वयम् सिद्धः कथं परान् साधयति ?

मैले भनेँ – खट्टर काका, रामचन्दजीले त न्यायको आदर्श देखाउनुभएको छ नि ! न्यायका निम्ति सीताजस्ती पत्नीलाई पनि वनवास पठाउन सक्नुभयो ।

खट्टर काकाले भने - त्यसो होइन नि ! उनको त कुलकै रीति त्यस्तो थियो । बाबुले यिनलाई वनबास पठाए । यिनले पत्नीलाई वनबास पठाए । तिमी न्यायको दुहाइ दिन्छौ ! के कसैले भन्यो भन्दैमा कसैलाई फाँसीमा झुन्ड्याइदिनु न्याय हो ? न्याय नै गर्नुथियो भने वादी प्रतिवादी दुबैलाई राजसभामा बोलाउँदा हुन् अनि दुबै पक्षका वक्रव्य सुनेर न्यायसभामा नै निष्पक्ष निर्णय गर्दा हुन् तर त्यस्तो त केही गरेनन् । चुपचाप सीताजीलाई वनमा पठाइदिए । यो कस्तो आदर्श हो ? एउटा सामान्य प्रजालाई जति अधिकार छ त्यति पनि महारानी सीताले पाइनन् ।

म- परन्तु रामजीलाई त प्रजावत्सलताको आदर्श देखाउनुथियो...।

खट्टर काका - त्यस्तो होइन । अयोध्याका प्रजाको चाहना यस्तो थिँदै

थिएन । त्यसैले रातारात चुपचाप रथ हाँक्न लगाए, अनि लक्ष्मण त सबैमा हाजिर । शूर्पणखाको नाक काट भने चक्कु लिएर तयार । सीतालाई वनमा छोडेर आऊ भने रथ लिएर तयार । बिहानै जब प्रजामा खबर पुग्यो तब हाहाकार मच्चियो । तर राजा रामले आफ्नो हठका अगाडि प्रजाको प्रार्थना कहिले पो सुने र ! आफ्नै वनवासको बेलामा प्रजाका कुन कुरालाई मान्यता दिए र सीताको पालामा दिऊन् !

मैले भनेँ - खट्टर काका, त्यो त पिताको वचन पालन गर्नका लागि वनवास गएका थिए नि !

खट्टर काकाले भने - अलिकति तर्कशास्त्रको प्रयोग गर त ! वनवासको अर्थ के हो ? सर्वेषु वनेषु वासः (सबै वनमा वास) कि कस्मिंश्चिद् वने वासः (कुनै वनमा वास) ? यदि पहिलो अर्थ लिने हो भने त्यो उनले पालना गरेनन् र गर्नु सम्भव पनि थिएन । यदि दोस्रो अर्थ हो भने अयोध्याकै कुनै वनमा बसेको भए भइहाल्थ्यो अथवा चित्रकूटमै चौध वर्ष बिताएको भए हुन्थ्यो । यसरी पनि त पिताका वचनको पालना हुन्थ्यो नि ! फेरि त्यो हजारौं मिल टाढा भट्किनु किन पर्थ्यो ? त्यो पनि हिँडेर र सुकुमारी सीतालाई सँगै लिएर ! यही प्रश्न जब मिथिलाका नैयायिक गौतमले गरे तब रामले कुनै उत्तर दिन सकेनन् । उल्टै झर्केर भने -

यः पठेत् गौतमी विद्यां शृगालीयोनिमाप्नुयात् । (जसले गौतमीको विद्या पढ्छ, त्यसको स्यालको जुनिमा जन्म)

अब भन त, यस्तो पनि कुनै उत्तर हुन्छ ? के शास्त्रार्थ गर्नु झुक्नु हो ? के गर्नु, मिथिलाको न्याय पढेका भए त अन्याय गर्दैनथे कि !

खट्टर काकाले नरिवल काट्दै भने - लौ मानौं, यदि प्रजाले एउटै स्वरमा सीतालाई निर्वासित गर्न भनेका भए पनि रामको आफ्नो कर्तव्य के थियो ? जब उनलाई सीता निर्दोष छन् भन्ने थाहा थियो र अग्निपरीक्षा पनि दिइसकेकी छन् तब संसारले भन्दैमा के हुन्छ र ? उनी त आफ्नो न्यायमा पो अटल रहनुपर्थ्यो । तब पनि यदि प्रजाको विद्रोहको आशङ्का देखिए फेरि भरतलाई नै राज्य सुम्पेर दुबै जनाले वनको बाटो समाउनुपर्थ्यो, तब पो आदर्शपालन भनिन्थ्यो ! परन्तु राजा रामले केवल राज्यलाई महत्त्व दिए, प्रेमलाई दिएनन् । महारानी सीताले त आफ्नो पत्नीधर्मका सामु संसारकै साम्राज्य छोडिदिन्थिन् तर राजा रामले पतिधर्मका लागि अयोध्याको राजगद्दी छोड्न सकेनन् । सतीशिरोमणि सीताका निम्ति उनले त्यति पनि त्याग गर्न सकेनन् जति बेलायतका एक राजा अष्टम एडवर्डले आफ्नी प्रेमिका सिम्प्सनका निम्ति गरेका थिए ।

मैले भनेँ - खट्टर काका, मलाई त के लाग्छ भने सीता वनवासका कारण तपाईंको मनमा गहिरो आघात परेको छ ।

खट्टर - किन नहोस् त ! सीताको जीवन दुखैदुखमा बित्यो । बिचरीले कहिल्यै सुखको अनुभव गर्न पाइनन् । जङ्गलमा पतिको पछि लागेर कहाँकहाँ पुगिन् अनि जब दरबारमा बस्ने बेला भयो तब निकालिइन् । उता वनमा त 'ए सीता ! ए सीता !' भन्दै धुइँपत्ताल गरे । समुद्रमा पुल बनाए । अनि उनै सीता जब फर्केर आइन् तब घरमा बस्नै पाइनन् । त्यसैले त मिथिलाका मानिसहरू छोरीको विवाह पश्चिममा गर्नुहुँदैन भन्छन् ।

खट्टर काकाका आँखामा आँसु भरियो । उनी केही बेर घोरिए । अनि भने - सीताजस्ती देवीप्रति यस्तो निर्दयता ! उनी तन, मन र वचनले रामको सेवामा लीन रहिन् । उनकै पाइला पछ्याउँदै हिँडिन् । कस्ताकस्ता दुर्गम जङ्गलहरूमा घुमिन् ! उनैलाई सन्तुष्ट पार्न आगोमा हामफालिन् । अग्निप्रवेशको

समयमा सीताले भनेकी थिइन् -

जौ मन वच क्रम मम उर माहीँ, तजि रघुवीर आन गति नाहीँ

तौ कुसानु सब कै गति जाना, मों कहँ होउ श्रीखंड समाना ।

अनि आगाको ज्वाला पनि चन्दनजस्तै शीतल बन्यो ।

श्रीखंड सम पावक प्रवेश किया सुमिरि प्रभु मैथिली ।

उनी खारिएको सुनजस्तै चम्किली भएर बाहिर निस्किन् । परन्तु उनै सर्वश्रेष्ठ सतीका साथमा यस्तो हृदयहीन व्यवहार भयो । गर्भको आठौँ महिनामा घरबाट निकालिइन् । यस निष्ठुरताको त दुहाइ छ । सीता मिथिलाकी कन्या थिइन्; मुखबाट 'सी...!' सम्म निकालिनन् । त्यही त ! अर्को ठाउँकी भएकी भए देखाइदिने थिइन् । म भन्छु, सम्बन्धबिच्छेद गर्नु नै थियो भने पनि उनकै माइती जनकपुर पठाइदिएको भए हुन्थ्यो । त्यस्तो घनघोर जङ्गलमा कसरी पठाउन सकेका ! बिचरी सीतालाई यस पृथ्वीमा जब न्यायको आशा रहेन अनि पातालप्रवेश गरिन् । जुन माटाको कोखबाट निस्केकी थिइन् त्यसैमा विलीन भइन् । विश्वकी सर्वश्रेष्ठ सतीको यस्तो कारूणिक अन्त्य ! त्यसैले पृथ्वी पनि फाट्यो नि !

मैले सान्त्वना दिनका लागि भनैँ - खट्टर काका, समस्याको जरो त त्यो धोबिनी थिई हैन ?

खट्टर काकाका आँखा राताराता भए । उनले भने - तिमीसित मेरो प्रश्न छ, लौ, यदि कुनै धोबीले रिसले गधाको पिठ्युँबाट हाम फाल्यो रे ! अब के म तिम्री काकीलाई घरबाट निकालिदिऊँ ? तर रामचन्द्रले त त्यस्तैलाई साथमा लिएका थिए । निषाद, केवट, भिल्लिनी, गिद्ध, भालु, बाँदर...यस्तैयस्तैका बिचमै त रहेका हुन् । बाबुले मूर्ख दासीका कुरा सुनेर छोरालाई वनवास पठाए, छोराले मूर्ख धोबीका कुरा सुनेर पत्नीलाई वनवास पठाए । उनको दरबारमा सानाकै कुरा चल्थे । घरभित्र मन्थरा र बाहिर दुर्मुख ।

म- खट्टर काका, त्यो त नीतिपालनका लागि ...

खट्टर काकाले बिचैमा कुरा काटेर भने - नीति होइन, अनीति भन । यति नीतिकै आदर्श देखाउनुथियो भने बालिलाई त्यसरी रूखको आडमा लुकेर किन मारे ? आमुन्नेसामुन्ने लेडेर मार्दा हुन । उतिबेला 'कालहुँ डरै न रघुवंशी' (रघुवंशी कालसित पनि डराउन्नन्) वाला वचन कहाँ गएको थियो ? त्यसैले त बालिले पनि छेड हानेका थिए नि -

धरम हेतु अवतरेउ गोसाईं, मारेउ मोहि व्याध की नाईं । (हे प्रभु, धर्मका निम्ति अवतार लिएको भन्ने अनि मलाई व्याधाले झैँ लुकेर मार्ने ?)

यदि मर्यादाको रक्षा गर्नु नै थियो भने त्यसै अनीतिका लागि सुग्रीवलाई किन दण्ड दिएनन् ? विभीषणलाई किन मारेनन् ? रामायणकारले पनि स्वीकार गर्नुपर्‍यो -

जेहि अघ बधेउ व्याध जिमि बाली, फिरि सुकंठ सोइ कीन्ह सुचाली ।

सोइ करतूत विभीषण केरी , सपनेहु सो न राम हिय हेरी ।

(जुन कारणले व्याधाले झैँ बालिलाई मारे पछि त्यही सुग्रीवले गरे । त्यही कर्तुत विभीषणले पनि गरे तर त्यो रामले देखेनन् ।)

अनि प्राणदण्ड दिए बिचरो शम्बुकलाई जो सात्त्विकताका साथ तपस्या गरिरहेको थियो ।

म- परन्तु मर्यादा पुरूषोत्तम...

खट्टर काका बिचमै बोले - तिमी चाहे मर्यादा पुरूषोत्तम भन तर म भने उनमा उत्ताउलोपन नै देख्छु । केटाकेटीझैँ सुनौलो मृगका पछाडि किन दगुरे ? सीताको वियोगमा रूखलाई अँगालो हालेर किन आलापविलाप गर्न पुगे ?

एकातिर सुग्रीवसित त्यस्तो प्रगाढ मित्रता अनि त्यहीँ सीताको खोजीमा अलिकति ढिला हुने बित्तिकै धनुषवाण लिएर तयार ! न त सुमुद्रको पूजा गर्न बेर लाग्यो न उसैमाथि धनुष तान्न बेर ! अनि लक्ष्मणलाई शक्तिवाण के लाग्यो रणभूमिमै थाले विलाप गर्न । वीरहरूलाई कहीँ यस्तो अधीरता सुहाउने कुरो हो ?

खट्टरले काका बदाम टोक्दै भने - यसो बुझेर ल्याउँदा वास्तवमा रामको दोष पनि होइन । उनका पिता दशरथ नै हडबडे थिए । सिकार खेल्न गए । घाटमा कुनै शब्द सुने । तुरुन्तै वाण छोडिहाले । त्यहाँ मान्छे पनि हुन सक्छ भन्ने पनि सोचेनन् । बिचरा श्रवणकुमारलाई मारे । अन्धा पिता पुत्रवियोगमा मरे । त्यसैको फलस्वरूप उनी स्वयम् पनि पुत्रवियोगमै मरे । जब घरमा पहिले नै दुईदुई पटरानीहरू छँदै थिए त बुढेसकालमा तेस्रो विवाह गर्ने रहर कहाँबाट पलायो ? अनि वृद्धस्य तरूणी भार्या प्राणेभ्योपि गरीयसी । (बुढाका निम्ति युवती पत्नी प्राणभन्दा पनि गह्रुङ्गो हुन्छिन् ।) कैकेयीमा यति लिप्त भए कि युद्धभूमिमा जाँदा पनि उनलाई छेउमा नराखी भएन । अनि हेर न, रथ पनि कस्तो ? मौकामै भाँचियो ।

उता नाम भने दशरथ ! अनि कामको बेलामा एउटा रथ पनि छैन ! नत्र भने कैकेयीले भाँचिएको पाङ्ग्रमा आफ्नो हात किन अड्याउनुपर्थ्यो ! अनि धन्य छ त्यो हात पनि जुन पाङ्ग्राको धुरी समाएर पनि बाङ्गिएन । त्यसैले त रानीको मुटु पनि त्यति कठोर रहेछ नि ! कुनै प्रकारले पत्नीको प्रतापले बुढा राजाको प्राण त बच्यो । अनि आँखा चिम्लेर वचन दिए - जे माग्छ्यौ त्यो दिनेछु । यदि रानीले आकाशका तारा मागिन् भने के गरूँला भन्नेसम्म पनि सोचेनन् । अनि जब उनले रामलाई वनवास मागिन् तब छट्पटाउन थाले । कैकेयीले त निकै महानता देखाइन् । यदि उनले मुटुकलेजो नै मागेकी भए महाराजले के गर्थे होलान् ? अनि एकपटक वचन दिइसकेपछि फेरि किन छाती ठोक्नुपर्‍यो ? चौध वर्षपछि त फेरि छोरा राजा हुने नै थिए । त्यति बेलासम्म धैर्यपूर्वक प्रतीक्षा गरेको भए पनि त हुन्थ्यो नि ! यति त्यति नै असाध्य पुत्रमोह हुँदो हो त सँगै गएको भए हुन्थ्यो । त्यो त गरेनन् । केवल हे राम ! हे राम ! भन्दाभन्दै प्राणत्याग गरे । क्षत्रियको हृदय कहीँ यति कमजोर हुन हुन्छ ?

मेले थाहा पाएँ खट्टर काका जसका पछाडि पर्छन् उसलाई छेउसम्मै पुऱ्याउँछन् । अहिले दशरथको पछि परेका छन् । प्रकटमा भनें - खट्टर काका, अरूले त रामायणका चरित्रहरूबाट शिक्षा ग्रहण गर्छन् ...

खट्टर काका - शिक्षा त मैले पनि ग्रहण गरेको छु । जस्तै, राम्ररी नहेरी तीर चलाउनुहुँदैन । विचारै नगरी वचन दिनुहुँदैन । वचन दिइसकेपछि छाती ठोक्नुहुँदैन ।

म - खट्टर काका, तपाईंले त दोषमात्र देख्नुहुन्छ ।

खट्टर - उसो भए गुणहरू तिमी नै देखाऊ न त !

म - रामचन्द्र कस्ता पितृभक्त थिए...

खट्टर - त्यही त, पिताको मृत्युको समाचार पाएर पनि फर्केनन् । जेठा छोरा भएर पनि बाबुको क्रिया गरेनन् । सोझै दक्षिणतिर एकोहोरिइरहे ।

म - लक्ष्मण कति भातृभक्त थिए...

खट्टर - त्यही त, एउटा दाजुको पक्षबाट अर्का दाजु भरतमाथि धनुष तान्न तयार भए ।

म - भरत कति त्यागी थिए ...

खट्टर - त्यही त, चौध वर्षसम्म दाजुभाइको खोजी नै गरेनन् । राजधानीबाट फुर्सद भए पो वनमा जाऊन् ! सोच त, यदि उनी अयोध्याको सेना

लिएर गएका भए के रामले बाँदरको सहायता किन लिनुपर्थ्यो ?

म – हनुमान कस्ता स्वामीभक्त थिए...

खट्टर – त्यही त, पहिलेका स्वामी सुग्रीवलाई छोडेर नयाँ स्वामीको सेवामा लागे ।

म – विभीषण कस्ता आदर्श थिए...

खट्टर – त्यही त, घरको भेदी बनेर लङ्का दाह गराइदिए । यस्ता विभीषणबाट भगवान्ले हाम्रो देशलाई बचाऊन् ।

म – उसो भए तपाईंको विचारमा रामायणमा एउटा पात्र पनि आदर्श छैन ?

खट्टर – किन छैन, छ । मलाई सम्पूर्ण रामायणमा एउटै पात्र आदर्श लाग्दछ ।

म – त्यो को हो ?

खट्टर काकाले मुस्कुराउँदै भने – रावण ।

म – तपाईं त सधैं ठट्टा मात्र लागिरहन्छ ।

खट्टर – ठट्टा गरेको हैन । तिमी रावणमा एउटा मात्र दोष देखाऊ त !

म – धन्य हुनुहुन्छ खट्टर काका ! अरू रावणमा दोषैदोष देख्छन्, तपाईं एउटा पनि देख्नुहुन्न ?

खट्टर – तिमी नै देखाऊ न त !

म – उसले सीतालाई हरण गरेर लग्यो...

खट्टर – त्यो त मर्यादा पुरूषोत्तमलाई कसैकी बहिनीका नाककान काट्नुहुँदैन भन्ने शिक्षा दिनका लागि हो । परदेशमा बसेर कसैसँग शत्रुता गर्नुहुँदैन भन्नका लागि हो । मृगमरीचिकाका पछाडि दगुर्नुहुँदैन भन्नका लागि हो । कुनै स्त्रीको अपमान गर्न हुँदैन भन्ने सिकाउनका लागि हो । हेर त, लङ्कामा लगेर पनि रावणले सीताको अपमान गरेनन् । रानीहरू बस्ने खोपीमा लगेनन्, अशोकवाटिकामा राखे । मानिसहरू राक्षस भनून् तर उनको व्यवहार सभ्यतापूर्ण देखिन्छ । यस्तो त कमै मनुष्यमा हुन्छ ।

म – खट्टर काका, तपाईं त उल्टो गण्डकी बगाउनुहुन्छ । रावणजस्तो अन्यायीको पक्ष ग्रहण गरेर सीतापति सुन्दर श्यामलाई...

खट्टर – सीतापति निष्ठुर श्याम भन । विदेहकी कन्या अयोध्या गइन् त यसको फल के भयो ? फेरि फर्केर माइतीको मुख देख्न पाइनन् । त्यसैले त हामी पश्चिमसित तर्सिन्छौं ।

म – खट्टर काका, तपाईंलाई सीताको घरका सित गुनासो रहेछ । यदि उनीहरूसित भेट भएको भए के गर्नुहुन्थ्यो ? दर्शनढोग पनि गर्नुहुन्थ्यो कि नाइँ ?

खट्टर काकाले बोत्रा छोडाउँदै भने – कसरी ढोगूँ ? म ब्राह्मण, उनीहरू क्षत्रिय । अँ, आशीर्वाद भने अवश्य दिने थिएँ, "सुबुद्धि होस् । अब फेरि रामराज्य भयो भने यस्तो नगर्नुहोला जसको कारणले मानिसहरूले 'छिः छिः र रामराम !' भन्नुपरोस् ! कुनै मजस्तै ब्राह्मणलाई मन्त्री बनाउनुहोला !"

म – खट्टर काका, रामराज्यलाई त आदर्श पो मानिन्छ त !

खट्टर काकाले भने – गोसाईं (गोस्वामी) जी लेख्छन् – नहीं दरिद्र कोउ दुःखी न दीना ...

म भए जोडिदिन्थें – केवल सीता भाग्यविहीना ।

कहीँ रामराज्यजस्तै ग्रामराज्य पनि चल्न थाले भने त भन्न सकिन्न, कति सीताहरू माटामा मिसिन्छन् ।

म – खट्टर काका, तपाईं रामनवमीमा व्रत बस्नुहुन्छ । मनमा भक्ति त छ होला नि !

खट्टर – त्यो त सीतादेवीले गर्दा । नत्र उनी केवल 'रघुपति राघव राजा राम' हुन्थे, 'पतित पावन सीताराम' हुँदैनथे । जुनजुन काम उनले गरेका छन् ती त क्षत्रिय राजाहरूले गर्छन् नै ! उनको श्रेष्ठता केवल एउटै कुराले

सिद्ध हुन्छ र त्यो हो, उनले दोस्री पत्नी ल्याएनन् । जानकीजीको स्वर्णप्रतिमा बनाएर शेष जीवन बिताए । यसै कुरामा आएर म उनका सबै अपराधहरू माफ गरिदिन्थे । सीता भएर नै रामको महत्त्व छ । त्यसैले पहिले सीता अनि बल्ल राम !

गोस्वामी तुलसीदास लेख्छन् - सियाराममय सब जग जानी, करउँ प्रनाम जोरि जुग पानी ।

महर्षि वाल्मीकि पनि भन्छन् - सीतायाः पतये नमः ।

म- खट्टर काका, तपाईंलाई जब सीतामा यति श्रद्धा छ भने रामजीलाई यस्तो किन भन्नुहुन्छ ? उनका पितालाई समेत तपाईंले छोड्नुभएन ।

खट्टर काका हाँस्न थाले । उनले भने- अरे, तिमीलाई यति पनि थाहा छैन ? म उनको ससुरालीको मान्छे हुँ नि ! ससुरालको त नाईले दिने गाली पनि मिठो लाग्छ । अनि म त ब्राह्मण नै भएँ । अरू कसैले यस्तो गर्न सक्छ ? तर मिथिलावासी त भन्छन् भन्छन् । यस्ता कुरामा मैथिलको मुख थुन्ने सामर्थ्य त भगवान्मा पनि छैन ।

(मैथिल समुदायमा ससुराली खलकले ज्वाइँ खलकका बाजेबजैसम्मलाई पनि मज्जाले गाली गर्न पाउँछन् तर ज्वाइँको पहुँच सालाजेठान र सालीजेठानीसम्म मात्र रहन्छ ।)

*(खट्टर काकाको हिन्दी संस्करणबाट नेपालीमा अनुवाद : रमेश समर्थन)*
*तिलोत्तमा, रूपन्देही*

कविता

# सुझाउ



• **इन्द्रकुमार श्रेष्ठ**

गर नयाँ अब सोख मजा भयो
दुःख भएजति जो छ यतै रह्यो
सुकुलको घर छुट्न गयो अब हरे !
असुविधा सुविधातिर नै सरे ।

अब बनाउनुपर्छ उहाँ घर
धन कमाउनुपर्छ उतै सर
जति गऱ्यौ सब भूल कबोल ती
मनभरी नलिईकन आपत्ति ।

जम सधैं अब बैठकमा तिमी
गफगाफ गर है त जमीजमी
म पढुँला सुनुँला जति जे भयो
म बुझुँला जपुँला सब कीर्ति त्यो ।

अझ छिटो सिक बोल्न झुटा कुरा
गर लहै ! सब चाहहरू पुरा
घुमिफिरी पछि औसर आउन
कठिन हुन्छ नि आसन पाउन ।

कति यहाँ अपराध गरे पनि
सहजले सब हौसिइ उम्किने
दिनदिनै प्रिय राख परम्परा
छ कमलो मन यो भनिदे बरा ।

गुन ! सुधासरिको प्रिय देश हो
रस अपार तिमीहरूकै भयो
कति छ तागत चुस्न निरन्तर
चुस अझै चुस है त लिई तर ।

*- कमलाकुञ्ज, ओखलढुङ्गा ।*

# दण्ड



● सुनील कुमार

सब इयाद बा । आजो हमरा लइकाई के बात भोर नइखे पडाइल । पढे जाए के मन त केकरो ना करेला, हमरो ना करे । हमहु पढे के नाव से बडा डेराई । लइकाई के मजा त स्वतन्त्रता ह । बाकिर पढाइ मे पाबन्ध बा, नियम बा, कानून बा । बस एतने बात लइका का मन ना पडेला । तबो पढल त जरूरी बा । पढाइओ में समयानुकूल फेरबदल होत रहेला । पहिले के पढाई जिम्मेवारी रहे आ आजू के पढाइ फैशन । पहिले गुरू के एगो अलग मर्यादा रहे, गरिमा रहे, प्रतिष्ठा रहे आ गुरू का आचरण से लइका का मन मे आदर के भावना रहे । थोडका गल्ती कइला पर सब से जादा मास्टर साहेब से डर लागे ।

हम ललुआ, फगुनिया, गुप्तावा आ चोरवा सङ्हे पढे जाईस । बाजार पर स्कूल रहे आ आठ /नौ गो मास्टर साहेब लोग रहे । बाँस के टुटल टाटीवाला स्कुल में बइठेला घरही से बोरा लेजाए के पडे आ जे बोरा ना लेजाए से ओतही धइल टुका ईटा जोड के चउतरा खानी बनाके बइठे । पढाइ से पहिले चौर में खडा होके सब विद्यार्थीका सरस्वती बन्दना करे के पडे आ तब जाके पढाइ शुरो होखे ।

पढे में हम ठीक ना रही बाकिर अपना सङ्हतियाआ मे सब से तेज रहीं । गुप्तावा त रोज पिटाए चोरवा के आवते कन्हैया माडसाव तीन सटका के सलामी ठोकस् । ताहिर माडसाब हृदयनारायण माडसाब आ कन्हैया माडसाब ई तीनगो माडसाब के देखला पर विद्यार्थी के पढेके रफतार बढजाए । तीनु आदमी में सब से बेसी मरखाह मास्टर कन्हैया माडसाब रहलें । कन्हैया माडसाब के कुर्सिए पर अउँघाए के आदत रहे ।

हमनी के क्लास मे आवते किताब में से देखके १२ लाइन कतिवा लिखेके आर्डर क के कुर्सी पर बइठजास् । हमनी किताब उल्टा के देख देख के लागी कविता लिखे आ माडसाब लागस् अँउघाए । जब हमनी के १२ लाइन कविता लिखाजाए तब टुटपडीस, देखावेला बाकिर माडसाब का एकर कवनो फिकिर ना रहे । हमनी जाके कुर्सी का लगे खडा होई आ डेराइले माडसाबू कही त "ठीक हऊ" अँउघाइले कहदेस । दोसरो जने देखावे त ओकरो के "तोरो ठीक हऊ, जाके बइठ" कहके अपना धुन मे लागजास ।

एतना बोले में माडसाब के आँख कबो मुनाइले रहे आ कबो आधा से सबर आ कबो कमे खुले । एक दिन के बात ना रहे रोज रोज एतने धन्धा करे के पडे । हमरा ई सब निमन ना बुझाए । ओतना मेहनत कइला पर माडसाब

बिना देख के "ठीक हऊ" कहदेस । हम एगो तरकीब निकलनी । लइकन का भीड मे पहिलही के लिखलका देखादी आ माडसाब "ठीक हऊ" कहके हमर हौसला बुलन्द करत गइलन । ई बात हम कबनो सङ्हतिया के ना बताई । हमरा बुझाए कि ओकनिओ ई तरकीब सिखली । हमर साहस एतना बढगइल कि ओतना मरखाह माहटर के छकावल शुरो कदेनी

एतने ना कुछ दिन मे धिरे धिरे सदे कापी देखादी आ माडसाब "ठीक हऊ" कहदेस । कहलजाला "सब दिन चिरइ खइहे खेत आ एकदिन होइ खेतवाहवा से भेंट सेही भइल । एक दिन जब हम सादा कापी लेके माडसाब । माडसब ॥ कहनी कि खुलगइल उनकर आँख आ हमरा देह में करेन्ट के झटका लागल। आजु पकडा गइल हमर चोरी, खुलगइल पोल । माडसाब "कहाँ हउ ? देखाव" कहले आ हम धिरे धिरे पाना पलटावत गइनी । ओ कापी मे त कुछो रहे ना जे देखाई । हमर देह भितरे पसेनाए लागल बाकिर चालाकी ना छोडनी आ सहजभाव में कहनी "माडसाब, कि हो कोपिआ में बा ।

मास्टरो साहेब बिना कुछो सोचले समझले सहजेभाव में, लेआव उहो कोपी" कहले । संयोग देखी ओहदिन एकोगो कविता लिखल कापी ना लेगइल रहनी । उहो कापी मे खोजाए लागल माने कविता रहो तब त मिलो । एने माडसाब के दहिना भौंव टेंढ होखे लागल आ ह्रुन्कर तीनगो अँगुरी मे अँउठी पेन्हल हाथ मुडी पर बज्रे लागल । हम अपन हाथ से मुडी बचावे के पूरा प्रयास करी बाकिर उनकर एको चटकन हमरा हाथ से ना छेकाए । ऊ बुझास जे पिटही के तालिम लेलेबाडे । थोडका देर में अपन नन्ही-नन्ही हाथ से मुडी बँचावे लगनी ताले तबातोड पाच/छौ चटकन गाल पर लगाके तब जाके कहले से भाग इहाँ से । हम बुम्कार छोडके रोअत जाके बइठ गइनी आ माडसाब हमरा ओर ताकते का का दु बोलत रहले, हमरा कुछो ना सुनाइल।

शुक के दिन रहे आ कन्हैया माडसाब के चौथी घन्टी ओही घन्टी में ई घटना घटल रहे । हम करिब १५/२० मिनट ले सुस्की पर सुस्की चढा के रोअत रहनी ताले छुट्टी के घन्टी टिनटिनटिन बाजल । सब लइका बोराझोरा सरिआके भागे लगलनस । हमहु भगनी आ भागेके बेरा हल्ला मे खुब जोर से -"रे सरवा ककककक कन्हैया माहटर ... । कहके दउडे लगनी ।

मन कुछ ठण्ढाइल जे सारा पिटाइल सधालेहनी । सडक पार कइला का बाद मन पूरा शान्त होगइल रहे । अब मन मे तन्को दुर्भावना ना रहे आ न पिटइला के दरद । पोखरा का आँट माहे रास्ता रहे, ओ रास्ता पर हम सुशान्त होके घरे आवत रही कि पाछा से ललुआ आके हमे टोक के कहता "बउओ कन्हैया माहटरजी के गारी देलही ह ? चल हम विहान कहम ।"

पहिले त हम गाले ना लागेदी मगर जब हमर कहलका बातआ अक्षरश कहदेलक तब हमरा मन मे डर समाए लागल । सारा खुशी छाउर होगइल । मने मे सोचनी जे हई छुलका सारवा हमरा पछाडि से कइसे सुनलेलख । कन्हैया माडसाब के खिस आ पिटाइ के दृश्य हमरा शान्तचित मन मे उथलपुथल मचगइल । हम ललुआ के मनावल शुरो कइनी भाइ काल्हु हमरा घरे से दुधपुआ देले

रहउक त खएले ? ना ... रे ... बिलाइ जुठिया देलक ललुआ बेमने कहलक । हम बिलाइओ के गरिअइनी आ कहनी- जाए दे लबरी बिलाइ के ।

एही से हम दिन एक पथल मरलेरही । आजु हमरा बारा पाकी । कल्याण माहटरजी लङ टिशनीया चललजाई त लेचलम, तू हमरे लङबइठीहे खाएल जाई । हम बडा श्रद्धा से ई सब बात कहत जाई माने ललुआ ध्यान ना देवे । तनके देर मे हमनी घरे पुगनी । ओकर बकरी हमरा बारी में समा के भन्टा के झार काटदेले रहे, एला हमर दाई ओकरा मातारी पर बोलत रहे । हम जाते चुप करावे लगनी चूप रह ओकर बकरी कहिओ ना खुलालई, फेरू पन्पजाई ।

घर में जाके हम अपन झोरा धके तनकाले खइनी आ ललुआ का घरे चलगइनी । ललुआ ना लउकल त ओकरा माई से पुछली-"लालबाबु कहाँ हऊ ? काहे ला रे । घर भितर से ललुआ अरूआइले बोललक ।

चल न खेले .. हम कहनी ।

ना जाएम, हमर बाबु खरिहान मे बोरा मँगलख कहत ललुआ बोरा लेके निकल आ हमहुँ ओकरे सङ्हे चल गइनी ।

एतवार के सबेरे हम अपन बडका घुर छोडके ललुएका घुरा जाके बइठनी । ओकर बाबु घुरे का पंजरा खखार बिगस् एक बेर थुक के छिटका हमरा बाँया हाथ के कन्गुरिया अँगुरियो पर पडगइल, तबो हमरा घिन ना लागे । ललुआ अपना माई से दछुअन मँगलक त ओकर माई लेआवइही के रहे ताले हम आपना घरे से दछुअन लेआके ललुआ के देत कहनी-"हल लालबाबु ।" ललुआ दतुअन लेके देखलक आ कहलक छोडदे सुखल हऊ हम अपना दतुअन से धोअम । हम निराश होगइनी । मगर मन मे जवन डर बनल रहे ऊ हमे शान्त ना रहे देवे आ ललुआ के हम लालबाबु कहे लगनी ।

करिब नौ बजत रहल होई, हम अन्दाजे से कहतानी काहेकि ओतिखनिया एका दुका लोग घडी पेन्हे । माने शिवचन्दर मास्टर स्कुल जाएला साइकिल लेके निकलत रहलन त हमहु झोरा-बोरा लेके ललुआ का घरे चलअइनी । ललुआ खाते रहे । हम ओकर प्रतिक्षा मे ओकरा ढेंकी पर बइठ गइनी । उ खाके के एगो अउरी जामा पेन्हलक आ झोरा लेके बोरा खोजत रहे कि हम कहनी चल न हमरा बडका बोरा बा । दुनु जने घर से निकल गइनी । ओह दिन हमरा फगुनिया, चोरवा आ गुप्तावा के कवनो जरूरी महशुस ना होतरहे, हमरा त ललुए श्रेष्ठ बुझाए । हम अपना माई का पेटारी मे से चारआना ढेउवा चोरवले रहीं आ ओही ढेउवाआ से धनवीर बहुका दोकान में से निमचुस किनली । पाँचगो निमचुस भइल । हम ललुआ के खाएला बढइनी त ऊ तीनगो उठाके टपाटप मुह में लगालेल । तबो हमरा खुशीए लागे ।

स्कूल में पहुँचनीस । प्रार्थना के घन्टी लागल सब जने चौर में गइनी आ हम चारूओर चाकचुक ताकी कन्हैया माडसाब केन्हु ना लउकस । क्लास मे आ के बइठ गइनी, ललुआ हमरे बोरा पर बइठल रहे । ताहिर माडसाब अइलन आ हाजिर बोलइलन, पढाइ शुरो होगइल । माने हमर मन पढाइ में ना लागे । हम गढीमाई, रामनाकामना माई, शंकरजी, सरस्वती माता सब के गोहराई कि आजु कन्हैया माडसाबन आवस । मने मे सब के सवा-सवा रोपेया के मिठाइ भखते रही । ताले एक्-क्साल मे सटासट

छडी के आवाज सुनाए लागल ।

एने हमर होशहवास गुम होखेलागल । टाट माहे तकनी त ओ क्लास मे हृदयनारायण माडसाब रहलन । सास में सास आइल । घन्टी बित गइल । जब चौथी घन्टी लागल तब हमर दिल के धडकन बढगइल । पान चिबौवते केने दो से कन्हैया माडसाब आगइले । हमरा बुझाए गोड तर से धरती खिसक गइल । कबो ललुआ ओर ताकी आ लवसे आँख उठाके माहटरो साहेब ओर । माने माडसाब क्लास मे आवतस त के करो के बोले ना देस । आवते "मेरो सानो खरायो" कविता इयाद करेला कहदेलन ।

केकर मजाल बाटे कविता छोडके माडसाब से कुछो कहदेओ । मगर हमर डर ना ओराए । जब जब हमरा ललुआ का सकेत भइल, बुझाए त घुसुक जाई । हमर जाघ भुईया मे पडजाए माने ललुआ के भरपोंखा बइठेदी । हमनी मुडी झुलाझुला के कविता इयाद करत रही, तबे ललुआ माडसाब ओर तकलक त हमर देह सहम गइल । माने माडसाब अँउघाइले अँउघाइले उठ के चोरवा के तीन चार सटका लगादेलन । ऊ कसके कविता पढते हाथ से पीठ मले लागल । सब जना के रफतार बढगइल आ ललुओ डेराके पढेलागल । तनके देर मे टिफिन होगइल । माडसाब का जाते हमनी ठेलाठेली करत क्लास से बाहर निकले लगनीस ।

ओही धाका में रूबिया के कवन दो धकेल के मुहे का भरे गिरादेलक । रूबिया रोए लागल आ रोअते जाके कन्हैया माडसाब से नालिश कइलक । हम फिल्ड मे खेलत रही आ रूबिया पिउन सङ्हे आके ललुआ के पकडवा लेगइल । हमनी खेल छोडके ताके लगनी । कन्हैया माडसाब ललुआ के कुछो बोलहु न देलन आ अपना बाँया हाथ से ओकर बाँया हाथ पकडके छावा से चुतर आ पीठ तकले साफा थुरदेलन । पिटाइ देखके सारा लइका खेल छोड-छोड के स्तब्ध होगइल । हम त आउरो डेरा गइनी माने भितर कही खुशीओ बुझाए ।ललुआ छुटके आइल लोरेझोरे भइल रहे, सुस्की पर सुस्की से दम ना धराए ।

टिफिन बितल । फेरू पढाइ शुरो होगइल । ललुआ का तबो ले दम ना धराइल रहे । कबो -कबो लामा सुस्की लेवे । बाकिर केहुसे ना बोले, हमहुँ ओकरा से ना बोली । छुट्टी भइल । सब विद्यार्थी भागे लगलनस । ललुआ का कवनो हडबडी ना रहे । ऊ धिरे धिरे चले लागल, हमहु ओकरे सङ्हे लागइनी । ऊ हमरा खानी माडसाब के गरिअइबो ना कइल । घरे अइनीस् ।

ऊ पिटाइ ललुआ के जीवन के मोडदेलक । हम पढते रह गइनी आ ललुआ पढाइ छोड देलक ।

*महागढीमाई-२, बारा*

**२०७७ सालको विजयादशमी, शुभ दीपावली, छठपर्व तथा नेपाल संवतको सुखद अवसरमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नेपाल टेलिकम परिवार**

# साथी



● सीताराम उप्रेती

हामी दुबै जनाको आर्थिक र सामाजिक हैसियत गाउँमा लगभग एकै खालको थियो । पहाडको निम्न मध्यम वर्गीय परिवार । पढ्नमा मभन्दा ऊ अलि कमसल नै थियो । हामी दुबैले गाउँकै स्कुलमा अध्ययन गरी सँगसँगै एस.एल.सी. परीक्षा दियौं ऊ पास हुन सकेन म पास भएँ तिनताका एस.एल.सी. पास गर्नु भनेको ठुलो इज्जतको कुरा हुन्थ्यो । उसले अर्कोपटक पनि एस.एल.सी. दियो त्यसमा पनि ऊ अङ्ग्रेजी र गणितमा सफल हुन सकेन । उसका लागि साँच्चिकै फलामको ढोका भयो एस.एल.सी. परीक्षा ।

उच्च शिक्षाका लागि अन्यत्र गएर पढने हैसियत मेरो पनि थिएन त्यसैले आफू पढेकै स्कुलमा मास्टरी गर्दै र प्राइभेट परीक्षार्थीका रूपमा मैले आई.ए. को परीक्षा दिने सोच बनाएँ । किताबहरू किनेर ल्याएँ पढन सुरू गरेँ । दोश्रो पटकको असफलतापछि मेरो साथी एकाएक घर छाडेर हिंड्यो गाउँमा कोही भन्थे वृन्दावनमा संस्कृत पढ्दै छ । कोही भन्थे उसका काकासँग बनारसमा गएर पढ्न सुरू गरेको छ । जे होस् उसले गाउँ भने छोडेको थियो ।

मैले गाउँकै स्कुलमा पढाउँदै र आफू पनि पढ्दै गरेर आई.ए. पनि पास गरेँ । अब मसँग बी.ए. र एम.ए. पढनका लागि खर्चको जोहो पनि भइसकेको थियो सबैभन्दा ठुलो मेरो उच्च शिक्षा हासिल गर्ने दृढ इच्छा सानैदेखिको थियो । म सदरमुकाम गएर बी.ए. पढ्न थालेँ । कुनै किसिमका बन्द हडतालहरूले बाधा गरेनन् ठिक समयमा मैले बी.ए. पनि पास गरेँ । एम.ए. पनि पढ्ने विचारले म केन्द्रीय क्याम्पसमा भर्ना हुनका लागि काठमाडौँ आएँ ।

काठमाडौँमा म र मेरो साथीको भेट कीर्तिपुरमा एकैपटक भयो पाँच वर्षको अन्तरालमा हामी फेरि सहपाठी हुन पुग्यौं । उसले पनि वनारसको सम्पूर्णानन्द संस्कृत महाविद्यालयबाट शास्त्री सकेर आएछ । म छात्राबासमा बस्थेँ ऊ सहरमा डेरा लिएर बसेको थियो ।

देशमा व्यवस्था परिवर्तनका लागि जनआन्दोलन चलिरहेकाले हाम्रो पढाइ पनि केही ढिला हुन पुगेको थियो । विद्यार्थीहरूलाई पूरा राजनीतिले गाँजेको थियो । ऊ पनि विद्यार्थी राजनीतिमा लागेको थियो त्यसभन्दा ज्यादा उसको माउ पार्टीका नेताहरूको चाकडीमा लिप्त भएर लागेको थियो । सेवा आयोगको परीक्षामा ऊ पास हुन सकेन मेरो नाम निस्कियो पढाउने कामका लागि म सुदूरपश्चिम पुगेर पढाउन थालेँ । पछि उसले भागबन्डामा करारमा जागिर खायो र स्वतः स्थायी पनि भयो । ऊ अहिले सत्ताका एकपछि अर्को गर्दै सबै सुविधाहरूको उपभोगमा रमाएको छ । म भने जहाँको त्यहीँ छु तर पनि मलाई रत्तिभर पछुतो भने छैन किनकि ऊ मेरो पुरानो साथी हो ।

*— काकडभिट्टा, झापा*

# उत्कृष्ट कर्मचारी



●अरुणबहादुर खत्री 'नदी'

कार्यालय सहयोगी कर्मचारी धने र श्यामे सधैँ कार्यालय समयमा नै पुग्ने गर्दथे । कार्यालयको छुट्टी भएपछि मात्रै ती आफ्नो घर फर्कन्थे । उनीहरू कार्यालयमा गर्नुपर्ने कामकाज इमान्दारिताका साथ पूरा गर्दथे । अरू शाखाका कर्मचारीहरूले काममा अनुरोध गरे पनि गाह्रो नमानीकन गर्दथे । कहिलेकाहीँ कार्यालय समयदेखि बाहिरी समयमा पनि कार्यालयको कामकाज गर्दथे । उनीहरू काम गर्ने कार्यालयको वार्षिकोत्सवको दिन कार्यक्रम पछि उत्कृष्ट कर्मचारीलाई पुरस्कार दिने घोषणामा उनीहरूको नाम परेन ।

पुरस्कार पाउन नसकेपछि उनीहरू दुबै जना साह्रै निराश हुन पुगे । उनीहरूको अनुहार फरक देख्दा एक जना विभागीय प्रमुखलाई अनौठो लाग्यो । केही समयको मौनतापछि उनले मुख खोले ।

"आज कार्यालयको वार्षिकोत्सव, किन तपाईहरू दुबै जनाको अनुहार साह्रै निन्याउरो देख्छु त ?" उनीहरू सुरूमा केही बोल्न सकेनन् । तर एक जना उनीहरूको कामको प्रशंसा गर्ने कर्मचारीले "आज उनीहरू दुबै जनाले पुरस्कार पाउन नसकेर अनुहार बिगारेको हुनुपर्छ सर" भन्यो । "यो वर्ष नपाए पनि अर्को वर्ष पाइहाल्छन् नि" हाकिम साहेबले हँसिलो भावमा भने ।

"अर्को वर्ष उनीहरू दुबै जना सरूवा भएर अर्कै मन्त्रालयमा गए भने यस कार्यालयबाट कसरी पुरस्कार पाउन सक्लान् र हाकिम साहेब ?" उनीहरूको कामको प्रशंसा गर्ने कर्मचारीले उनीहरूले गरेको कामको प्रशंसा गर्दै भने ।

हाकिम साहेबले मुख खोलेनन् । अनुहार एकै छिनमा कालोनिलो भएर आयो । केके बोलौँ के बोलौँ लाग्यो । ती दुवै जना अगाडि उभिइरहेका थिए । नबोल्न पनि भएन अनि बोल्ने कुरा पनि खासै थिएन । "तिमीहरूलाई अब जागिर खानु छैन कि केहो ?" तत्कालै उनीहरूले हात जोड्दै भने, "हो सरधने र श्यामेले अर्को वर्ष पुरस्कार पाइ हाल्छन् नि !

*– सामाखुशी मार्ग, सरकारी धारा, काठमाडौँ*

# आत्मज्ञान, छन्द : उपजाति



• मेघराज पौडेल

राम्रो कुरा मात्र सिकेर आऊ,
खराबका सङ्गतमा नजाऊ ।
माझेर आत्मा अझ शुद्ध पार,
पाइन्न यो जीवन बारबार ॥१॥

सोचेर मात्रै नित काम गर्नू,
खरावको सङ्गत नै नगर्नू ।
गल्ती कतै हुन्छ भने समाऊ,
मीठो नमीठो सब खाद्य खाऊ ॥२॥

माया सबैमा अति गर्नुपर्छ,
घृणा गरेमा अझ मान घट्छ ।
आगो र पानी बुझ मित्र हुन्नन्,
दया गरौँ दुष्ट कतै रहन्नन् ॥३॥

गरे गराए सब कार्य सिद्ध,
रोपे बढाए फल खान मिल्छ ।
सौभाग्य आफैँ कहिल्यै हुँदैन,
रोपेर मात्रै फल त्यो दिँदैन ॥४॥

बुझौँ बुझाऔं मनले विचारी,
आत्मा पखालौँ दिल शुद्ध पारी ।
त्यागौँ सबै क्रोध र मिल्छ शान्ति,
देखिन्छ सारा तनभित्र कान्ति ॥५॥

दिमागको बाँध लु कस्नुपर्छ,
यो भेलझैँ नत्र कता बहन्छ ।
मैदान खाली हुनबाट रोकौँ,
नदी र छाँगा तनमा नबोकौँ ॥६॥

सौहार्द मैत्री दिलभित्र बोकौं,
अशान्ति मौलाउनबाट रोकौँ ।
आनन्द मान्दै भवमा रमाऔं,
संसार कस्तो छ बुझेर आऔं ॥७॥

सन्तुष्टि नै हो निधिको मुहान,
निशा भगाए रविले बिहान ।
कृतघ्न प्राणी गुणले भिजाऊ
कृतज्ञताले दुनियाँ रिझाऊ ॥८॥

ढुङ्गो बनी सत्य समाउने छौ,
अन्याय मासेर सढाउने छौँ ।
भलो चिताए कुभलो हुँदैन,
तुफान आए पनि यो छुँदैन ॥९॥

खुसी लुकाएर कतै न हाँसौँ,
बाडौँ सबैका मनभित्र गाँसौँ ।
उत्साहले जीवन यो हँसाऔं,
यी दिव्य अर्ती दिलमा सजाऔं ॥१०॥

*– आदर्शटोल, कञ्चनरूप-७, सप्तरी*

# कोरोना केन्द्रित केही मुक्तक



● मिलन समीर

१.
घिसारेरै कालको मुखमा लान मन लागेको छ
टोपी लगाएरै राम्दी जान मन लागेको छ
बिनाकारण बजारमा लखरलखर डुलिहिँड्ने
मान्छेहरूको मलाई काट्टो खान मन लागेको छ ।
२.
आगो लागिसकेपछि खनिँदै छन् कुवाहरू
हलो अड्काई गोरू चुट्दा भाचिँदै छन् जुवाहरू
सहरिया डाम्नाहरू डुल्न छोड्याछैनन् अझै,
तास खेलेर बसेका छन् गाउँका साइँदुवाहरू ।
३.
आफ्नै गाउँमा फर्किएर आउनेको लहर छ
गुल्जार हुँदै गर्दा गाउँ साँच्चै सुनसान सहर छ
निश्चिन्त भई बसेको छ "पाखे" गाउँ यतिबेला
"सभ्य" भन्ने सहरमा कोरोनाकै कहर छ ।
४.
भाइरससँग डराएर घरभित्र पसेका छन्
आफ्नै कारण सिर्जिएको समस्यामा फसेका छन्
पाइलैपिच्छे सहरमा सशङ्कित छन् अझै पनि,
गाउँले "जिजीविषा" हरू ढुक्क भइबसेका छन् ।
५.
भित्र खोक्रो, बाहिर बोक्रो देखाइदियो कोरोनाले
केही नभाको रित्तो टोक्रो देखाइदियो कोरोनाले
हतियारको होडबाजीमा मै हुँ भन्ने मान्छेलाई नै
जिन्दगीकै अन्तिम कोक्रो देखाइदियो कोरोनाले ।
६.
लखरलखर डुली कसलाई कछ्याइरहेछ ?
कोरोनालाई रातो कार्पेट ओछ्याइरहेछ ?
बुद्धिमान् र विवेकशील छु भन्दै हिँड्ने मूर्खले नै
जानीजानी आफ्नै काललाई पछ्याइरहेछ !

करादीखोला, स्याङ्जा



● लक्ष्मी जोशी श्रेष्ठ

**१. आँसीको**
अँध्यारो रातहरू
उज्यालो जुनको अनुपस्थितिमा
हुन्छ, निशब्द, सुनसान, चकमन्न

**२. आत्महत्या**
किन गर्छन्
काँतर हुन् बहादुर
जीवनदेखि हारेर मानिस

**३. मर्नु**
रहर मलाई
कहाँ छ र !
तर, एकदिन मर्नै पर्दछ

**४. जिन्दगी**
रङ्गमञ्च एउटा
कलाकार हौँ हामी
मञ्चमा अभिनय, सकियो नाटक

**५. सम्झनाका**
चोइटा चोइटीहरू
सबै बटुलेर मैले
एउटा सिङ्गो मुढा बनाएँ

**६. बाध्यताले**
तिमीलाई छोडेर
बस्नुपर्‍यो, टाढा
सम्झना मनमा आउँछ, सधैँ

**७. हावा**
कति बहन्छौ
लसिरिरि सधैँ नरोकिई
तर, घामको तापमा छाड्छौ

**८. रोपेको**
तिमीले मैले
हुर्के, बढे होलान
आशा अनि, सद्भावका बिरूवाहरू

**९. ननिभाऊ**
आशाको दियो
बल्न देऊ अझै
मधुरो प्रकाश भए तापनि

**१०. विशाल**
यस धरतीमा
हामी सुकुम्वासी मान्छेको
ठाउँसमेत छैन् टेक्ने

**११. मडारियो**
निराशका बादलहरू
चट्याङ्ग मेघ गर्जियो
मन झसङ्ग बर्षात्को मौसम

**१२. तिम्रो**
मायाको जालमा
परेँ म कसरी
झुक्याएर पारेको जालमा माछा

*– विराटनगर, मोरङ*

# बालअधिकार



• नारायण लामा 'अविरल यात्री'

आज ठीक यति बेला
अस्ताचलको आसनमा सूर्यको
अवशानसँगै
उसको निष्कलङ्क कोमल मुहारमा
मलिनताको तुवाँलो मडारिएको छ
भोक प्यासको आँचिलो राँकोले
आलसतालस भएको उसको आँत
सालका बुटामा लपेटिएको
भोर्लाका बोट झैं बटारिएको छ ।
उसको जिजीविषाका अङ्कुरहरू
विष्णुमतीका पुलमुनि
फोहरका रछाने डङ्गुरभित्र पुरिएका छन् ।
उसको असीम आकाङ्क्षाका लहरहरू
जुठ्यानमा मिल्काइएका कुहिएका
आलुझैं
जहरका ठहरहरूमा सडेका छन् ।
उसले मनको पानाभरि सँगालेर राखेको
सङ्कल्पका मल पिपिराहरू
उपेक्षाका विषाक्त भड्खालोभित्र
जरा काटिएका रूखझैं लडेका छन् ।
अनि यतिखेर
बालअधिकार महासन्धिका धाराहरू
भव्य इमारतका अट्टालिकाहरूमा
अनन्त अट्टाहासका खित्का छोड्दै
फलैंचामा न्यानो घाम तापिरहेका छन् ।
किन पुग्दैनन् बालअधिकार महासन्धिका
धाराहरू
विष्णुमतिका पुलमुनि
जहाँ
आइजक न्युटनका चिउलाहरू
क्रुरतापूर्वक ङ्याकिन्छन्
र सिस्नुका झाङ्हरूमा फ्याँकिन्छन्
किन पुग्दैनन् बालअधिकार महासन्धिका
धाराहरू
त्रिशुलीका बगरहरूमा
जहाँ
कोलम्बसका चिउलाहरू
गिट्टीका टुक्राहरूसँग
आफ्नो अस्तित्वका अनमोल अंशहरू
साटिरहेका छन्
किन पुग्दैनन्
बालअधिकार महासन्धिका धाराहरू
ती अँध्यारा दुर्गन्धित गल्लीहरूमा
जहाँ
देवकोटाका प्रतिविम्बहरू
अङ्कुरित भएर पनि
जमीन बाहिर निस्कन नसकेर
भित्रभित्रै गुँडुल्किनु परेका
सिमीका दानाझैं कुँजिएका छन् ?
शायद
तिनका आँखा अन्धा छन्
गोडा कुँजा छन्
त्यसैले त
ती अखबारका पानाहरूमा
फगत अक्षरको पङ्तिका रूपमा लेखिने
गर्छन्
र
हरेक वर्ष बालदिवसका दिन
मिठाइका चुसाइहरूमा देखिने गर्छन् ।

*– बिजयबस्ती, ठोरी पर्सा ।*

# ललसा



• सञ्जय सुदामा

हम सञ्जय छी कवि छी लइका
कविता रचना करलू तइका
न त नाम पिछे न त दाम पिछे
परली कहिओ गुमनाम पिछे ।

जखुनी हमरा कुछ भाव मिली
रङ जीवनके नु हजार मिली
जग खातिर एक सुसिर्जन ला
रस सुन्दरले खुब हाथ चली ।

लिखलू हर खेत सरेह सभे
पइनी न नदी स बचे समुचे
सब गाछ लिऊ अपना कदमे
चिरई शुभ गान जिऊ जदमे ।

बिच धार नदी बहके सउसे
पइती गति ऊ तिरथी जनके
चिरई लयमे बहजयम हे
अपने धुनमे रहजायम हे ।

हर साँझ नु गोधुल एक दिसे
रवि उज्ज्वल ऊ मधु पश्चिमके
हमरा कभु ढेर इआद करी
घर लोग फिरी पथले जखुनी ।

शुभ स्वेत भुवा खरके जइसे
गति वायु रूपे धरके कहुँसे
उरती गिरती उठती नभमे
अपने ढङसे छुअती सबके ।

सय साल न जीवन दा बसुधा
मन माधवके ह इहे बहुता
कवि छी रचके बहुता कविता
तर जायब हे जिनगी सरिता ।

रिन शेष रही अभिभावकके
रिन शेष रही अपना जनके
पथ छोरल छाँह इआद करी
करती कुछ ढेर मलाल रही ।

सरसङ्हत याद रही हमरा
सब भोगल बात चली चरखा
सुखसे छलकी नयनी कलसा
बसुधापर बास करू ललसा ।

*– बलरा नपा, सर्लाही*

# गजल

• भोला चौलागाई



उज्यालो भएपछि पनि फेरि रात हुन्छ
अँध्यारो धेरै टिक्दैन, चाँडै प्रभात हुन्छ
सारा चोट थाके भनी ढुक्क बस्नुहुँदैन
पक्कै कतै न कतैबाट फेरि घात हुन्छ
जाली जाल गरेरै माथि गएपछि यहाँ
सुधोको थाप्लोमा त सदा बज्रपात हुन्छ
हाँसो, सुख र हर्ष लुटेराले लुटेपछि
पीडितको मनमा फगत बिस्मात हुन्छ
बैगुनी खोज्दै गयो भने दुनियाँमा अब
सबैभन्दा बैगुनी त मान्छेकै जात हुन्छ ।

*– निजगढ, बारा*

# करमवीर



● जंगबहादुर यादव
सनफुलवा,
सुवर्ण गाउँपालिका, बारा

कर्मठ करमवीर के कहियो हार ना होला
वेगर बहादुरी के केकरो बखान ना होला

x x x

मुँह में दाना लेइके चढ़ली चोटी पर चिउँटिया
गिरेली सैकड़ो बेर, साथ ले के बेटा, बेटिया
मनमें विश्वास रग में साहस समिट लेला
हौसला वुलंद करके चढ़के गिरेला, गिरके चढ़ेला
आखिर में चिउंटीके मेहनत बेकार ना होला
कर्मठ करमवीर के कहियो हार ना होला

x x x

मोति के खातिर गोताखोर समुद्रमें डूवकी लगावेला
डूवकी के कुहुओ ना मिले, खाली हाथ उपर आवेला
सहज ना होखेला मोति ढूढ़ लेल गहिरा पानी में
बढेला साहस दुगुना गोताखोर के हरानी में
मुठी गोताखोरके खाली हर बार ना होला
कर्मठ करमवीर के कहियो हार ना होला

x x x

धिकारत रही मनमें आवे ना अभिमान
कवनो काम करके कहियो ना करी गुमान
कुछ बढ़िया कइलापर गर मिलता सम्मान
बोझ बढ़ गइल समझी, अउरो करेके राखी अरमान
खिसक जायला दोशाला जब ओढ़ेवाला जिम्मेवार ना होला
कर्मठ करमवीर के कहियो हार ना होला

x x x

असफलता एग्गो चुनौति हउवे स्वीकार करीँ
रह गइल वा का कमी निहारी आ सुधार करीँ
जब तक ना मिले सफलता निंद के हराम करीँ
संघर्ष ना छोडी मैदान से ना भागी ना अराम करीँ
विना कुछ कइले जय जय कार ना होला
कर्मठ करमवीर के कहियो हार ना होला
वेगर बहादुरी के केकरो बखान ना होला

# नेता लोग से



• माधवप्रसाद गौतम

ई देश चार वर्ण
छत्तीस जात के
सभिया फूलबारी ह
इहवा सैकडो फूल
एक साथ उग सकेला
हजारौं कोढी फूल वन
एक साथ मुस्का सकेला
अपन सुख सुविधा
सत्ता, सम्पत्ति के
लोभ लालच मे पड्के
जात पात
वाभन, क्षेत्री, नेवार
वाजी, थारू
हिन्दु, मुसलमान
पहाडिया, मधेशिया के
भेदभाव मत फैलाई
आव न जाने
वाव नजाने
हाव भाव कुछ भी नजाने
वाप मतारी के
नाम भी नजाने
अपन बैठल
गाव के नाम भी नजाने
लडकाइ से लेके
जवानी और बुढापा तक
विना भेदभाव
छलकपट रहित
एक दोसरा के सुख दुःख मैं
ढेला पत्ता वन
गुजर वसर
करत आइल लोग के उपर
एकेवेर आन्ही - पानी
मत चलवाई
हमार विन्ति वा
एकरा उजाड
मरूभूमी भी
मत वनवाई
ई देश चार वर्ण छत्तिस जात के ...

निरंकुश तानाशाही के बोझ से मवाइल
धर्म जातीय विद्रोह से पगलाइल
ई देश भी ना ह
एकरा एगो साधारण
फूलवारी भी मत समझी
चाहे ई उ आशोक बाटिका भी ना ह
जहँवा बन्दिनी बना के
सीता के रखल गेल होखे
सीता के पता लगावे के
बहाना बनाके आवे वाला
छद्‌म भेषधारी हनुमान के
इहँवा प्रवेश निषेध वा
सीता के मुक्त करे के
बहाना बना के आवेला
नकली नेता राम से भी
अनुरोध वा कि कौनो विभिषण
के मत जन्माई
लंका दहन भी मत करवाई
ई देश रावण के लंका भी ना ह
श्राप ग्रस्त अहिल्या समझ के
कौनो पत्थर भी लात मत ठेकाई
इहवा प्रत्येक पत्थर के
शालीग्राम भगवान मान के
पूजा कैल जाला
इहवा हरेक पर्वतिया जनकीया
सुन्नर पतिया के
पार्वती- जानकी
और सावित्री समझ के
सबकर इज्जत कैल जाला
सबकर सम्मान कैल जाला
ई देश .......................।

*– पिप्रा बसतपुर बारा*

# गीत



**● अर्जुनप्रसाद गुप्ता "दर्दिला"**

अहाँ विनु कोना रहब हे सजनी जीवन लगैय पहाड ऐ,
रैन वितल विनु निन्दे नयना चकुवाइय अन्हारमे
याद अबैय मुश्कल मुखरा निरासल मन जुराबैत छल,
फूलसन कोमल अंग सजैत छल मनमे तरंग उठाबैत छल,
छोडि याद काँट दऽ गेली जीवन भेल अभिशाप ऐ
भुल कि भेल हमरासँ सजनी विनु बतौले चलिगेली,
जेबाके छल संग छोडिकऽ जीवनमे किया अइली,
बीच भँवरमे नइया फसिगेल हरागेल पतवार ऐ
अहाँ विनु कोना रहब हे सजनी जीवन लगैय पहाड ऐ,
रैन वितल विनु निन्दे नयना चकुवाइय अन्हारमे

*– लहान १०, सिरहा*

# गीत



**● सगर वीर कडारी**

जनकजानकी वुद्धक गाथा, जननायक सलहेश
स्वर्ग सँ सुन्दर प्राण सँ प्यारा, अप्पनमिथिला देश ।
कोशीकमला सोनितबनिक, बहैय नशनश में
कर्मवीर अछि किसानजवान, कर्म करे पगपग में
उर्वर भूमिजल सागर अछि, नै य' कोनो कलेश
स्वर्ग सँ सुन्दर प्राण सँ प्यारा, अप्पनमिथिला देश ।
समृद्ध संस्कृति हरित प्रकृति, पुजैय जग सारा
सिर्जनशील छथि मैथिलनारी, वर्षे अमृत धारा
नमन करू सबमिथिला रत्नक, बाँटु नीक सनेश
स्वर्ग सँ सुन्दर प्राण सँ प्यारा, अप्पनमिथिला देश ।
जनकजानकी वुद्धक गाथा, जननायक सलहेश
स्वर्ग सँ सुन्दर प्राण सँ प्यारा, अप्पनमिथिला देश ।

*मिथिला न.पा.-६, धनुषा*
*हाल: राजविराज, सप्तरी*

# गीत



• रबेन्द्र 'रवि'

हेयै चानहमर, कत' हेरा गेलौं
कि रवि के देखअहाँ, डेरा गेलौं ।
काँट भरल बाट अछि, गुजगुजअन्हरिया
बुनीबुनीपानि परे, मौसमबदरिया ।
किपानिक संग पाबि, सेरा गेलौं
हेयै चानहमर, कत' हेरा गेलौं ।
उगै छी अहाँजखन, तारा सरमाइय'
देखिअहाँ के रूप, मोन हरियाइय' ।
किमोनकमन्दिर में, बसेरा केलौं
हेयै चानहमर, कत' हेरा गेलौं ।
बादल संग नुकाचोरी, आब नै खेलु
गगन सँ उतरि आबि, हमरा सँ बोलु ।
कि धरती सँ दूर अहाँ, हमेसा गेलौं
हेयै चानहमर, कत' हेरा गेलौं ।
हेयै चानहमर, कत' हेरा गेलौं
कि रवि के देखअहाँ, डेरा गेलौं ।

*– कविलासा, डाक्नेश्वरी न.पा. -१, सप्तरी*

# गजल



• शम्भू 'श्री'

नयनसँनयनमिललजखनओ छल खास पल
शरमसँओ भिजलजखनओ छल खास पल
किकहू मिताओकर मुस्कीकहलके प्रहारसँ,
अस्थिर करेजाहिललजखनओ छल खास पल
एकटा सुन्नर कोमलफूलके आगू पाछू ई मोन,
भमरा बनिफिरल जखनओ छल खास पल
अनजानेमे सहीओकर उड़ैत बादल सन केश,
हमर देहमे भिरल जखनओ छल खास पल
माधूरीके उमड़ैतविशालसिनेहकधारमे,
शम्भू अनचोकेमे गिरल जखनओ छल खास पल

*– विरपुर, छिन्नमस्ता गा.पा.-१ ,सप्तरी*

# दश दोहा



• दिनेश गुप्ता

दिनेश एह संसार में, केकरो नइखे जोर ।
समय आवेला अइसन, राजा के चुए लोर ॥१॥

दिनेश हमरा लास के, उहँवे दिह तू फेक ।
जहाँ जानवर आई के, भरिहें आपन पेट ॥२॥

रतिया दिनवा एक कके, करेला लोग काम ।
मरे के समय हाथ में, कहाँ आवे दाम ॥३॥

दुख लागेला केतना, जब होला अपमान ।
धरती पर ना गोड़ रहे, जब होला सम्मान ॥५॥

दिन - रात मंदिर गइनी, कइनी पूजा-पाठ ।
मनवा हमर ना बदलल, हो गइनी हम काठ ॥६॥

इंसाने इंसान के, लेहत बाटे जान ।
का साँपन के बीच में, जिअत हो इंसान ॥७॥

कवनो मरे भूख से, कवनो मरे अघाए ।
कवनो मरे रात दिन, कवनो बैठक हवाए ॥८॥

केकरो भरल गोदाम ह, केहू करेला हाय ।
कुम्भकरन बनल कवनो, केकरो निमन आय ॥९॥

लागल चश्मा आँख पर, भइल मोतियाबीन ।
दोसर लउके आपने, आपन भइलस हीन ॥१०॥

*– वीरगञ्ज, हाल- काठमाण्डौ*

# गीत



• दीपेन्द्रसिंह थापा

आफ्नै भस्मे खोरियामा खोज्छु भविष्य
बिलाउनु छ यही माटोमा एकदिन अवश्य ।
खन्ने जोत्ने रमाउने उत्सव मेलापात
पसिना र पौरखको लय साथसाथ
बाउबाजेका सपना भुली हुन्न अदृश्य
बिलाउनु छ यही माटोमा एकदिन अवश्य ।
छैनन् ठूला महल र सम्पत्तिका खात
बाँच्ने हाँस्ने आधार छन् आफ्नै खुट्टा हात
सिधा बाटो जिन्दगीको एउटै रहस्य
बिलाउनु छ यही माटोमा एकदिन अवश्य ।

*– धादिङ*

# लघुकथा र नेपालीय भोजपुरी लघुकथा



● गोपाल अश्क

१. **विषय प्रवेश :**

लघुकथा एउटा कथाविधा हो, जसको नाउँमा टाँसिएको 'लघु' शब्दले कथाको आकारको लघुताको मात्र बोध गराउँदैन, बल्कि कथाका विभिन्न तत्त्वहरू- कथ्य, घटनाक्रम, परिस्थिति, परिवेश, चरित्र, कथाशिल्प, संवाद-योजना, कथा-रस-निष्पत्ति, भाषा, काल-स्थान-आयाम र कथा-उद्देश्यको पनि लघुताको पनि बोध गराउँछ । तर लघुकथाको सबैभन्दा ठुलो विशेषता भनेको त्यसको लघुतामा पनि कथा भइरहनु हो । यी सबै तत्त्वहरूलाई सन्तुलित र सम्यक् रूपले समेटेर पाठक र स्रोतासामु प्रस्तुत गर्नु नै लघुकथाको वास्तविक सफलता हो ।

'लघुकथामा कथानक एकहोरो (mono-type) हुन्छ । यसमा मुख्य कथा हुनु नै लघुकथाको सामान्य सर्त हो, तर अति सङ्क्षिप्तता, साङ्केतिकता र प्रासङ्गिकता पनि लघुकथाका आवश्यक तत्त्वहरू हुन् । प्रत्येक अवस्थामा कथाविकास नै लघुकथाको मुख्य कथा हुने गर्छ, अवान्तर, प्रासङ्गिक र सान्दर्भित कथा मुख्य कथा-अभिमुख हुने गर्छ । लघुकथाको घटनाक्रम अतिशय सीमित रहन्छ । यसमा कुनै पूर्वापर सम्बन्ध वा क्रमिक विकास होस्, यो कुनै जरूरी छैन । कहिलेकाहीँ लघुकथामा घटनाक्रमको क्रमिक विकास यति सङ्क्षिप्त (of brief), सङ्कीर्ण (narrow) तथा सुगठित ( compact) हुन्छ कि कथा लघुकथा एउटा सतहमा उभिएको भ्रम हुन जान्छ (सिंह : इ. १९९७: २०-२१) तर माजिएका लघुकथाकारले घटनाक्रमलाई सप्रयास छाँटिहाल्छन् । कहिलेकाहीँ त लघुकथाले कुनै एउटै मर्मस्पर्शी घटनामा सवार भएर पूरा कथाको सिंहावलोकन गर्दछ, तर यसबाट कथासम्प्रेषण र कथाविकासमा कुनै बाधा आउँदैन ।

लघुकथाले प्रायः भावनाको सर्वाधिक मर्मस्पर्शी परिस्थितिलाई ग्रहण गर्दछ र त्यसैलाई रूपायित, संबलित गरेर पाठक वा स्रोताहरूबाट त्यसको रसास्वादन गराउनका लागि तानाबाना बुन्छ । लघुकथाको सबैभन्दा ठुलो सफलता ग्रहण गरेको परिस्थितिको

सम्पूर्णता (totality), विशदता (extensiveness) र प्रभविष्णुता ( impactfulness) मा प्रस्तुति हो । लघुकथामा परिवेशको विवरण निकै सङ्क्षिप्त रूपमा रहन्छ । कहिलेकाहीँ साङ्केतिक रूपबाट पनि परिवेशको प्रस्ताव गर्ने गरिन्छ र त्यसको विवरण पनि साङ्केतिक नै राखिन्छ । लघुकथामा कम्तीमा एउटा नायक वा नायिका अथवा मुख्य पात्रको रूपमा रहनु आवश्यक हुन्छ, र त्यो देउता, पशुपक्षी, प्रकृतिको कुनै ठोस अपादान वा मानव-मनको कुनै भावविशेष पनि हुन सक्छ । लघुकथामा एकभन्दा बढी पात्र आवश्यकताअनुसार रहन सक्छन्, तर पात्रहरूको भीड जम्मा गर्न गुन्जाइस हुँदैन ।

लघुकथामा जीवनको चक्रविकास देखाउन सम्भव त हुन्छ तर त्यो निकै चुनौतीपूर्ण कार्यको रूपमा चित्राङ्कित भएको हुन्छ । त्यसको लागि पात्रको मुख्य विशेषता (special features) व्यक्तित्व प्रकार (personality cult) वा व्यक्तित्वको जाज्वल्यमान पक्ष (significance of life) लाई उजागर गर्न आवश्यक हुन्छ । लघुकथामा कथाशिल्पको निकै ठुलो महत्त्व रहेको हुन्छ । लघुकथाको सङ्क्षिप्त सीमामा लघुकथाकारले पुरै कथानक, कथ्य, कथाउद्देश्य र चरित्रविकासलाई न्यायोचित र कलात्मक रूपमा पस्कने गर्दछ, जुन त्यसको सफलताको कसी हुन्छ । आफ्नो शिल्पलाई निखारनका लागि उसले भाषिक साङ्केतिक-प्रतीक, बिम्ब, मिथक, उखानटुक्कालाई निकै कञ्जुसी र सचेष्टतापूर्वक प्रयोग गरेको हुन्छ ।

लघुकथाको संवाद-योजना निकै सङ्क्षिप्त हुन्छ । किनभने वस्तुप्रातिपादन र कार्याविस्तारको त्यसको आफ्नो सीमा रहन्छ । कुनैकुनै लघुकथाको पूरा काया नै संवाद प्रधान हुन जान्छ । लघुकथाको लघु कायामा कथा भाषाको आफ्नो ठुलो महत्त्व रहेको हुन्छ, किनभने गिनेका शब्द, अलिक वाक्य र ससाना अनुच्छेदहरूमा नै कथालाई यसरी पस्किएको हुन्छ कि त्यो रोचकता (desirebility), प्रभविष्णुता (effectivity) र उद्देश्यसाधना (receipt of objective) को कारक ( carrier) र विस्तारक (spreadious) बन्न सकेको हुन्छ । शब्दशक्तिको लाक्षणिकता र अभिव्यञ्जकताको प्रयोग, मिथक, उखानटुक्का र लोकोक्तिहरूको उपयोग, प्रसङ्गानुकूल शब्दावली, सङ्केतार्थ, बिम्बात्मक वा ध्वन्यात्मक भावलाई लघुकथाकारले आफ्नो योग्यता तथा क्षमताअनुसार गरेको हुन्छ । लघुकथामा विवरणात्मक ( descriptive) र आलङ्कारिक ( ornamental) भाषाको प्रयोगबाट सामान्यतः परहेज गर्नुपर्छ । कुनै एउटा लघुकथामा लघुकथाका विन्दुहरूको सन्तुलित निर्वाह खोज्नु एउटा आदर्श (ideal) कल्पना हुन सक्छ, तर जुन लघुकथामा यीमध्ये अधिसङ्ख्य विन्दुहरूको सन्तुलित उपस्थिति रहन्छ, त्यसलाई उत्तम लघुकथा मान्न सकिन्छ ।

## २. लघुकथाको परिभाषा

**लघुकथा** शब्दमा दुईवटा शब्द **लघु** र **कथा** एकआपसमा जोडिएर बसेका छन् जसको सन्धि विच्छेद गर्दा लघु कथा हुन जान्छ । लघु अर्थात् छोटो

र कथा अर्थात् त्यो गद्य रचना जसमा कुनै घटना वा कुनै पात्रको माध्यमबाट आवश्यक र सुहाउँदो परिवेश, संवाद, चरित्र, द्वन्द्वका माध्यमबाट विचार व्यक्त गरिएको होस् । चलनचल्तीको भाषामा भन्ने हो भने कथा नै । यसरी लघुकथा भनेको छोटो कथा भन्ने तथ्य स्पष्ट हुन जान्छ । कथा शब्दको उत्पत्ति संस्कृतको 'कथ्' धातुमा 'टाप्' (आ) प्रत्ययको योगबाट भएको हो । **लघु** विशेषणवाचक शब्द हो । यसरी के भन्न सकिन्छ भने **लघुकथा** शब्दले छोटो कथा भन्ने अर्थबोध प्रकट गर्दछ (अश्कः २०६५ः ३)

लघुकथाका लागि अङ्ग्रेजीमा केही शब्दहरू प्रचलित रहेका छन् जसमध्ये Short –Short Story/ Mini Story, Sudden Fiction, Micro Fiction, Little Short Story, Mini Mini Story, Micro Story रहेका छन् । तर नेपाली र हिन्दीमा यसलाई Short Story नै भन्ने गरिन्छ । विज्ञदेखि सामान्य पाठकसमेतले लघुकथा भनेको छोटो कथा बुझेको अवस्थामा यसको विधातात्विक विश्लेषणको आवश्यकता किन परेको हो भने लघुकथाकारहरू अझै अन्यौलको स्थितिमा रहेका छन् । भन्नुपर्दा जेलिएका छन् । प्रायः लघुकथालाई आकारको आधारमा नै परिभाषित गरिराखेका हुन्छन् । अर्थात् लघुकथा एक बसाइमा पढिसक्नु पर्ने हुनुपर्दछ, आधी पृष्ठको हुनुपर्छ अथवा एक सय पच्चासदेखि दुई सयसम्मको शब्द सीमामा बाँधिएको हुनुपर्छ, आदि आदि । तर मलाई के लाग्छ भने लघुकथाको आकार एउटा महत्त्वपूर्ण कुरो त हो, तर यसले मात्र लघुकथाको मौलिक पहिचान स्थापित गर्न सक्दैंन । त्यसको लागि अन्य तत्त्वहरू पनि रहेका छन् जसप्रति ध्यान पुऱ्याउन आवश्यक छ ।

वास्तवमा भन्ने हो भने 'लघुकथा लघुतम् गद्य रचना हो जसको आकार छोटो, एक वा अधिकतम् दुई घटनाको प्रकटीकरण, प्रतीकात्मक चित्रण, दुरूस्त संवाद, द्वन्द्व तथा चोटिलो अन्त्य हुन्छ ।' यसो त कुनै पनि विधाको सर्वमान्य परिभाषा बन्न सक्दैन र यो सर्वमान्य परिभाषा बन्न नसक्नु नै त्यस विधाको जीवन्तताको प्रमाण पनि हो । भनाइको अर्थ के हो भने आजसम्म लघुकथाको पनि कुनै सर्वमान्य परिभाषा बन्न सकेको छैन । विद्वान्हरूबिच बहस चाहिँ अवश्य चलिरहेको छ । विद्वान्हरूले आ–आफ्ना विचार प्रकट गरेका छन् । लघुकथाको परिभाषाबारे आ–आफ्ना विचार प्रकट गर्ने विद्वान्हरूमा केही पाश्चात्य तथा केही पुर्वेली विद्वान् रहेका छन् । तीमध्ये केही प्रमुख विद्वान् हरूको भनाइको आधारमा लघुकथाबारे जान्ने प्रयास गरिएको छ । पहिला पाश्चात्य विद्वान्हरूको लघुकथाबारे भनाइ प्रस्तुत गरिँदैछ (गौतम, २०७२ः २२-२३) ।

**यथा–**

- A Short Story is a prose narrative requiring from half an hour to one or two hours in its perusal. अर्थात् लघुकथा एउटा गद्याख्यान हो जसको परायनमा आधा घन्टादेखि एक घन्टा या दुई घन्टाको आवश्यकता हुन्छ । -नैथेनल हर्थन : द वर्क्स

अफ एडगर एलन पो, भाग-४ ।

- A story should be of no greater length than enables it to be read in some twenty minutes. अर्थात् एउटा कथा बीस मिनेटको समयावधिभन्दा बढीको हुनुहुँदैन । एच्.जी.वेल्स । ए.सी. वार्डः फाउन्डेशन अफ इङ्गलिश प्रोग, पृ.१२२
- A short Story deals with a single character or series of emotions called forth by a single situation. The short story must be an organic whole. अर्थात् लघुकथा एक्लै चरित्रसँग सम्बन्धित हुनुपर्दछ अथवा संवेगहरूको क्रम जुन एउटै परिस्थितिलाई सम्बोधित गरेको होस् । लघुकथा आफूमा एउटा सम्पूर्ण हो ।
- A Short story must contain one and only one informative idea and that the idea must be worked out to its logical connections with absolute singleness of aim and directness of method. अर्थात् लघुकथामा केवल एउटा सूचनाप्रद विचार हुनुपर्दछ र त्यो विचार तार्किक तारतम्यका साथसाथै पद्धतिको प्रत्यक्षता र उद्देश्यको एकाङ्गिता लिएको हुनुपर्दछ । -विलियम हेनरी हडसन : एन इन्ट्रोडक्शन दु द स्टडी अफ लिटरेचर पृ.३६०
- A Short story should be story, a record of things happening full of incidents and accidents swift movement unexpected development leading through suspense to a climax and satisfying denowment. अर्थात् लघुकथामा एउटा कथा हुनुपर्दछ । त्यसमा घटना एवम् स्थितिहरूको पूर्ण विवरण हुनुपर्दछ र सबैभन्दा महत्त्वपूर्ण कुरो त्यसको समाप्तिपछि सन्तोषको अभिव्यक्ति हुनुपर्दछ । -सर टयूपोल
- A Short story is just like a horse race. It is the start and finish which count must. अर्थात् लघुकथा बिलकुल एउटा घोडाको दौडजस्तो हुनुपर्दछ जसमा प्रारम्भ तथा अन्त्य अत्याधिक महत्त्वपूर्ण हुन्छ ।-एलरी

पाश्चात्य विद्वान्हरूका लघुकथाबारे दिइएका उपर्युक्त भनाइको अध्ययनोपरान्त के भन्न सकिन्छ भने पाश्चात्य विद्वान्हरूले लघुकथालाई एउटा यस्तो गद्यरचनाको स्वरूपमा स्वीकार गरेका छन् जसमा एउटा कथानक होस् र जसको अध्ययनमा बढीमा दुई घन्टासम्मको समय व्यतीत होस् । यसका साथसाथै त्यस गद्यरचनाको अन्त्य सन्तोषप्रद र चमात्कारपूर्ण होस् । उपर्युक्त परिभाषाहरूलाई त्यत्तिको समीचीन र दोषरहित मान्न सकिने ठाउँ देखिँदैन । किनभने लघुकथामा घटना वा चरित्रको विकास अथवा विवरणको गुन्जाइस हुँदैन र दुई घन्टामा त एउटा सिङ्गै उपन्यासको अध्ययन गर्न सकिन्छ । तर प्रारम्भिक समयमा पाश्चात्य विद्वान्

हरूद्वारा लघुकथाबारे गरिएको यस चिन्तन-मननलाई सिधै नकार्न पनि सकिँदैन । किनभने यी परिभाषाहरूको आफ्नो छुट्टै महत्त्व रहेको छ । कम्तीमा यसलाई आधारको रूपमा त मान्न सकिन्छ नै । पूर्वेली विद्वान्हरूले पनि लघुकथालाई परिभाषित गर्ने प्रयत्न गरेका छन् । पूर्वेली विद्वान्हरूद्वारा लघुकथाबारे व्यक्त गरिएका केही परिभाषाहरू निम्नानुसार रहेका छन्

- 'लघुकथा सामाजिक र मनोवैज्ञानिक विसङ्गतिहरूको कलात्मक भन्डाफोर शिल्प हो । यो अस्वाभाविकताको परिसरसँग संवद्ध हुन्छ र यसले व्यङ्ग्यबोध दिने विसङ्गतिहरूमाथि चोट गर्दछ ।' -डा निशान्त केतु
- 'लघुकथा सङ्क्षिप्त आकारको त्यो प्रभावपूर्ण कथात्मक गद्यविधान हो जसले मानवीय संवेदनाहरूको कुनै एक क्षणलाई आफ्नो प्रभावशाली एवं कलात्मक शिल्पद्वारा सघनताका साथ प्रकट गर्दछ ।'-डा. किशोर काबरा
- 'लघुकथा मानवमनको अभिव्यक्तिलाई केही शब्दहरूमा प्रभावशाली ढङ्गबाट भन्न सकिने सशक्त विधा हो । यसको आन्तरिक शक्ति अति तीव्र र संवेदनाका तन्तुहरूलाई प्रभावित गर्ने तत्त्व अतिशक्तिशाली हुन्छन् जसले गर्दा तिनको प्रयोग अभूतपूर्व हुन्छ ।' -डा. सतीश दुबे
- 'लघुकथा जीवनको कुनै अंश वा खण्डको पूर्ण अभिव्यक्ति हो ।' डा. रत्नलाल शर्मा
- 'आदर्श लघुकथा त्यही हो जो कथाको कथानक नबनोस् ।' - विष्णु प्रभाकर
- 'वास्तविक र सफल लघुकथा त्यही हो, जसलाई प्रयत्न गरेर पनि अरू विस्तार दिन नसकियोस् ।' नरेन्द्र कोहली
- 'कम्तीमा दुईवटा यथार्थ वा कल्पित स्वतन्त्र घटना अथवा स्थितिले कालक्रमिक प्रतिनिधित्व भएको लघुतम आख्यानलाई लघुकथा भनिन्छ ।' -मोहनराज शर्मा
- 'क्षणभरमै विचार वा भावको प्रभावकारी विस्फोटन हुनसक्ने भित्री अणु सामर्थ्य भएको छोटो कथा नै लघुकथा हो ।' -डा. दयाराम श्रेष्ठ
- 'आफैंमा स्वतन्त्र, निरपेक्ष पूर्ण अस्तित्वबोधक लघुकथा कथाको प्रविधा हो ।' - प्रा. राजेन्द्र सुवेदी

उपर्युक्त लघुकथाको परिभाषाबारे व्यक्त गरिएका भनाइहरूको आधारमा नै लघुकथालाई परिभाषित गर्दा समीचीन हुन्छ । किनभने यी परिभाषाहरूमा व्यक्त गरिएका भनाइहरूले लघुकथाको स्वरूप, संरचना, विषय, भाषाशैली, शिल्प र विशेषताबारे कमोबेस पनि सङ्केत गरेका छन् । यी परिभाषाहरूको आधारमा के भन्न सकिन्छ भने

- 'लघुकथाको आकार निश्चय नै छोटो हुनुपर्दछ तर के बुझ्न आवश्यक छ भने त्यो लामो कथाको सारांश भने पक्कै होइन । के ख्याल राख्न जरूरी छ भने आकारगत लघुता लघुकथाका अनिवार्य सर्तहरूमध्ये एक हो तर आकारले मात्र यस विधाको मौलिक स्वरूप निर्धारण हुन

सक्दैन । लघुकथमा कम्तीमा दुईवटा घटनाको संयोजन हुनुपर्दछ जो दुई वाक्यमा पनि हुन सक्छ । यसका साथसाथै लघुकथालाई चुट्किला, प्रहसन वा बात मार्ने विधा हुनबाट जोगाउनुपर्दछ । किनभने लघुकथालाई यथार्थ बयानको एउटा सर्वाधिक सशक्त विधा मान्न थालिएको छ । यसमा यथार्थलाई आफूभित्र समाहित गरी समाजसामु प्रभावशाली ढङ्गले प्रस्तुत हुन सक्ने पर्याप्त सम्भावना रहेको छ । लघुकथा छोटो भएकोले व्यस्तभन्दा व्यस्त रहने मानवमस्तिष्कले पनि पढ्न रूचाउँछ ।

### ३. नेपालीय भोजपुरी लघुकथा

भोजपुरी लघुकथाको लेखन परम्परा सन् १९६४ बाट प्रारम्भ भएको देखिन्छ । सन् १९६४ मा डा. चन्द्रभूषण सिन्हाको सम्पादकत्व र जमशेदपुर भोजपुरी साहित्य परिषद्को प्रकाशकत्वमा प्रकाशित 'छोटी-मुकी गाजी मियाँ' बाट भोजपुरी लघुकथा प्रकाशनको परम्परा प्रारम्भ भएको देखिन्छ । त्यसपछि 'जमीन जोहत गोड़' (श्रीराम नारायण उपाध्याय) 'टुकी-टुकी जिनगी' (सम्पादक- प्रो. ब्रजकिशोर र भगवतीप्रसाद द्विवेदी, सन् १९९०) ' थाती' (भगवतीप्रसाद द्विवेदी) प्रकाशित देखिन्छन् । यसपछि भोजपुरीका पत्रपत्रिकाहरूमा लघुकथाको नियमित प्रकाशित भइरहेको अवस्था देखिन्छ, जसमा 'बिगुल'(सम्पा-सूर्यदेव पाठक 'पराग'), 'भोजपुरी सम्मेलन पत्रिका' (सम्पादक- पाण्डेय कपिल) को लघुकथा विशेषाङ्क, १९९६) लाई प्रमुख उपलब्धि मान्न सकिन्छ ।

नेपालीय भोजपुरी साहित्यमा लघुकथा लेखनको प्रारम्भ सन् १९९६ मा पटना भारतबाट प्रकाशित 'भोजपुरी सम्मेलन पत्रिका' (सं. पाण्डेय कपिल) को लघुकथा विशेषाङ्मा गोपाल अश्कको 'का जाने काहे' शीर्षक लघुकथाबाट भएको देखिन्छ । त्यसपछि सन् १९९९ मा अश्कको एक अर्को लघुकथा 'खेलौना' भारतको बिहारको सीवानबाट भगवान् सिंह भाष्करको सम्पादनमा प्रकाशित ' बयार' मा प्रकाशित भएको देखिन्छ । यसरी के भन्न सकिन्छ भने नेपालीय भोजपुरी साहित्यजगत्मा लघुकथा लेखनको सुरूआत गर्ने साहित्यकार अश्क हुन् । वर्तमान समयमा नेपालमा भोजपुरी भाषामा लघुकथा लेखिँदै गरेको भए तापनि कृतिको रूपमा एउटा कृति मात्र प्रकाशित रहेको छ, त्यो कृतिको नाउँ हो 'भोर कब होई' । यस कृतिका रचयिता हुन् - दिनेश गुप्ता । यस सङ्ग्रहमा ५५ वटा लघुकथाहरू सङ्गृहीत छन् । वर्तमान समयमा नेपालीय भोजपुरी साहित्यजगत्मा लघुकथा लेख्ने कथाकारहरू हुन्- दिनेश गुप्ता, गोपाल अश्क, रामप्रसाद साह, सुरेन्द्र गिरी, डा. श्वेता दीप्ति र आनन्द अस्तित्व आदि ।

### सन्दर्भग्रन्थ सूची


१. अश्क, गोपाल (२०६५) लघुकथा : प्रक्रिया र पाठ, साझा प्रकाशन, काठमाडौँ, नेपाल ।

२. गौतम, लक्ष्मणप्रसाद (२०७२) लघुकथाको रचनाविधान, लघुकथा समाज, काठमाडौँ, नेपाल ।

२. सिंह, नागेन्द्रप्रसाद (इ. १९९७) सोच विचार, लोग प्रकाशन, नयाँटोला, पटना, भारत ।


*– वीरगञ्ज, पर्सा*

# राजेशले ल्याए कोभिड– १९



● बाबुराम लम्साल

राजेश मानन्धर (२०२३) चित्रकारिता क्षेत्रका सिद्धहस्त व्यक्ति हुन् । कला शिक्षकका रूपमा चिनिएका मानन्धरले ललितकलाअर्न्तगत पानी रङमा खेल्न र रम्न चाहन्छन् । उनले विश्वभर आतङ्क अनि महामारीको रूप लिएको कोभिड १९, कोरोनालाई आधार मानी कार्टुनहरू कोर्ने गरेका छन् । बन्दाबन्दी (लकडाउन) को बेला घरभित्र ठिङ्गुरिएर बस्नु पर्दाको अवस्थालाई कलाकारिताका माध्यमबाट व्यक्तिन सक्नु उनको लगाव र कलाकौशल नै हो । तनावको अवस्थालाई सिर्जनामा परिणत गरी सिर्जनाको आभा छर्ने काममा लागेका उनले आफ्नो एकाग्र मनलाई कार्टुन कोर्नमा नै व्यस्त बनाएका छन् । उनले शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, प्रशासनिकलगायतका क्षेत्रमा भए गरेका विकृति विसङ्गतिहरूलाई कार्टुन कलाका माध्यमबाट खबरदारी गर्ने काम गरेका छन् । सय घन्टे कला प्रदर्शनीमा गहिरो उपस्थित जनाएका उनी यतिखेर कोभिड - १९ नामक पुस्तकका साथ कला पारखीका सामु उपस्थित भएका छन् ।

साहित्यिक पत्रिका नवप्रज्ञापनका कार्टुन स्तम्भकार समेत रहेका उनले राष्ट्रियस्तरका कान्तिपुर, अन्नपूर्ण पोस्टलगायत दैनिक प्रकाशन हुने अखबार हरूमा कार्टुन बनाई प्रकाशित गरिरहेका छन् । मानन्धरले नेपाल नाफा आर्ट ग्यालरीमा एकल र सामूहिक चित्रकला प्रर्दशनी पनि गरिसकेका छन् । यसका अलावा उनी देशीय वा अर्न्तदेशीय क्षेत्रमा विभिन्न योजना बनाई चित्रकलाको विकासमा अनवरत लागिरहेका छन् । उनी आफ्नो व्यावसायिक कार्यमा कहिल्यै पछि हट्दैनन् । निरन्तर कार्ययोजना बनाई विविध स्थानमा कला पारखीहरूलाई चित्रकला देखाउन र सिकाउन पनि पुग्ने गर्छन् । विद्यार्थीका माझमा समेत लोकप्रियता अनि प्रसिद्धि कमाएका उनले विभिन्न देशमा विद्यार्थीहरूसहित कला प्रर्दशन गर्न पनि भ्याएका हुन्छन् । विभिन्न सङ्घ संस्थाहरूमा आवद्ध मानन्धरले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पुरस्कार हरूसमेत प्राप्त गरेका छन् ।

नेपालमा २०७६ चैत ११ गतेदेखि



बन्दाबन्दी सुरू भएदेखि नै सामाजिक सञ्जाल, अखबार अनि साहित्यिक पत्रिकाहरूका भित्ताहरूमा मानन्धरका कार्टुनहरूले यथेष्ट स्थान पाइनै रहे । तिनबाट छानिएर पुस्तकाकारको स्वरूप पाएको कोभिड १९ ले कोरोना कालमा देखिएका विकृति, विसङ्गति, व्यभिचार, दुराचार आदिका विरूद्ध रामवाण बनेर व्यङ्ग्य गर्न उनका कार्टुनहरू चुकेका छैन । शैक्षिक र आर्थिक क्षेत्रलाई कोरोनाले उठ्न नसक्ने गरी थङथिलो बनाएको प्रसङ्गलाई निकै मार्मिक र सटिक तरिकाले उठाएका छन् । उनका कार्टुनले रोजगारी गुमाएका तमाम जनमानको पीडालाई जीवन्त तरिकाले प्रस्तुत गरेको छ । मानुषको जीवन बैकको किस्ता र ब्याजले थिचिई उठिबास नै भएको छ । रोग मरी भन्दा पनि भोक मरीबाट मानिसहरू अत्तालिएका छन् । जीवननिर्वाह गर्न कठिन अवस्थामा पुगेका श्रमिक वर्गको कन्त बिजोग भएको छैन । यी तमाम पाटाहरूलाई पनि कार्टुनले दृष्टिकोचर दिँदै मानवीय जीवन रक्षा र अस्तित्वका लागि उठ्न अनुरोध गरेको देखिन्छ ।

चीनको हुवान प्रान्तबाट फैलिएको कोभिड १९, कोरोनाले सारा विश्वलाई नै त्रसित बनायो । लाखौँ मानिसहरूले अकालमा मृन्युवरण गर्न पुगे भने करोडौँ मानिसहरू कोभिडको सिकारमा परिरहेका छन् । विज्ञान र प्रविधिको यो युगमा मानिसहरूले प्रकृतिलाई भने नियन्त्रण गर्न सकेको छैन । यसबाट मानिस त्राहिमाम बनेको छ । वैज्ञानिकहरूले उपलब्धि हासिल गर्न सकिरहेको अवस्था छैनन् । यही कोरोना काललाई आधार बनाएर मानन्धरले कार्टुन कोरी नै रहे, रेखाचित्र खिची नै रहे । उनका प्रायः कार्टुनहरू सामाजिक सञ्जालमा लिनहुँ जसो पोस्ट भई नै रहेका छन् । तिनै मुहार पुस्तिकामा प्रेसित कार्टुनहरू सङ्कलन गरी पुस्तकाकारको रूप दिएका मानन्धरले पुस्तकको नामकरण पनि कोभिड - १९ नै राखेका छन् ।

कोरोनाकालको परिवेशले धमिलो पानीमा माछा मार्न पल्केकाहरूका लागि त भ्रष्टाचार गर्न निकै सजिलो बनाएको छ । स्वास्थ्य सामग्री खरिददेखि स्वास्थ्योपचारसम्म देखिएको व्यवहारले सामान्य मानिसले समेत चाल पाइसकेका छन् भने बजारीकरणमा वस्तु र मूल्यमा कल्पना नै गर्न नसककिने गरी अन्तर देखिएको छ । बिचौलियाहरू सजह जसरी जुरमुराएका छन् । उनीहरूकै हातमा राज्यसत्ता गएको आभास हुन थालेको छ । कृषकहरू कृषि सामग्री नपाएर मारमा परेका छन् । कठिन परिस्थितिमा पनि उत्पादित बस्तुले उचित मूल्य पाउन सकिरहेको छैन भने बिचौलियाका कारणले उपभोक्ताले ठुलो रकम भ्वाम पार्नुपर्ने अवस्था निम्तिएको छ ।

राजेशका कार्टुनकारिताले कलाकारिताको बाटोमा लाग्नेहरूलाई फरक किसिमको धारमा लाग्ने बाटो देखाएको छ । न्याय दिएको छ, भने फरक किसिमको विशेषता कार्टुनकलामा देखिएको छ । कार्टुनमा कुकुर र कुखुरोलाई उनले कहीँकतै नछोडीकन साथै लिएर हिँडेका छन् । यो उनको कार्टुनकारिताको मौलिक पहिचान हो । अतः राजेश मानन्धरको कोभिड १९ कार्टुनसङ्ग्रह, भाग-१ पुस्तकमा जम्मा ९२ पृष्ठको फैलावट रहेको छ । काठमाडौँ महानगरपालिका वाड नं. ७, चाबहिलले प्रकाशन गरी बजारमा ल्याएको यस पुस्तकको दुईओटा मूल्य (व्यक्तिगत र कार्यालय गरी क्रमशः रू. २५० र रू. ५००) निर्धारण गरिएको छ । कार्टुनकलामा लाग्नेहरूका लागि सङ्ग्रहणीय पुस्तक हो भन्ने कुरामा दुई मत छैन । सामान्य व्यक्तिले पनि सजिल्यै बुझ्न सक्ने खालका कार्टुन बनाउन सक्नु मानन्धरको कलाकारिताको वैशिष्ट्य हो ।

■

# विस्थापन : वर्तमान समयको यथार्थ तस्बिर



● प्रदीप सापकोटा

लघुकथालाई आख्यानका विविध रूपमध्येको एक छोटो रूप मानिन्छ । संरचनात्मक हिसाबले हेर्दा पनि यसको आकार छोटो हुन्छ । लघुकथा छोटो भएर पनि सूत्रात्मक हुँदा राम्रो मानिन्छ । कथानक रोचक भए अझ राम्रो मानिन्छ । यसमा पात्र अत्यन्तै थोरै हुन्छन् । भन्न सकिन्छ आकार सानो भए पनि लघुकथा वर्तमान समयको व्यस्त मान्छे र समयको उपजको रूपमा आएको हो । त्यसैले महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेका होलान् कथा सानो आँखीझ्याल हो, जहाँबाट संसार चिहाइन्छ भनेर । गोपालसिंह नेपालीबाट सुरू भएको लघुकथा लेखनी आजको समयसम्म आइपुगेको छ ।

डा.कपिल लामिछाने नेपाली लघुकथाको आकाशमा चिनाइरहनुपर्ने तारा होइन । आफ्ना भोगाइ, वरपरका घटना र परिघटनाहरूको दृश्य र मनका अनुभूतिहरूलाई लघुकथाको माध्यमबाट लेपन गर्न सिपालु लघुकथाकार कतिपय कथाहरूमा समाजभित्र सुषुप्त बनेर लुकेका यथार्थहरूलाई आफ्ना लघुकथाका माध्यमबाट निकाल्न सिपालु छन् । डा.लामिछाने सादगी जीवनका उस्तै धनी पनि छन् भने आफ्ना कथाहरूमा सजग र सतर्क भएर कलम चलाउँछन् । अन्यथा (२०५४), जलमानव (२०६१), बोन्साई (२०६८) गरी तीनवटा लघुकथासङ्ग्रह यस अगाडि नै प्रकाशित गरिसकेका सर्जक डा. लामिछानेको विस्थापन (२०७५) चौथो लघुकथासङ्ग्रह हो । यस सङ्ग्रहमा लघुकथामा सिद्धहस्त डा.लामिछानेका 'अनुकरण' देखि 'आमा' सम्म विभिन्न ६१ बटा लघुकथाहरू सङ्गृहीत छन् । तीमध्ये सबैभन्दा छोटो 'जीवनजल'देखि लिएर तुलनात्मक रूपमा लामो 'शहीदकी आमा' शीर्षक लघुकथा यसमा अटाएका छन् ।




साहित्यको एक लोकप्रिय विधा लघुकथा मार्फत मानवीय कमजोरी र शैलीको चित्रण गर्न सफल लघुकथाकार लामिछानेले मान्छेका आफ्नै वरिपरिका परिवेश, मान्छेभित्रका खुल्दुली, स्वार्थ, सत्‌चरित्र, पीडा, छटपटी र वेदनाहरू, मान्छेले दैनन्दिन बेहोर्नुपरेका समस्याहरू, भोगाइहरूको कुशल चित्र उतारेका छन् । उनका लघुकथाका विषयवस्तु स्वार्थको पराकाष्ठामा पुगेको मान्छे र उसका वरिपरिका विकृति र विसङ्गति छन् । यसमा समाविष्ट लघुकथाहरूमा परिवेशअनुरूपको पात्र चयन, पात्रको चरित्र चित्रण र लघुकथाले दिन खोजेको

सन्देश स्पष्ट देखिन्छ ।

यसैगरी राजनीतिक विषयवस्तुमा पनि उनको कलम चलेको छ । साम्यवादी दर्शनअनुरूप समाजको परिवर्तनमा बन्दुक बोकाएर हिँडाउनेहरूको सत्तामा पुगेपछि वर्षेनी आएको विलासिता र वैभवको जीवनलाई उनले वर्तमान समयका त्यही दर्शनसँग सम्बन्धित नेताहरूको व्यक्तिगत जिन्दगीमा आधारित कथानक वरिपरि लघुकथालाई घुमाएका छन् । 'मनोकामना', 'लगानी', 'सर्वहाराको अधिनायकत्व' आदि लघुकथाहरू यसै वरिपरि प्रदक्षिणा गरिरहेका छन् । यो वर्तमान नेपाली समाजको यथार्थ नै हो ।

सरकारका विभिन्न निकायहरूमा हुने भ्रष्टाचार र घुसखोरीको यथार्थलाई ऐना जस्तो छर्लङ्ग पारेका छन् लघुकथाकारले 'भगवान् र प्रसाद', ' फाइलको अक्ष', 'बोहनी' आदि लघुकथाहरूमा । सोझालाई सुली र चोरलाई चौतारो चरितार्थ हुने समाजमा राम्रो काम गर्नेलाई दण्ड गर्ने परिपाटी छ । यसको राम्रो कथानक बुनेका छन् 'डाक्टरी' मा । वर्तमान सरकारी निकायमा हुने गरेका शास्वत घटनाहरूका साक्षी हुन् यी लघुकथाहरू ।

यस कृतिको शीर्षक-लघुकथा ' विस्थापन'मा समस्याको चेपमा विस्थापित हुन बाध्य मानिसहरूको कारण सबै रोजीरोटीको समस्या सृजित हुने र सोही समस्याले फेरि मान्छे विस्थापित हुने खतरालाई बडो सान्दर्भिक चित्रण गरेका छन् ।

लघुकथाकार विसङ्गत जीवनबाट थकितहरूको वेदनालाई लघुकथाकारिता मार्फत अभिव्यक्त गर्न पछि पर्दैनन् । उनका लघुकथाहरूले मानव जिन्दगीका अन्तरविरोधहरूलाई पनि केलाउने प्रयास गरेका छन् । कतै मान्छेको जीवन र सामाजिक अन्तरविरोधहरू त कतै जिन्दगीका अन्तरविरोधहरू केलाउन सफल छन् उनी । यसरी नै लामिछानेका लघुकथाहरूले वर्तमान परिवेश र युग छोएको छ । विचारको दृष्टिले अब्बल र भरिपूर्ण छन् उनका लघुकथाहरू । 'टाउको, ढाड र पैताला' जस्ता लघुकथाले त हामी सबैले एकअर्काको भातृत्व, बन्धुत्वमा जोड दिएको छ । सबैको अस्तित्व उत्तिकै महत्वपूर्ण हुनेमा उनी कन्भिन्स छन् । त्यसैले यस्ता कथाले एकले अर्काको अस्तित्वबोध गर्नुपर्ने, सबैले सबैको भूमिका र महत्वलाई सम्मान र समान अर्थमा ग्रहण गर्नुपर्ने नत्र दुःख पाइने कुरामा जोड दिएका छन् । यसरी उनका लघुकथा यथार्थवादी धारका नजिकबाट बगेको देख्न सकिन्छ ।

डा.कपिल लामिछाने आफ्ना लघुकथाहरूमा पात्रहरूको सटिक चयन, लम्बेतनबाट मुक्त, रोचक शैलीमा पस्कन सफल देखिन्छन् । सर्सर्ती हेर्दा वर्तमान समयको यथार्थवादी धारमा अडिएर यथार्थपरक घटनाका पलटहरूमा उनका लघुकथा कलकल बगेका छन् । विचारचेतले गहकिला लाग्ने लघुकथाहरूमा उनी कतै जीवनको सार्थकता दर्शाउने यत्न गर्छन् त कतै विचार शुद्धीकरणमा जोड दिन्छन् । समाजमा नकारात्मक कुराहरूको देखासिकी गर्ने कुराको विपक्षमा देखिन्छन् उनी । वर्तमान राजनीति र त्यसमा रहेको विकृत रूपप्रति कडा प्रहार गर्न पनि लघुकथाकारले भ्याएका छन् । मीठो कथात्मक बान्की, प्रस्तुतिमा विविधता, समसामयिकता, मान्छेका जीवनका भोगाइ, समाज र राजनीतिका विकृत र विसङ्गत पक्ष, विविध राजनीतिक र सामाजिक भेद, सामाजिक विकृत मनोदशा आदि उनका लघुकथाका विषय र विशेषता हुन् । लामिछनेका लघुकथामा नेपाली समाजको सकारात्मक परिवर्तनको पक्षधरता पाइन्छ ।

■



NBL वार्षिकोत्सव
व्यवसाय
कर्जा
सृजनशीलहरुमा उर्जा भर्दै
वार्षिक ब्याजदर
६.९९%*
विशेषताहरु:
• रु.१० करोड रकम सम्मको चालु तथा स्थिर पूँजी कर्जा ।
• शिघ्र निर्णय, सस्तो ब्याजदर।
• व्यवसाय विस्तार गर्न ।
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
फोन नं.: ०१-४२४७९९९, टोल फ्री नं. १६६००१३७३७३
नेपालको पहिलो बैंक
www.nepalbank.com.np

# नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९ प्रतिशत व्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट/घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढीमा रू. ४० लाखसम्म कर्जा दिन सकिने ।
- कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनावस मृत्यु भएमा १ लाखसम्मको दुर्घटना बीमाको व्यवस्था भएको ।
- कोषका सहभागीहरूलाई घरायसी, भैपरी आउने कामको लागि घर/जग्गा धितो राखेर सरल कर्जाको रूपमा सहभागीको आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रूपैयाँसम्म वार्षिक ९.५ प्रतिशत ब्याजमा लिन पाइने ।
- वचत गरेको २ आ.ब.पछि वचत रकमको ८० प्रतिशत सापटी लिँदा वार्षिक ८ प्रतिशत ब्याजदर लाग्ने ।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।

**नागरिक लगानी कोष**

नयाँबानेश्वर, काठमाडौँ

पोष्ट बक्स नं. ५८२३

फोनः ०१-४७८५३१९, ०१-४७८५३२५,

फ्याक्स : ०१-४७८४९४५

ई-मेल : info@nlk.org.np वेभसाइट : www.nlk.org.np

# सार्वजनिक सडक सम्बन्धी जानकारीमूलक सूचना

क. सार्वजनिक सडकहरू अतिक्रमण हुनबाट जोगाऔँ,

ख. सडक विस्तार क्षेत्रभित्रको स्थानमा पार्किङ नगर्न र अस्थायी रूपमा बनाइएका घर,टहरा तथा अन्य भौतिक संरचनाहरू आफैँले भत्काई सडक निर्माण कार्यलाई छिटोछरितो सम्पन्न गर्न सहयोग पुऱ्याऔँ

ग. सडकमा जथाभावी ढल, मानवमलमूत्र तथा पानी जानबाट रोकी सडकको संरक्षण गर्न सधैँ सजग बनौँ

घ. दिनप्रतिदिन बढ्दै गइरहेको सवारीचापले सडकमा आवतजावत गर्न सजिलो होस् भनि सडक निर्माण तथा विस्तार कार्य थालिएको हुँदा समयमै निर्माण कार्य सम्पन्न गर्न आवश्यक सहयोग पुऱ्याउन सबैमा हार्दिक अनुरोध गर्दछौँ ।

**थानकोट चित्लाङ सडक योजना**

गणेशमान सिंह मार्ग,कलङ्की काठमाडौँ ।



# सडक सम्बन्धी जानकारीमूलक सूचना

क. सार्वजनिक सडकहरू अतिक्रमण हुनबाट जोगाऔँ,

ख. सडक विस्तार क्षेत्रभित्रको स्थानमा पार्किङ नगर्न र अस्थायी रूपमा बनाइएका घर,टहरा तथा अन्य भौतिक संरचनाहरू आफैँले भत्काई सडक निर्माण कार्यलाई छिटोछरितो सम्पन्न गर्न सहयोग पुऱ्याऔँ

ग. सडकमा जथाभावी ढल, मानवमलमूत्र तथा पानी जानबाट रोकी सडकको संरक्षण गर्न सधैँ सजग बनौँ

घ. दिनप्रतिदिन बढ्दै गइरहेको सवारीचापले सडकमा आवतजावत गर्न सजिलो होस् भनि सडक निर्माण तथा विस्तार कार्य थालिएको हुँदा समयमै निर्माण कार्य सम्पन्न गर्न आवश्यक सहयोग पुऱ्याउन सबैमा हार्दिक अनुरोध गर्दछौँ ।

**डिभिजन सडक कार्यालय**

हरिहरभवन, ललितपुर

**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔँ,**
**जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा प्रोटोकलहरु अनिवार्य रुपमा पालना गरौँ ।**

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड-१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवात जावत नगरौँ ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔँ ।
- अनावश्यक भीडभाड नगरी, भौतिक दुरी कायम गरौँ ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानुन बमोजिम तत्काल कारबाही गर्न सक्ने भएकाले सबैले सरकारको अनुरोधको पालना गरौँ ।

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
सूचना तथा प्रसारण विभाग

# एऽ कुरा त्यस्तो ?

